CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णकृपाश्रीमूर्ति
श्री श्रीमद् ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपाद सित

अन्य लोकहरूको
सजिलो यात्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य लोकहरूको

सजिलो यात्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णकृपाश्रीमूर्ति श्री श्रीमद् ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपादद्वारा विरचित वैदिक ग्रन्थरत्न

श्रीमद्भगवद्गीता यथारूप
श्रीमद्भागवत, स्कन्ध १-१० (३० खण्ड)
श्रीचैतन्यचरितामृत (१७ खण्ड)
श्रीचैतन्य महाप्रभुको शिक्षामृत
भक्तिरसामृत सिन्धु
श्रीउपदेशामृत
श्रीईशोपनिषद्
अन्य लोकहरूको सुगम यात्रा
लीला पुरूषोत्तम भगवान् श्रीकृष्ण (३ खण्ड)
देवहुतिनन्दन कपिलदेवको शिक्षामृत
भक्तराज प्रहलादको भागवत-शिक्षा
रसराज श्रीकृष्ण
पारमार्थिक प्रश्नोत्तर
जीवनबाट जीवन आउँदछ
योगको पूर्णता
जन्म र मृत्युदेखि पर
राजविद्या
प्रेमावतार भगवान् श्रीचैतन्य महाप्रभु
श्रीकृष्णतिर
कृष्णभक्तिः सर्वोच्च योग
कृष्णभक्तिको अनुपम उपहार
कृष्णभावनाको आचरण
गीतार गान (बंगाली)
भगवत् दर्शन पत्रिका (संस्थापक)

विस्तृत जानकारीको लागि लेख्नुहोस् वा सम्पर्क राख्नु होस्:-
अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ
इस्कोन केन्द्र, विष्णु गा.पं., बुढानीलकण्ठ,काठमाडौं।

Classic

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य लोकहरूको

सजिलो यात्रा

★

अनुवादक

डा. दिनेशचन्द्र रेग्मी

पहला संस्करण जुलाई १९८९, १०,००० प्रतियाँ

कृष्णकृपाश्रीमूर्ति

श्रील ए. सी. भक्तिवेदान्त स्वामी प्रभुपाद

संस्थापकाचार्य

अन्तार्राष्ट्रिय कृष्णभावनामृत संघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

प्राणीहरूलाई अथवा विशेषतः सभ्य मानवहरूलाई सँधै सुखपूर्वक बाँचने इच्छा हुनु स्वाभाविक नै हो। किनभने आफ्नो मूल अवस्थामानै प्राणी शाश्वत र सुखी हुन्छ। तर वर्तमान जीवनको बद्ध अवस्थामा प्राणी बारम्बार हुने वाला जन्म र मृत्युको सङ्घर्षमा संलग्न छ। यसै कारण प्राणीले न त सुख प्राप्त गर्न सकेको छ न अमरता नै।

मानवको विकसित एवं अत्याधुनिक इच्छा अन्य ग्रहलोकमा यात्रा गर्ने भएकोले यो पनि सर्वथा स्वभाविक हो, किनभने जडात्मक आकाश वा आध्यात्मिक आकाश-हरूको जुनसुकै भागमा जाने सङ्कटनात्मक अधिकार हुन्छ। यस्तो यात्रा निकै आकर्षक र उत्तेजनात्मक हुन्छ किनभने भौतिक र भौतिकेतर (जडवादभिन्न) आकाशहरू अनेक प्रकारका गुणहरूले सम्पन्न हुन्छन् जहाँ अनेक किसिमका प्राणीहरू निवास गर्छन्। यी ग्रहहरूको यात्राको इच्छालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योग-प्रक्रियाद्वारा साकार गर्न सकिन्छ । अन्य ग्रहको यात्राको उपायको रूपमा सेवा प्रदान गर्ने यौगिक विधिले मानिस जतिसुकै वाञ्छित ग्रहलोकमा पुग्न सक्छ । यस विधिले यस्ता ग्रहलोकमा समेत जान सकिन्छ जहाँ जीवन शाश्वत र आनन्दमय मात्र हुने होइन अपितु विभिन्न किसिमका शक्तिहरूको सुखोपभोग पनि गर्न सकिन्छ । आध्यात्मिक ग्रहलोकहरूको स्वतन्त्रता प्राप्त गर्न सक्ने जुनसुकै व्यक्तिले जन्म, बूढौती (जरा) रोग र मृत्युको दुःखपूर्ण पृथ्वी लोकमा कहिल्यै फर्कनु पर्दैन ।

व्यक्तिगत प्रयासद्वारा जुनसुकै मानिसले पूर्णताको यस्तो अवस्थालाई सजिलैसँग प्राप्त गर्न सक्छ । उसले आफ्नै घरभित्र बसी भक्तियोगको निर्धारित विधिलाई अपनाउन सक्छ । उपयुक्त मार्ग निर्देशनमा यो विधि अति सरल र सुखद हुन्छ । यहाँ सामान्यतया सर्वसाधारणलाई र विशेषतः दार्शनिक धर्मशास्त्रीहरूलाई सम्पूर्ण योगविधिमा सर्वाधिक उन्नत रहेको 'भक्तियोग' विधिद्वारा कसरी मानिसले अन्य ग्रहलोकलाई प्राप्त गर्न सक्छ भन्नेबारे जानकारी दिने प्रयास गरिएकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक बारे

कृष्णकृपाश्रीमूर्ति श्री श्रीमद् अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपाद यस जगत्मा सन् १८९६मा भारतका कलकत्ता महानगरमा प्रकट हुनुभयो। उहाँले आफ्ना गुरुमहाराज श्रील भक्तिसिद्धान्त सरस्वती गोस्वामीलाई सन् १९२२मा कलकत्तामा पहिलो पटक भेट्नु भयो। तत्कालीन सुप्रसिद्ध विद्वान् एवं ६४-गौडीय मठका प्रतिष्ठाताचार्य भक्तिसिद्धान्त सरस्वती गोस्वामीले यी सुशिक्षित नवयुवकलाई अत्यन्त मन पराउनु भयो र यिनलाई वैदिक सन्देशको प्रचारार्थ आफ्नो जीवन समर्पण गर्ने प्रेरणा दिनुभयो। प्रथम भेटमा नै श्रील प्रभुपाद भक्तिसिद्धान्त सरस्वती गोस्वामीको अनुयायी बन्नुभयो। ११ वर्ष पछि, सन् १९३३ मा उहाँ अलाहावादमा विधिपूर्वक दीक्षित शिष्य बन्नुभयो।

श्रील भक्तिसिद्धान्त सरस्वती गोस्वामीले पहिलो भेटमै श्रील प्रभुपादलाई अंग्रेजी भाषामा वैदिक सन्देशको प्रचार गर्न आग्रह गर्नुभएको थियो। त्यसपछि आगामी वर्षहरूमा श्रील प्रभुपादले भगवद्गीताको विशद भाष्य लेख्नुभयो, गौडीय मठका विविध कार्यक्षेत्रहरूमा सहयोग पुऱ्याउनु भयो र सन् १९४४मा एक अंग्रेजी पाक्षिक पत्रिका 'बेक टु गडहेड'को प्रकाशन शुरू गर्नुभयो। यस पत्रिकाको प्रकाशन कार्यभार हाल पाश्चात्य देशमा उहाँका शिष्यहरूले सम्हाल्दै आएका छन्।

श्रील प्रभुपादको अनुपम दार्शनिक विद्वता र प्रगाढ भक्तिलाई सराहना गर्दै सन् १९४७मा गौडीय वैष्णव समाजले उहाँलाई 'भक्तिवेदान्त' उपाधिले सम्मान गरे। सन् १९५०मा ५४ वर्षको उमेरमा श्रील प्रभुपादले गृहस्थाश्रम त्यागेर वानप्रस्थ धारण गर्नुभयो र शास्त्राध्ययन तथा लेखन कार्यको लागि बढी समय जुटाउनु भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रील प्रभुपाद वृन्दावन धाममा जानुभयो र त्यहाँ मध्यकालीन ऐतिहासिक राधा-दामोदर मन्दिरमा दीन-हीन बस्न लाग्नु भयो। त्यहाँ श्रील प्रभुपाद केही वर्षसम्म गहन शास्त्राध्ययन र लेखन कार्यमा व्यस्त रहनु भयो। सन् १९५९ मा उहाँले सन्यास लिनु भयो। राधा-दामोदर मन्दिरमा श्रील प्रभुपादले श्रीमद्भागवतको बहुखण्डीय अंग्रेजी अनुवाद तथा विशद भाष्य प्रतिपादन गरी आफ्नो जीवनप्रिय मूल कृति आरम्भ गर्नुभयो।

श्रीमद्भागवत प्रथम स्कन्धका तीन खण्ड प्रकाशित भए पछि सन् १९६५मा श्रील प्रभुपाद आफ्ना गुरुदेवको सदिच्छा पूरा गर्न संयुक्त राज्य अमेरिकामा आउनु भयो। त्यसपछि उहाँले श्रीमद्भागवत लगायत अन्यान्य शास्त्रहरूको प्रामाणिक अनुवाद, भाष्य र सारांशलेख प्रस्तुत गरी ६० भन्दा बढी ग्रन्थहरूको रचना गर्नुभयो।

सन् १९६५ मा 'जलदूत' जहाजद्वारा न्यूयोर्क शहरमा आईपुग्दा श्रील प्रभुपाद बेखर्ची हुनुभयो। एक वर्षसम्म अनेकौं कठिनाईहरूको सामना गरे पछि उहाँले सन् १९६६को जुलाई महिनामा अन्तरराष्ट्रिय कृष्णभावनामृत संघको स्थापना गर्नुभयो। १४ नवेम्बर १९७७मा वृन्दावनमा अन्तर्ध्यान हुनुअघि उहाँले संघको कुशल नेतृत्त्व गर्दै १०० भन्दा बढी मन्दिर, आश्रम, विद्यालय, संस्थान, र कृषिसमुदायहरूले युक्त विश्वव्यापी भक्तगोष्ठी रच्नुभयो।

श्रील प्रभुपादले पश्चिम वर्जिनियामा नयाँ वृन्दावन वैदिक समुदाय स्थापना गर्नुभयो र पाश्चात्य देशमा पहिलो पटक वैदिक गुरुकुल शैक्षिक पद्धतिको सूत्रपात गर्नुभयो।

श्रील प्रभुपादले भारतमा ठू-ठूला अन्तरराष्ट्रिय सांस्कृतिक केन्द्रहरू निर्माण गर्ने प्रोत्साहान दिनु भएको थियो। पश्चिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बङ्गालका श्रीधाम मायापुर केन्द्र एउटा यस्तै योजनाबद्ध विशाल वैदिक नगरीको निर्माण स्थल हुन्। यस परियोजनाको निर्माणकार्य पूरा हुन एक दशक लाग्ने अनुमान छ। वृन्दावन धाममा भव्य कृष्ण-बलराम मन्दिर र अन्तरराष्ट्रिय अतिथि सदन बनिसकेका छन्। जुहु बम्बैमा श्रीराधारासविहारी मन्दिर र शैक्षिक-सांस्कृतिक केन्द्र बनेका छन्। भारतका अन्य उल्लेखनीय स्थानहरूमा यस्ता अरू कैयौं केन्द्रहरू खोल्ने योजना रचिएको छ।

श्रील प्रभुपादको सबभन्दा महत्त्वपूर्ण योगदान उहाँका ग्रन्थहरू हुन्। यी ग्रन्थहरूको गूढता, स्पष्टता, र प्रमाण्यतालाई विश्वका अनेकौं विद्वान्हरूले सराहना गरेका छन्। अमेरिकाका कतिपय महाविद्यालयहरूको पाठ्यक्रममा तिनलाई समाविष्ट गरिएका छन्। श्रील प्रभुपादका रचनाहरू हाल ३० भाषामा अनूदित छन्। श्रील प्रभुपादको कृति प्रकाशनार्थ सन् १९७२मा स्थापित 'भक्तिवेदान्त ग्रन्थमाला संस्थान' यसप्रकार वैदिक सनातन धर्म र दर्शनको क्षेत्रमा विश्वविख्यात प्रकाशक बन्न पुगेको छ।

वयोवृद्ध भएर पनि श्रील प्रभुपादले प्रवचन-यात्राको शुभक्रममा बाह्र वर्षभित्र १४ पल्ट विश्व परिक्रमा गर्नुभयो। श्रील प्रभुपाद यत्ति व्यस्त कार्यक्रममा संग्लग्न हुनुहुन्थ्यो। तैपनि उहाँको उर्वरा रचना कहिल्यै रोकिंदैनथ्यो। उहाँको रचनाले वैदिक धर्म, दर्शन, साहित्य र संस्कृतिको एउटा विशाल पुस्तकालय सिर्ज्याएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जड भिन्न जगत्को स्वरूप★

भौतिक विज्ञानले आखिर एक दिन यस्तो चिरस्थायी जडभन्दा भिन्न अथवा भौतिकेतर जगत् पत्ता लगाउने छ जसबारे भौतिकवादीहरू अहिलेसम्म अज्ञात नै रहेका छन्। वैज्ञानिकहरूको जडभन्दा भिन्न पदार्थ सम्बन्धी वर्तमान अवधारणाबारे सन् १९५९ को अक्टोबर २७ तारीखको *टाइम्स अफ इण्डियाले* निम्नलिखित समाचार प्रकाशित गर्‍यो:-

स्टाक होम, अक्टोबर २६, १९५९।

पदार्थहरू कण र प्रतिकण गरी दुई प्रकारको स्वरूपमा विद्यमान रहन्छन् भन्ने कुरालाई सिद्ध गर्दै प्रोटोन-भिन्न (तत्त्व) (Antiproton) को आविष्कार गरेको हुँदा दुइ जना अमेरिकी आणविक वैज्ञानिकहरूलाई भौतिक शास्त्रमा १९५९ को नोबल पुरस्कार प्रदान गरियो। यी वैज्ञानिकहरूमा एक इटलीमा जन्मेका वर्ष ६९ का एमिलो सेगर हुन् र अर्का स्याज फ्राँसिस्कोमा जन्मेका डा० ओवन च्याम्बरलेन हुन्। यस नवीन सिद्धान्तको एक

★ लेखक श्रील भक्तिवेदान्तस्वामी प्रभुपादले यहाँ मूल अंग्रेजी शब्दमा (Anti-material) प्रयोग गर्नु भएको छ जसको आशय अभौतिक अप्राकृत वा (Non-material) भन्ने नभई जड 'भौतिक वा प्राकृत भन्दा भिन्न वा इतर' भन्ने हुन्छ। यसरी लेखकको तात्पर्य 'जडभन्दा भिन्न वा 'भौतिकेतर' भएकोले यहाँ यसै शब्दको प्रयोग भएको हो।

—अनुवादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मूलभूत मान्यता अनुसार संभवतः भौतिकेतर पदार्थले निर्मित एउटा अर्को जगत् अथवा इतर जगत् पनि हुनु पर्दछ। त्यो जडभन्दा भिन्न जगत् यस्ता आणविक र उप-आणविक (Sub-atom) कणहरूले बनेको हुनु पर्दछ जो यस दृश्यमान प्राकृत जगत्का संरचनात्मक प्रक्रियाको ठीक विपरीत कक्षामा घुम्दछ। यदि यी दुइ जगत्हरू कुनै दिन आपसमा जुझ्न गए भने ती दुवै क्षण भरमा नै नष्ट हुने छन्।

यस कथनमा निम्न लिखित प्रस्तावहरू प्रस्तुत गरिएका छन्–

१. प्राकृत अणुको अपेक्षा अर्को जडभन्दा भिन्न अणु वा कण हुनु पर्दछ जो भौतिक अणुविरुद्ध गुणहरूले निर्मित हुन्छ।

२. सीमित रुपमा मात्र हामीले अनुभव गरिएको (जानिएको) यो भौतिक जगत्भन्दा बेग्लै एक अर्को लोक हुनु पर्दछ।

३. जडात्मक जगत् र जडभिन्न जगत् कुनै निश्चित समयमा परस्पर जुझ्न सक्छन् र एकले अर्कोलाई नष्ट गर्न सक्छ।

हामी आस्तिक शास्त्रका ज्ञानार्थीहरू यी तीन प्रस्ताव-हरूमध्ये पहिलो र दोस्रो प्रति पूर्णतः सहमत हुन सक्छौं। तर तेस्रो प्रस्तावलाई भने जडभिन्न तत्त्वको सीमित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिक परिभाषा अन्तर्गत मात्र स्वीकार गर्न सकिन्छ। यहां कुन कुरामा कठिनाई छ भने जडभन्दा भिन्न तत्वको बारेमा वैज्ञानिकहरूको अवधारणाको विस्तार भौतिक उर्जा वा शक्तिको प्रकारान्तरसम्म मात्र छ जब कि वास्तविक जडभन्दा भिन्न तत्व पूर्णतया जडभन्दा भिन्न हुनु पर्दछ। जड पदार्थ आफ्नो बनावटको कारण नाशवान् हुन्छ (किनभने प्रत्येक निर्मित वस्तु नाशवान् हुन्छ)। तर यदि जडभन्दा भिन्न तत्वलाई सबै जडवादी लक्षणहरूबाट मुक्त गरिने हो भने जडभिन्न तत्त्व स्वयंको प्रकृतिको कारण विनाशबाट पनि मुक्त हुन्छ अर्थात् जडभन्दा भिन्न तत्त्व नाशवान् हुँदैन। भौतिक पदार्थ विनाशशील र पृथक्करणीय हुन्छ भने भौतिकेतर तत्त्व सदा अविनाशी र अपृथक्करणीय (अर्थात् भिन्न गर्न नसकिने) हुन्छ। यी प्रस्तवहरूको प्रामाणिक शास्त्रीय दृष्टिकोणले चर्चा गर्ने प्रयास गरिने छ।

ऋक्, यजुः, साम र अथर्व गरी चार भागमा विभक्त गरिएका वेदहरू समस्त विश्वभरी सर्वाधिक मान्यता प्राप्त र प्रामाणिक शास्त्रहरू हुन्। सामान्य बुद्धिस्तरका मानवको निम्ति वेदको विषय-वस्तु बुझ्न निकै कठिन हुन्छ। ऐतिहासिक महाकाव्य महाभारत र अठार पुराणहरूमा चारै वेदहरूको व्याख्या गरिएको छ। यसै गरी रामायण पनि ऐतिहासिक महाकाव्य हो जसमा वेदका सबै आवश्यक जानकारीहरू छन्। अत एव चारै वेद,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिरचित (मूल) रामायण, महाभारत र पुराणहरू वैदिक साहित्यको रुपमा वर्गीकरण गरिएका छन्। उपनिषद्‌हरू चारै वेदका अङ्ग हुन् र वेदान्तसूत्रहरू वेदका नौनी अर्थात् सारतत्त्व हुन्। संक्षेपमा श्रीमद्‌भगवद्‌गीतालाई सम्पूर्ण उपनिषद्‌हरूको सारतत्त्व तथा वेदान्त सूत्रहरूको प्रारम्भिक व्याख्याको रुपमा स्वीकार गरिएको छ। भगवद्‌गीताबाट मात्र पनि वेदको सारतत्त्व प्राप्त गर्न सकिन्छ– किन भने उत्कृष्ट किसिमका शक्तिको सम्पूर्ण जानकारी प्रदान गर्ने उद्देश्यले जडभन्दा भिन्न अर्थात् आध्यात्मिक धामबाट यस जडात्मक जगत्‌मा अवतरित भएका देवाधिदेव भगवान् श्रीकृष्णको मुखारविन्दबाट निस्केको वाणी नै भगवद्‌गीता हो।

देवाधिदेव भगवान्‌को उत्कृष्ट (अन्तरङ्ग) शक्तिलाई भगवद्‌गीतामा 'परा-प्रकृति' भनिएको छ। हालै वैज्ञानिकहरूले नाशवान् पदार्थ दुइ किसिमका हुन्छन् भन्ने पत्ता लगाएका छन्। परन्तु भगवद्‌गीतामा पूर्ण र यथार्थ रुपले दुइ प्रकारका शक्तिका रुपमा जड र जडभन्दा भिन्न पदार्थहरूको अवधारणाको वर्णन गरिएको छ। जड वा भौतिक पदार्थ पनि शक्ति हो जो जड जगत्‌को निर्माण गर्दछ तथा त्यही शक्ति आफ्नो उत्कृष्ट स्वरुपमा जडभन्दा भिन्न अर्थात् अनुभवातीत⊙ जगत्‌को पनि निर्माण गर्छ।

⊙ अनुभवातीत वा बीजातीत शब्द अंग्रेजीको Transcendental शब्दको सट्टा प्रयोग गरिएको हो, जसको अर्थ अनुभवभन्दा धेरै परका, बीजातीत अर्थात् कारणातीत भन्ने हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवित प्राणीहरू उत्कृष्ट शक्तिका श्रेणीमा आउँछन् । निकृष्ट शक्ति वा जडात्मक शक्तिलाई अपरा प्रकृति भनिन्छ । भगवद्गीतामा रचनात्मक शक्तिलाई यस प्रकार अपराप्रकृति र पराप्रकृति गरी दुई रुपमा प्रस्तुत गरिएको छ ।

जड पदार्थको आफ्नो रचनात्मक शक्ति हुँदैन । जब यो जीवनमय ऊर्जाद्वारा संचालित हुन्छ तबमात्र भौतिक वस्तुहरू पैदा हुन्छन् । यसकारण आफ्नो अपरिष्कृत रुपमा पदार्थ परमात्माको नै सुप्त शक्ति हो । हामी स्वतः शक्तिको स्रोतको बारेमा पनि सोचिरहेका हुन्छौं; जस्तै हाम्रो मनमा विद्युत् ऊर्जाको विचार आए भने हामी स्वभाविक रुपमा विद्युत् प्रजनन केन्द्रको बारेमा पनि सोच्ने गर्छौं । शक्ति स्वयंमा पर्याप्त हुँदैन । यो कुनै उत्कृष्ट प्राणी (मानव) को नियन्त्रणमा रहन्छ । उदाहरणार्थ आगो अन्य दुइ ऊर्जा अर्थात् प्रकाश र तापको स्रोत हुन्छ । आगोभन्दा बाहिर प्रकाश र तापको स्वतन्त्र अस्तित्व हुँदैन । यसै गरी निकृष्ट र उत्कृष्ट शक्तिहरू एकै स्रोतबाट उत्पन्न भएका हुन् जसलाई जुन सुकै नामले पुकार्न सकिन्छ । शक्तिको त्यो स्रोत अवश्य नै प्रत्येक कुरामा पूर्ण ज्ञान भएको चेतन सत्ता हुनु पर्दछ । त्यो उत्कृष्ट चेतनतत्व देवाधिदेव भगवान् श्रीकृष्ण हुनु हुन्छ जो सबैको मन हर्ने सर्वाकर्षक पुरुषोत्तम हुनु हुन्छ ।

वेदमा समस्त प्राणीहरूमध्ये सर्वोत्कृष्ट परमात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् परतत्त्वलाई समस्त शक्तिहरूको मूलस्रोत सर्वैश्वर्य सम्पन्न भगवान् भनिएको छ। आधुनिक वैज्ञानिकहरूद्वारा भएको दुइ प्रकारको सीमित ऊर्जाको अनुसन्धान विज्ञानको प्रगतिको आरंभ मात्र हो। तिनले अझै अगाडि बढेर ती दुइ कण वा अणुका स्रोतको पत्ता लगाउनै पर्दछ जसलाई तिनीहरूले भौतिक र भौतिकेतर भन्ने नाम राखेका छन्।

जडवादभिन्न कणको व्याख्या कसरी गर्ने ? भौतिक कण वा अणुहरूको बारेमा त हामीलाई अनुभव छ। तर जडभन्दा भिन्न अणुहरूको बारेमा हामीलाई कुनै अनुभव छैन। तथापि भगवद्गीतामा जडभिन्न कणहरूको यसरी विशद वर्णन गरिएको छ–

यो भौतिकेतर कण भौतिक शरीरभित्र रहन्छ। यसको उपस्थितिको कारण भौतिक शरीर शैशव अवस्थाबाट बाल्य, युवा र वृद्ध अवस्थामा क्रमशः परिवर्तित भइरहन्छ र त्यसपछि वृद्ध, जर्जर र काम गर्न असमर्थ शरीरलाई त्यस जडभिन्न वा भौतिकेतर कणले छोडिदिन्छ र पुनः अन्य कुनै भौतिक शरीरलाई ग्रहण गर्दछ।

जीवित शरीरको यस प्रकारको वर्णनले शक्ति दुई रूपले रहन्छ भन्ने वैज्ञानिक खोजको पुष्टि गर्छ। दुईमध्ये एक अर्थात् जड भन्दा भिन्न कणलाई भौतिक शरीरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्न गरिएमा जड शरीर बेकार हुनेछ या मर्नेछ। यस प्रकार जडभिन्न कण भौतिक शक्तिभन्दा निस्सन्देह श्रेष्ठ हुन्छ।

यसकारण जडात्मक शक्तिको विनाश भएमा कसैले पनि शोक गर्नु हुँदैन। तातो, चीसो, सुख र दुःख जस्ता सबै किसिमका प्रत्यक्ष इन्द्रियानुभूति जड शक्तिकै परस्पर (अन्यान्य) क्रिया बाहेक अरू केही होइन, जो मौसमको परिवर्तनको कारणले आउँछ र जान्छ। यस्ता भौतिक परस्पर क्रिया क्षणिक रूपमा देखा पर्नु र नदेखिनुले 'जड शरीर भौतिक शक्तिले बनेको छ जो कि 'जीव' शक्ति भन्दा निकृष्ट हुन्छ' भन्ने कुराको पुष्टि हुन्छ।

सुख र दुःखलाई निकृष्ट शक्तिका परस्पर क्रियाहरूको परिणामस्वरूप हुने विभिन्न अवस्थाहरू नै संझेर सुखदुःखबाट विचलित नहुने कुनैपनि बुद्धिमान् मानिस जडेतर जगत्लाई प्राप्त गर्न सक्छ। यस्तो जगत् स्थायी ज्ञान र सुखले परिपूर्ण हुन्छ र त्यहाँ जीवन शाश्वत हुन्छ।

यहाँ जडभन्दा इतर लोकको उल्लेख हुनुको साथसाथ यस्तो जगत्मा मौसम परिवर्तन हुँदैन भन्ने विशेष जानकारी दिइएको छ। त्यहाँ हरेक वस्तु चिरस्थायी, आनन्दमय र ज्ञानपूर्ण हुन्छ। तर जगत्को रूपमा त्यस लोकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा गर्दा भौतिक अनुभव भन्दा परका त्यसका विभिन्न स्वरूप र निजी सामानहरू पनि हुन्छन् भन्ने कुरा पनि हामीले संझनै पर्दछ ।

> भौतिक शरीर नश्वर हुने हुनाले यो परिवर्तनशील र अस्थायी हुन्छ । जड जगत् पनि यस्तै हो, परन्तु जडभिन्न जीवशक्ति अनश्वर छ, अतएव चिरस्थायी हुन्छ । विशेषज्ञ वैज्ञानिकहरुले यसप्रकार जडवादी र जडभिन्न कणका गुणलाई क्रमशः अस्थायी र चिर-स्थायीको रूपमा भेद गरेका छन् ।

पदार्थ दुइ प्रकारका हुन्छन् भन्ने कुरा पत्ता लगाउने-हरूले अझै जडभिन्न पदार्थका गुणहरूको खोज गर्नु पर्नेछ । यद्यपि यस कुराको स्पष्ट वर्णन पहिले नै भगवत्गीतामा गरिसकेको छ । यो अमूल्य ज्ञानको आधारमा वैज्ञानिक-हरू बढी अनुसन्धान गर्न सक्ने छन्:—

> जडभिन्न कणहरू सूक्ष्म भौतिक कणहरू भन्दा पनि सूक्ष्मतर हुन्छन् । यो जीवनशक्ति यति शक्तिशाली हुन्छ कि यसले सम्पूर्ण भौतिक शरीरमाथि आफ्नो प्रभाव फैलाउँछ । भौतिक कणको तुलनामा जड-भिन्न कणहरू अत्यधिक शक्तिशाली हुन्छन् । फल-स्वरूप यसको विनाश हुन सक्तैन ।

भगवद्गीतामा यो त जडभिन्न कणको बयानको आरंभ मात्र हो । यसको अझ बढी व्याख्या यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ–

जडभिन्न कणको सबभन्दा उत्तम स्वरूप स्थूल र सूक्ष्म भौतिक शरीरभित्र बन्द रहन्छ। दुवै स्थूल र सूक्ष्म भौतिक शरीर नाशवान् हुन्छन् तर सूक्ष्मतर जडभिन्न कण (अर्थात् आत्मा) भने सदा अमर रहन्छ। अतः यस शाश्वत तत्प्रति मानवको रुचि सदा हुनु पर्दछ।

भौतिक वैज्ञानिकहरू जब जडभिन्न कणका गुणबारे जान्न र त्यसलाई भौतिक कणहरूको अस्थायी संपर्कबाट मुक्त गर्न सक्नेछन् तब मात्र विज्ञानमा पूर्णता आउने छ र वैज्ञानिक प्रगतिको चरम उपलब्धि पनि त्यही नै हुनेछ।

जडभिन्न अणुले निर्मित अर्को जगत्को अस्तित्व हुन सक्छ र जड जगत् र जडभिन्न जगत्को आपसी जुधाईको फलस्वरूप दुवैको विनाश हुनेछ भन्ने वैज्ञानिक सुझावमा आंशिक सत्यता छ। एक किसिमको टक्कर त निरन्तर जारी नै छ; प्रत्येक क्षणमा जड कणहरूको विनाश भइरहेछ र जडभिन्न वा भौतिकेतर कणले भने मुक्तिको प्रयास गरिरहेको छ। यस कुराको व्याख्या भगवद्गीतामा निम्नलिखित रूपमा गरिएको छ –

अभौतिक कण जो कि सचेतन अर्थात् जीवनयुक्त हुन्छ जड कणलाई कार्य गर्न प्रभावित गर्छ। यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेतनसत्ता सदा अविनाशी छ । जबसम्म अभौतिक कण स्थूल र सूक्ष्म शरीरको नामले चिनिने जडशक्तिको पिण्ड (शरीर) भित्र रहन्छ, तबसम्म त्यो सत्ता सजीव कहलाउँछ । यी दुइ किसिमका कणहरूको निरन्तर भइरहने संघर्षमा अभौतिक कण कहिल्यै नष्ट हुँदैन । वस्तुतः भूत, वर्तमान र भविष्य कुनै कालमा पनि कसैले जडभिन्न कणलाई नष्ट गर्न सक्तैन ।'

यसकारण 'जड र जडवाद भिन्न जगत् आपसमा जुध्छन् र फलस्वरूप दुवै जगत्को नाश हुन सक्छ भन्ने सिद्धान्त वैज्ञानिकहरूको जडभिन्न तत्त्वको सीमित परिभाषाको सन्दर्भभित्र मात्र ठीक प्रतीत हुन्छ । कहिल्यै नष्ट हुन नसक्ने जडभिन्न कणको प्रकृतिको व्याख्या भगवद्गीतामा यसरी गरिएको छ :–

सूक्ष्म र नाप्न-जोख्न नसकिने जडभिन्न कणहरू सदा अविनाशी, चिरस्थायी र शाश्वत हुन्छन् । जडात्मक भौतिक कणहरूद्वारा हुने यसको बन्धन भने कुनै निश्चित समयपछि नष्ट हुन्छ । भौतिक र जडभिन्न जगत्हरूको सम्बन्धमा पनि यही सिद्धान्त लागू हुन्छ । अतः जडभिन्न कणको विनाश होला भनी कसैले पनि डराउनु हुँदैन, किनभने जडात्मक जगत्को विनाश भएपनि पनि यो सदा जीवित रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक वस्तु जो कि सिर्जना गरिएको हुन्छ, कुनै न कुनै अवस्थमा नष्ट हुन्छ। भौतिक शरीर र जडत्मक जगत् दुबैको निर्माण गरिएको हुन्छ, अतः एक तो विनाशका विषय बन्दछन्। तर जड भिन्न कणहरू कदापी निर्मित हुँदैनन्, फलस्वरूप कहिल्यै नाश पनि हुँदैनन्। यो कुरा पनि गीतामा पुष्ट गरिएको छ :

जडभिन्न कण जो कि मूल जैविक शक्ति वा आत्मा हो कहिल्यै जन्मदैन वा सिर्जित हुँदैन र शाश्वत रूपमा रहिरहन्छ। यसको न त कुनै जन्म तिथि हुन्छ न मृत्यु मिति; न यो बारम्बार निर्माण हुन्छ न बारम्बार विनाश। यो अनन्त र अनादि रूपमा स्थिर छ। अतः प्राचीन भन्दा प्राचीन हुनुको साथसाथ यो सदा ताजा र नवीन छ। यद्यपि जडकण चाहीं विनाशशील छ तर यसद्वारा जडभिन्न कण कहिल्यै प्रभावित हुँदैन।

यो सिद्धान्त जड भिन्न कणको साथ साथ अप्राकृत अर्थात् आध्यात्मिक विश्वको बारेमा पनि लागू हुन्छ। जडात्मक भौतिक विश्व नश्वक छ, नाश हुन्छ तर जडभिन्न अर्थात् आध्यात्मिक विश्को अस्तित्व जुनसुकै अवस्थामा पनि बनिरहन्छ, यो शाश्वत छ। यसबारे सविस्तार व्याख्यान पछि गरिने छ।

भगवद्गीताबाट वैज्ञानिकहरूले निम्नलिखित कुराहरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि सिक्ने छन् –

जडभिन्न कण अर्थात् आत्मा अविनाशी छ भन्ने कुरा राम्ररी जान्ने विद्वान् मानिसद्वारा यसलाई कुनै पनि किसिमले नष्ट गर्न सकिदैन भन्ने कुरा पनि जानेको हुन्छ ।

अणु–वैज्ञानिकले आणविक अस्त्रहरूद्वारा भौतिक जगत्को विनाश गर्ने कुरा सोच्न सक्छ तर उसका अस्त्र-हरूले पनि आध्यात्मिक जगत्लाई नाश गर्न सक्तैन । जडभिन्न आत्माको अझ स्पष्ट व्याख्या यसरी पाइन्छ –

यो नत भौतिक अस्त्रद्वारा काट्न सकिन्छ, न आगोले जलाउन सकिन्छ न यसलाई पानीमा डुबाउन सकिन्छ न यसलाई हावाले सुकाउन सक्तछ । यो विभाग गर्न नसकिने (अविभाज्य), जलाउन नसकिने (अदाह्य) र द्रव पदार्थमा घोल्न नसकिने (अघुलन-शील) छ, यो शाश्वत छ, यसकारण यो कुनै पनि किसिमको शरीरमा प्रवेश गर्न र त्यसलाई त्याग्न सक्छ । संघटनात्मक रूपले स्थायी भएकोले यसका गुणहरू सदा स्थिर रहन्छन् । यो व्याख्या गर्न नसकिने किसिमको (अव्याख्येय) छ । किनभने यो सबै किसिमका भौतिक गुणहरू भन्दा सर्वथा भिन्न किसिमको छ । सामान्य मस्तिष्कले यसको बारेमा सोच्न सकिदैन । यसलाई फेर्न वा परिवर्तन गर्नपनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिँदैन, यो अपरिवर्तनीय छ । यसकारण मानिसले यो जडभिन्न अर्थात् शाश्वत तत्त्वको बारेमा कहिल्यै शोक गर्नु हुँदैन ।

यसप्रकार भगवद्‌गीता र अन्य समस्त वैदिक साहित्यमा जडभिन्न तत्त्व अर्थात् श्रेष्ठ र मूल प्राणशक्ति अथवा जीवन आत्माको रूपमा स्वीकार गरिएको छ । यसलाई 'जीव' पनि भनिन्छ । भौतिक (जड) तत्त्वहरूको मेलद्वारा यस्तो जडभिन्न तत्त्वको निर्माण गर्न सकिँदैन । भौतिक तत्त्वहरूको बयान निम्नश्रेणीका शक्तिको रूपमा गरिएको छ । ती आठवटा छन् : (१) पृथ्वी, (२) जल, (३) अग्नि, (४) वायु, (५) आकाश, (६) मन, (७) बुद्धि र (८) अहंकार । यिनको साथसाथ भौतिक भिन्न (आध्यात्मिक) तत्त्वको अस्तित्व छ, जसलाई उत्कृष्ट शक्ति वा जीवनशक्तिको रूपमा वर्णन गरिन्छ। यसलाई शक्ति यसकारण भनिन्छ किनभने यसको उपयोग र नियन्त्रण स्वयं देवाधिदेव भगवान् श्रीकृष्ण गर्नुहुन्छ ।

लामो अवधिसम्म जडवस्तु उपर्युक्त आठवटा भौतिक तत्त्वहरूको परिधिभित्र सीमित थियो अब यसले आध्यात्मिक तत्त्व र आध्यात्मिक विश्वको बारेमा जुन केही प्रारंभिक जानकारी पाएको छ; यो उत्साहको कुरा हो । समयको प्रगतिको साथसाथ भौतिक तत्त्वको कुनै चिह्न नपाइने जडभिन्न (आध्यात्मिक) जगत्को मूल्यांकन गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थ हुनेछ भन्ने आशा राख्न सकिन्छ। वास्तवमा स्वयं 'जडभिन्न' शब्दले त्यो तत्त्व समस्त भौतिक गुणहरूभन्दा भिन्न स्वरूपको हुन्छ भन्ने कुरा संकेत गर्दछ।

केही विचारकहरू छन्, जो जडभिन्न तत्त्वमाथि टीकाटिप्पणी गर्दछन्। दुई मुख्य समूहमा विभक्त भएका तिनीहरूले दुइवटा भिन्न त्रुटिपूर्ण निष्कर्ष निकालेका छन्। कट्टर जडवादीहरूको एउटा समूह यात स्वयं जडभिन्न तत्त्वको खण्डन गर्छ अथवा भौतिक वस्तुहरूको मेल हुँदा जीवन हुन्छ भन्ने कुरामा विश्वास गर्नेहरू मृत्यु जस्तो अवस्थामा भौतिक तत्त्वको मेलको वियोजन वा विखण्डन (disintegration) हुन्छ भन्ने कुरालाई मात्र स्वीकार गर्छन्। अर्को समूह भौतिक सिद्धान्तको स्पष्ट विरोध गर्छ र जडभिन्न (आत्म)- तत्त्वलाई आफ्ना २४ पदार्थहरूको साथ स्वीकार गर्दछ। यो समूह सांख्य शास्त्रीहरूको हो जसले भौतिक तत्त्वहरूको सूक्ष्म रूपले परीक्षण र विश्लेषण गरेका छन्। आफ्ना परीक्षणको अन्तमा सांख्य शास्त्रीहरू केवल एक जडभिन्न तत्त्व अर्थात् अनुभवातीत वा बीजातीत (transcendental) तत्त्वलाई निष्क्रिय तत्त्वको रूपमा स्वीकार गर्दछन्। वास्तवमा यी सबै विचारकहरू कठिनाइमा पर्छन् किनभने ती निम्नश्रेणीको शक्तिको सहायता लिई तर्क गर्छन्। तिनीहरू उत्कृष्ट शक्तिबाट जानकारी स्वीकार गर्दैनन्। जडभिन्न आत्मतत्त्वको वास्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विक स्थितिबारे यथार्थ रूपमा जान्नको लागि मानिसले उत्कृष्ट परा-शक्तिको अनुभवातीत भावस्तरसम्म उठ्नै पर्दछ। भक्तियोग त्यस उत्तम शक्तिको एकमात्र क्रियाशीलता हो।

कुनैपनि व्यक्तिद्वारा जडात्मक जगत्को मंचबाट जडभिन्न जगत्को वास्तविक स्थितिको मूल्यांकन हुन सक्तैन। परमप्रभु भगवान् जो कि दुवै जडभिन्न जगत्का शक्तिहरूका नियन्त्रक हुनुहुन्छ, आफ्ना अहेतुक कृपावश अवतार ग्रहण गरी हामीलाई आध्यात्मिक जगत्बारे पूर्ण जानकारी दिनुहुन्छ। यसकारण जडभिन्न वा आध्यात्मिक जगत् के हो त्यसबारे हामी जान्न सक्छौं। परमप्रभु परमात्मा र जीवनसत्ता अर्थात् जीवात्मा दुवै आफ्ना गुणमा जडवाद भिन्न छन् भन्ने ज्ञान हामीले पाएका छौं। यस प्रकार जीवात्माबारेको विस्तृत अध्ययनद्वारा हामी परमात्माको विषयमा केही जान्न सक्छौं। प्रत्येक जीव व्यक्तिगत सत्ता हो, यसकारण परमात्मा अर्थात् सर्वोत्कृष्ट जीवनसत्ता नै सर्वोच्च व्यक्तित्व अर्थात् पुरुषोत्तम हुनुहुन्छ। वैदिक साहित्यमा परमप्रभुलाई 'श्रीकृष्ण' भनिएको छ। वास्तवमा भगवान्लाई संकेत गर्ने 'श्रीकृष्ण' नाम नै सजिलोसँग बुझ्न सकिने सर्वोच्च श्रेणीको एकमात्र नाम हो। वहाँ नै भौतिक र भौतिकेतर शक्तिहरूका नियन्त्रक हुनुहुन्छ र खुद 'श्रीकृष्ण' भन्ने शब्दले नै 'वहाँ सर्वाधिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उच्च तहका नियन्ता हुनुहुन्छ' भन्ने कुरा जनाउँछ। भगवद्गीतामा भगवान् यसको पुष्टि यसरी गर्नुहुन्छ –

जडात्मक जगत् र जडभन्दा भिन्न जगत् गरी दुइवटा जगत् छन् । जडात्मक जगत् निम्नश्रेणीका गुण भएको शक्तिले निर्मित छ, जो आठवटा भौतिक तत्त्वहरूमा विभाजित छ । जडभिन्न जगत् उत्कृष्ट किसिमको गुण भएको शक्तिले निर्मित छ ।

जडात्मक शक्ति र जडेतर दुवै शक्तिहरू परम अनुभवातीत शक्ति अर्थात् देवाधिदेव भगवान्बाट निसृत भएका छन्; यसकारण 'म (भगवान् श्रीकृष्ण) समस्त सृष्टि र प्रलयको कारण हूँ' भन्ने निष्कर्ष निकाल्नु उचित हो ।

भगवान्का निकृष्ट र उत्कृष्ट कोटिका दुई किसिमका शक्तिहरूले क्रमशः जडस्वरूप जगत् र जडभिन्न जगत्लाई व्यक्त गर्दछन्; यसैकारण वहाँलाई उत्कृष्ट एवं परमसत्य भनिन्छ । भगवान् श्रीकृष्ण यसलाई भगवद्गीतामा यसरी व्याख्या गर्नु हुन्छ –

हे अर्जुन, म नै सर्वोच्च अनुभवातीत तत्त्व हुँ र मभन्दा महान् अरु केही पनि छैन । धागोमा उनिएका मोति (मणि) का दानाहरूको समान प्रत्येक वस्तु मेरा शक्तिहरूमा आधारित छन् अर्थात् ममाथि नै आश्रित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जडभिन्न जगत्‌हरूका तत्त्वहरूको अनुसन्धान हुनुभन्दा धेरै पहिले यस विषयको चित्रण भगवद्‌गीतामा गरिएको थियो। यसको दर्शन पहिले नै सौरदेव विवस्वान्‌लाई सिकाइएको थियो भन्ने खुद गीताले संकेत गरेको छ। यसको अर्थ भयो, देवाधिदेव भगवान्‌ले गीताका तत्त्वहरूको व्याख्यान कुरुक्षेत्रको युद्ध हुनुभन्दा धेरै पहिले कमसेकम १२ करोड वर्ष पहिले नै गर्नु भएको रहेछ। आधुनिक विज्ञानले हालै भगवद्‌गीतामा प्राप्त हुने सत्यको एक अंशलाई मात्र पत्ता लगाउन सकेको छ।

जडभिन्न विश्वको मान्यता पनि भगवद्‌गीतामा पाइन्छ। साथै सबै प्राप्त आँकडा (data) हरूबाट 'जडभिन्न जगत्‌को दिव्य आकाशमा रहेको छ' भन्ने कुरालाई विना कुनै शंका मान्न सकिन्छ। यस्तो आकाशको उल्लेख भगवद्‌गीतामा 'सनातन धाम' वा शाश्वत प्रकृतिको रूपमा गरिएको छ।

जसरी भौतिक अणुहरू जडात्मक जगत्‌को निर्माण गर्छन्, त्यसैगरी जडभिन्न अणुहरू आफ्ना सबै किसिमका निजी वस्तुहरूको साथ जडभिन्न (दिव्य) जगत्‌को सिर्जना गर्दछन्। दिव्य जगत्‌मा दिव्य (जडभिन्न) प्राणीहरू निवास गर्छन्। दिव्य जगत्‌मा पदार्थ निष्क्रिय हुँदैनन्। त्यहाँको प्रत्येक वस्तुहरू जीवित तत्त्व (सचेतन) हुन्छन् र यस स्थानको सर्वोच्च व्यक्तित्व स्वयं भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ । जडभिन्न जगत्का निवासीहरूको जीवन, ज्ञान र सुख अनन्त र शाश्वत हुन्छन् । अर्को शब्दमा तिनीहरू सबै किसिमका दैवी योग्यताले सम्पन्न हुन्छन् ।

भौतिक जगत्को सर्वाधिक उच्चतहको ग्रहलाई 'सत्यलोक' वा 'ब्रह्मलोक' भनिन्छ, जहाँ महान् क्षमतावान् प्राणीहरू बस्तछन् । ब्रह्मलोकका अधिष्ठता देवता ब्रह्मा हुन् जो भौतिक जगत्का पहिला सिर्जित सत्ता हुन् । ब्रह्मा पनि हामीहरू झैं जीव हुन्, तथापि उनी भौतिक जगत्का सर्वाधिक सक्षम व्यक्ति हुन् । तर 'भगवान्' को श्रेणीमा आउन सक्ने क्षमता भने उनको छैन । उनी भगवान्द्वारा सीधा नियन्त्रित जीवको श्रेणीमा आउँछन् । भगवान् र जीवात्मा दुबै जडभिन्न जगत्का हुन् । अतः जडभिन्न जगत्को प्रशासन कसरी चल्छ, त्यहाँका अधिष्ठाता शक्तिहरू कुन कुन हुन्, त्यहाँ वस्तुहरूको निर्माण कसरी हुन्छ इत्यादि अप्राकृत जगत्को संघटनबारेको अनुसन्धानद्वारा वैज्ञानिक प्रत्येक व्यक्तिको सेवा गरिरहेको हुन्छ । वैदिक साहित्य मध्ये श्रीमद्भागवत विस्तृत रूपले यी कुराहरूको चर्चा गर्छ । भगवद्गीता श्रीमद्भागवतको आरंभिक अध्ययन हो । वैज्ञानिकहरूले ज्ञानका यी दुबै महत्त्वपूर्ण ग्रन्थहरूको राम्ररी अध्ययन गर्नुपर्छ । यी ग्रन्थहरूले वैज्ञानिक प्रगतिका अनेक संभावनाबारे तथा नयाँ अनुसन्धानको दिशातर्फ संकेत गर्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभवातीतवादी र जडवादी दुइ भिन्न श्रेणीका मानव हुन् । अनुभवातीतवादीहरू वेद जस्ता प्रामाणिक ग्रन्थहरूबाट ज्ञान संग्रह गर्छन् । वैदिक साहित्य अनुभवातीत शिष्य परंपरामा जीवित प्रामाणिक स्रोतहरूबाट प्राप्त गरिन्छ । यो शिष्य-परंपराको पनि उल्लेख श्रीमद्-भगवद् गीतामा गरिएको छ । श्रीकृष्ण भन्नुहुन्छ – सयौं हजारौं वर्ष पहिले गीताको उपदेश सौरदेव विवस्वान्‌लाई दिइएको थियो, जसले त्यो ज्ञान आफ्ना छोरा मनुलाई दिए । तिनै मनुबाट वर्तमान मानवको सृष्टि भएको थियो । मनुले आफ्ना बेलामा यस अनुभवातीत ज्ञानको उपदेश आफ्ना छोरा राजा इक्ष्याकुलाई दिए, जो कि पुरुषोत्तम भगवान् श्रीरामवंशका पूर्वज थिए । पाँच हजार वर्ष पूर्व भगवान् श्रीकृष्णको आविर्भावको समयमा शिष्य-परंपराको यो लामो श्रृङ्खला छिन्नभिन्न भयो । यसै कारण श्रीकृष्णले अर्जुनलाई भगवद्‌गीताको उपदेश दिनु भयो र यसो गरी वहाँले यस युगमा अर्जुनलाई यस ज्ञानका प्रथम शिष्य बनाउनु भयो । यस प्रकार यस युगका अनुभवातीतवादीहरू अर्जुनदेखि सुरु हुने शिष्य-परंपरामा नै छन् । यसै शिष्य-परंपराद्वारा अनुभवातीतवादीले जड वस्तुको अनुसन्धान कार्यमा बढी दुःख नबेसाई पदार्थ भिन्न विषयको पूर्णरूपले सत्य (ज्ञान) प्राप्त गर्न सक्तछ र यसो गर्दा त्यो (व्यक्ति) धेरैं किसिमका झंझटबाट बच्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुतः कट्टर जडवादीहरू देवाधिदेव भगवान्का जडभिन्न जगत्हरूप्रति विश्वास गर्दैनन् । अतः तिनीहरू अभागी प्राणी हुन्, यद्यपि कहिलेकाहीं ती ज्यादै सक्षम, शिक्षित र अन्य क्षेत्रमा निकै नै अगाडि बढेका हुन्छन् । जडभिन्न व्यक्तिको प्रभावको कारण तिनीहरू अलमलिन्छन् र जडभिन्न तत्त्वहरूको ज्ञानबाट वञ्चित हुन्छन् । जडवादी वैज्ञानिकहरू जडभिन्न जगत्को क्षेत्रतिर जसरी क्रमशः प्रगति गर्दैछन्, यो राम्रो संकेत हो । तिनीहरू त्यस्तो जडभिन्न जगत्का विवरणहरू जान्ने दिशामा पर्याप्त प्रगति गर्न समेत समर्थ हुन सक्नेछन्, जहाँ सर्वाधिक प्रभावशाली व्यक्तिका रूपमा देवाधिदेव भगवान् निवास गर्नु हुन्छ र जहाँ जीवितसत्ताहरू वहाँसंग बसी वहाँको सेवा गर्छन् । भगवान्को सेवा गर्ने जीवित सत्ता वा प्राणीहरू आफ्ना गुणमा भगवान्का समान हुन्छन् । तर साथै तिनीहरू सेवकका रूपमा अनुशासित हुन्छन् । जडभिन्न जगत्मा शासक र शासितको बीचमा कुनै भिन्नता हुँदैन – यो संबन्ध पूर्णतामा हुन्छ र जडात्मक जगत्को कुनैपनि प्रभाव त्यहाँ पर्न सक्तैन ।

जडात्मक जगत्को स्वभाव विनाशशील हुन्छ । आपसमा टक्कर भएमा भौतिक र भौतिकेतर जगत्हरूको विनाश हुन्छ भन्ने भौतिक वैज्ञानिकहरूको विचारमा श्रीमद्भगवद्गीता अनुसार आंशिक सत्यता छ । जडात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत् प्रकृतिका परिवर्तनशील गुणहरूको संरचना हो। यी गुणहरू सत्व (सौन्दर्य), रजः (भावावेग) र तमः (अज्ञान) का नामले जानिन्छन। जडरूप जगत्को निर्माण रजोगुणद्वारा हुन्छ, स्थिति सत्त्वगुणद्वारा हुन्छ र यसको विनाश (प्रलय) तमोगुणद्वारा हुन्छ। यी गुणहरू संसारमा व्यापक भई रहन्छन् र यसरी प्रत्येक घण्टा, प्रत्येक मिनेट र प्रत्येक सेकण्डमा सम्पूर्ण जडरूप विश्वमा सृष्टि, स्थिति र प्रलयको प्रक्रिया जारी रहेको छ। जडस्वरूप विश्वको सर्वोच्च ग्रह ब्रह्मलोक पनि प्रकृतिका यी तीन गुणहरूको विषय हो, यद्यपि सत्त्वगुणको अधिकताको कारण त्यस ग्रहमा जीवनको अवधि ४,३००,०००×१,०००×२×३० ×१२×१०० सौर वर्ष भनिन्छ। वस्तुतः यति लामो जीवनकाल हुँदा पनि ब्रह्मलोक विनाशको विषय छ। यद्यपि ब्रह्मलोकमा जीवन पृथ्वीमा जीवनको तुलनामा आश्चर्य लाग्दो किसिमले लामो छ। तथापि यो जडभिन्न अर्थात् दिव्यलोकहरूका अनन्त जीवनको तुलनामा केवल क्षणिक विद्युत् प्रकाश (झैं) हुन्छ। परिणामस्वरूप श्रीमद्-भगवद्गीताका वक्ता भगवान् श्रीकृष्ण आफ्नो निवास भएको दिव्य (जडभिन्न) विश्वको महत्त्वको दृढतापूर्वक प्रतिपादन गर्नुहुन्छ।

४,३००,०००×१,०००×२×३०×१२×१०० सौर वर्षहरूको अन्तमा जडरूप विश्वभित्रका सबै ग्रहलोकहरू नष्ट हुन्छन् भन्ने कुरा भगवान् श्रीकृष्ण सिकाउनु हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साथै जगत्हरूको विनाशको साथ जडात्मक ग्रहलोकहरूमा बस्ने जीवित सत्ताहरू (प्राणीहरू) पनि भौतिक रूपले नष्ट हुन्छन् । वास्तवमा जीवितसत्ता (प्राणी) संघटनात्मक रूपले जडभिन्न कण हो । तर जडभिन्न (अर्थात् दिव्य) सक्रियताको प्राप्तिद्वारा जबसम्म प्राणी जडभिन्न जगत्को क्षेत्रमा आफूलाई माथि चढाउँदैन (अर्थात् आत्मिक उन्नति गर्दैन) तबसम्म जडभिन्न जगत्को विनाश हुँदा ऊ पनि भौतिक रूपले नष्ट हुन्छ र एक नयाँ जड विश्वमा भौतिक आकार लिई पुनर्जन्म ग्रहण गर्ने विषय बन्दछ । अर्को शब्दमा त्यो (प्राणी) बारंबारको जन्म र मृत्यु संबन्धी दुःख प्राप्त गरिरहन्छ । केवल ती जीवित सत्ताहरू जो कि स्पष्ट भौतिक जीवनको अवस्थामा देवाधिदेव भगवान्को सेवामा तत्पर हुन्छन्, जड शरीर त्यागेपछि निश्चित रूपले जडभिन्न (दिव्य) जगत्मा स्थानान्तरित गरिन्छ । त्यस्ता प्राणीहरूले मात्र अमरता प्राप्त गर्दछन् जो जडभिन्न (दिव्य) सक्रियताको अभ्यास द्वारा भगवान् भएतिर फर्कन्छन् ।

यी जडभिन्न सक्रियता के हुन् ? ती वास्तवमा औषधि हुन् । उदाहरणको निम्ति, जब कुनै मानिस बिरामी हुन्छ, ऊ डाक्टरकहाँ जान्छ । डाक्टर उसको निम्ति औषध निर्धारित गर्छ, जसबाट रोगी आखिरमा रोगमुक्त हुन्छ । यसैप्रकार जडवादी बिरामी व्यक्ति हुन्छ, उसले कुनै अनुभवातीतवादी विशेषज्ञ चिकित्सकसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सल्लाह गर्नुपर्छ । उसको रोग के हो ? ऊ स्वयं बारंबार-को जन्म, मृत्यु, रोग र जरा (बुढौती) का दुःखहरूबाट पीडित छ । अतः ऊ एकपल्ट स्वयं 'भगवान्तिर फर्क' भन्ने उपचारको अन्तर्गत आउँछ र उसले भौतिकभिन्न दिव्य जगत्तिर प्रस्थान गर्न बाध्य हुनुपर्ने हुन्छ । जहाँ-सम्म मृत्युको ठाउँमा अनन्त जीवन छ ।

जडात्मक जगत्को प्रलय दुइ किसिमले हुन्छ । प्रत्येक ४,३००,०००×१,००० सौर वर्षको अन्तमा अथवा भौतिक जगत्मा सर्वाधिक उच्च ग्रह ब्रह्मलोकको प्रत्येक दिनको अन्तमा आंशिक लय हुन्छ । आंशिक लयको त्यस समयमा ब्रह्मलोक जस्ता माथिल्ला ग्रहलोकहरूको लय हुँदैन, तर ४,३००,०००×१,०००×२×३०×१२×१०० सौर वर्षको प्रत्येक अवधिको अन्तमा समस्त ब्रह्माण्ड जडभिन्न पिण्डभित्र विलीन हुन्छ । जुन जडभिन्न पिण्डबाट भौतिक तत्त्वहरू निस्कन्छन्, देखापर्छन् र विनाश भएपछि विलीन हुन्छन् । जडभिन्न जगत् जो कि भौतिक आकाश-बाट धेरै पर स्थित छ, कहिल्यै नष्ट (लय) हुँदैन । यसले (समस्त) भौतिक जगत्लाई अँगालेको छ । जड जगत् र जडभिन्न जगत्हरूको बीचमा 'टक्कर' हुन सक्छ जस्तो कि वैज्ञानिकहरूले अनुमान गरेका छन्, र भौतिक जगत्हरू नष्ट हुन सक्छन् । तर जडभिन्न जगत्हरूको लय हुँदैन । शाश्वत रूपले स्थित जडभिन्न वा दिव्य जगत् भौतिक वैज्ञानिकहरूको लागि अदृश्य र अज्ञेय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनले केवल 'यस्ता जगत्का तत्त्वहरू जड संसारका गुणहरूभन्दा विपरीत हुन्छन्, भन्ने जानकारीसम्म पाएका हुन सक्छन् । दिव्य विश्वको पूर्ण विवरण त केवल मोक्ष पाएका प्राधिकारिक व्यक्ति वा आप्तहरूको अचूक स्रोतबाट मात्र प्राप्त गर्न सकिन्छ, जसले जडभिन्न सिद्धान्तको संघटनबारे पूर्णरूपमा जानेको हुन्छ । यो ज्ञान देवाधिदेव भगवान्को समर्पणशील शिष्यले सुनेर प्राप्त गरेको हुन्छ ।

यसप्रकार भौतिक सृष्टिका प्रथम जीवित सत्ता भएका ब्रह्मालाई वैदिक ज्ञानको उपदेश दिइयो । यो ज्ञान ब्रह्माले नारदमुनिलाई दिए । यसैप्रकार देवाधिदेव भगवान् श्रीकृष्णले भगवद्गीताको उपदेव सौर देवता विवस्वान्लाई दिनुभयो । साथै शिष्य परंपराको श्रवण-शृङ्खला चुँडेपछि भगवान् श्रीकृष्णले कुरुक्षेत्रको रणभूमिमा अर्जुनको समक्ष यसलाई दोहो-याउनु भयो । त्यस समय श्रीकृष्णबाट अनुभवातीत ज्ञान प्राप्त गर्न अर्जुनले शिष्य र छात्रको भूमिका खेले । संसारका कट्टर जडवादीहरूको संभावित सबै भ्रान्तिहरूलाई हटाउन अर्जुनले सबै किसिमका प्रश्न गरे र साधारण मानिसले बुझ्न सक्ने किसिमले भगवान् श्रीकृष्णले ती प्रश्नहरूको उत्तर दिनु भयो । केवल जडरूप संसारका तडकभडक वा ग्ल्यामर बाट प्रभावित भएका वितण्डावादीहरू मात्र भगवान् श्रीकृष्णको आप्तत्व अर्थात् आधिकारिकतालाई स्वीकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दैनन् । जडभिन्न जगत्का विवरण जान्न खोज्नु अघि व्यक्तिले आफ्नु स्वभाव र हृदयलाई पूर्णतया सफा बनाउनु पर्छ । भक्तियोग त्यस्तो विस्तृत र अनुभवातीत सक्रियता हो, जसको अभ्यास दुवै नयाँ र पूर्ण (सिद्ध) योगीहरू गर्न सक्छन् ।

जडरूप जगत् र जडभिन्न जगत्को 'छाया प्रतिनिधि' मात्र हो । स्वच्छ हृदय र सत्स्वभावका बुद्धिमान् मानिसहरू जडभिन्न जगत्का सबै विवरणहरू सम्भव भएसम्म संक्षेपमा भगवद्गीताबाट सिक्न सक्नेछन् । साथै यी विवरणहरू वास्तवमा भौतिक विवरणहरू भन्दा बढी विस्तृत छन् । आधारभूत विवरणहरू निम्नलिखित छन्–

जडभिन्न जगत्का अधिष्ठाता भगवान् श्रीकृष्ण हुनुहुन्छ जो आफ्नो मौलिक व्यक्तित्वमा साथै आफ्ना समस्त विस्तार वा विभूतिहरूमा रहनुहुन्छ। वहाँको यस्तो व्यक्तित्व र विभूतिहरूबारेको ज्ञान साधारणतया 'भक्तियोग' वा भक्तिमयी सेवा नामक जडभिन्न (दिव्य) सक्रियताहरूद्वारा मात्र प्राप्त गर्न सकिन्छ । देवाधिदेव भगवान् नै सर्वोच्च शक्ति हुनुहुन्छ र वहाँ नै समग्र जडभिन्न तत्त्व पनि हुनुहुन्छ। यसरी जड तत्त्व र जडभिन्न तत्त्व स्वयं भगवान्बाट निःसृत भएकाहुन् । भगवान् समग्र वृक्षका मूल जरा हुनुहुन्छ । जसरी कुनै रूखको जरामा पानी हालिएमा हाँगा र पातहरू स्वयं पुष्ट हुन्छन्, त्यसै गरी देवाधिदेव भगवान् श्रीकृष्णको पूजा गरिएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भौतिक जगत्का सम्पूर्ण विवरणहरू स्वतः प्रकाशित हुन्छन् र जडरूपमा कुनै काम नगरेता पनि भक्तको हृदय पुष्ट हुन्छ । यही नै भगवद्गीताको रहस्य हो ।

दिव्यलोकमा प्रवेश गर्ने प्रक्रिया जडवादीहरूको प्रक्रिया भन्दा भिन्न छ । जडात्मक विश्वमा बसेर पनि दिव्य क्रियाकलापको अभ्यासद्वारा कुनै पनि व्यक्ति दिव्य जगत्भित्र निकै सरलतासँग प्रवेश गन सक्छ । तर त्यस्ता व्यक्तिहरू दिव्य जगत्मा प्रवेश गर्न निकै दुःखको अनुभव गर्छन् जो प्रयोगात्मक विचार, मनश्चिन्तन र जडरूप विज्ञानको सीमित शक्तिमाथि निर्भर हुन्छन् । कुनै पनि कट्टर भौतिकवादी व्यक्ति वाह्य अन्तरिक्षमा आफूले छोडेको अन्तरिक्षयान, उपग्रह, रकेट आदिद्वारा आध्यात्मिक जगत्मा पुग्ने साहसिलो प्रयत्न त गर्न सक्छ तर त्यस्ता उपायद्वारा ऊ भौतिक आकाशको माथिल्लो भागमा स्थित भौतिक ग्रहहरूमा समेत पुग्न सक्दैन भने जडरूप विश्व भन्दा धेरै टाढा दिव्य आकाशमा स्थित ती ग्रहहरूको बारेमा के भन्नु ? आध्यात्मिक शक्तिको अभ्यास द्वारा जडात्मक शरीरभित्र जडभन्दा भिन्न (दिव्य) कण (आत्मा) माथि नियन्त्रण प्राप्त गर्ने सिद्ध योगीहरू कुनै पनि क्षणमा स्वेच्छाले भौतिक शरीरलाई त्याग्न सक्छन् र यस प्रकार ती जडात्मक र जडभन्दा भिन्न जगत्हरूलाई जोड्ने विशिष्ट मार्गद्वारा दिव्य जगत्मा प्रवेश गर्छन् । तिनीहरू पूर्णतया समर्थ भएमा श्रीमद्भगवद्गीतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारित गरिएका विधि अनुसार कार्य गर्नेछन्:—

> ती व्यक्तिहरू जसले अनुभवातीत (अध्यात्म) तत्त्व राम्ररी बुझेका छन्, उत्तरायण अर्थात् सूर्य आफ्नो उत्तर तिरका मार्गमा रहेका बेलामा अथवा अग्नि र ज्योति (प्रकाश) का देवताहरूले वातावरणमाथि नियन्त्रण गरिरहे-को शुभ मुहूर्तमा आफ्ना भौतिक शरीरलाई त्यागेर जडभिन्न जगत्मा पुग्न सक्छन् अर्थात् मुक्त हुन सक्छन् ।

अन्तरिक्षका दिव्य क्रियाकलापहरूको प्रशासनमा कार्य गर्न विभिन्न देवताहरू अथवा शक्तिशाली निर्देशक अधिकृतहरू नियुक्त गरिन्छन् । दिव्य अन्तरिक्षसम्बन्धी प्रबन्धका जटिलतालाई देख्न समर्थ नभएका मूर्ख देवता-हरूद्वारा हुने अग्नि, वायु, विद्युत्, दिन, रात आदिका व्यक्तिगत प्रबन्धको विचारप्रति हाँसो गर्छन् । तर भौतिक कार्यहरूका ती अदृश्य (दिव्य) प्रशासकहरूलाई कसरी सन्तुष्ट गर्ने भन्ने कुरा पूर्ण योगीहरूले नै जानेका हुन्छन् र तिनीहरू नै त्यस्ता दिव्य प्रशासकहरूका (आफू प्रतिको) सद्भावनाको फाइदा उठाउँदै दिव्य अर्थात् जड भन्दा भिन्न लोक अथवा भौतिक आकाशका सर्वाधिक उच्च ग्रहहरूमा प्रवेश गर्नका लागि स्वेच्छाले उपयुक्त क्षणमा आफ्नो भौतिक शरीरलाई त्याग्दछन् । भौतिक विश्वका उच्चतर ग्रहहरूमा (त्यस्ता) योगी सयौं वर्षसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आरामपूर्वक आनन्दमय जीवन व्यतीत गर्न सक्छन् तर त्यस्ता उच्चतर ग्रहहरूमा (पनि) जीवन अनन्त छैन। अमर जीवनको इच्छा गर्ने त्यस्ता व्यक्तिहरू आध्यात्मिक शक्तिद्वारा अन्तरिक्षमामलाका देव-प्रशासकहरूद्वारा निर्धारण गरिएको कुनै समयमा त्यस जडभिन्न दिव्यलोकमा प्रवेश गर्दछन्। त्यस्ता देव प्रशासकहरूलाई 'पृथ्वी' नामक यस सातौं तहका ग्रहमा निवास गर्ने कट्टर जडवादीहरूले देख्दैनन्।

तो व्यक्तिहरू जो योगी छैनन्, तर पनि यज्ञ, दान, तपस्या आदि पुण्यकर्मको कारण उपयुक्त समयमा मर्दछन् र मृत्यु पछि उच्च ग्रहहरूमा (स्वर्ग आदि लोकमा) पुग्न सक्छन्, तर पुनः यसै ग्रहमा अर्थात् पृथ्वीमा फर्कने (अर्थात् पुनर्जन्मका) विषय बन्दछन्। तिनको प्रयाण 'धूम' वा कालो भनिने वेलामा, (रातमा), कृष्णपक्षमा अथवा सूर्य दक्षिणायनमा भएको वेलामा (छ महीनाभित्र) हुन्छ।

सारांशमा, श्रीमद्भगवतगीता के शिफारीस गर्छ भने यदि कुनै व्यक्ति जडभन्दा भिन्न वा दिव्य लोकमा प्रवेश गर्न चाहन्छ भने ऊ या त भक्तिमयी सेवाको उपाय अपनाउन सक्छ या दिव्य क्रियाकलाप (अध्यात्म) को मार्ग अपनाउन सक्छ। ती व्यक्तिहरू जो विशेषज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभवातीतवादी (अध्यात्मवादी) हरूद्वारा निर्धारित भक्तिमयी सेवाको मार्ग अपनाउँछन्, दिव्यलोकमा प्रवेश गर्न आफूले गरेका प्रयासहरू प्रति कहिल्यै निराश हुँदैनन् । यद्यपि विघ्नवाधाहरू धेरै हुन्छन् तथापि अनुभवातीत भक्तहरूद्वारा निर्धारित मार्गको दृढतासाथ अनुसरण गर्दै भगवान् श्रीकृष्णका भक्तहरूले ती विघ्नवाधाहरूमाथि सरलता साथ विजय पाउन सक्छन् । भगवान्को जडभिन्न (दिव्य) साम्राज्यतिरको आफ्नो जीवनयात्रामा अगि बढि रहेका यात्री (भक्तहरू) कहिल्यै पनि भ्रान्तिमा पर्दैनन् । दिव्य विश्वमा प्रवेश पाउनाको निम्ति ग्यारंटीयुक्त भक्ति मार्गलाई अपनाउने कुनै पनि व्यक्ति कहिल्यै ठगिँदैन र निराश हुँदैन । 'भक्तियोग' भनी प्राविधिक रूपमा जानिने भक्तिमयी सेवाका एकतर्फी कार्यद्वारा मात्र पनि कुनै व्यक्तिले ती सबै पुण्यफल सजिलैसँग प्राप्त गर्न सक्छ, जो वेदाध्ययन, तपस्या, यज्ञ कार्य र दानबाट प्राप्त हुन्छ ।

यसकारण भक्तियोग सबै मानवको निम्ति अचूक औषधि (रामबाण) हो र विशेष गरी यस कलियुग (लौह युग) मा स्वयं भगवान् श्रीकृष्णले र वहाँकै अत्यन्त उच्च, उत्कृष्ट र उदार किसिमको श्रीचैतन्य महाप्रभुको रूपमा भएको अवतरणले यस भक्तियोगको अभ्यासलाई निकै सरल बनाउनु भएको छ । श्रीचैतन्य महाप्रभु (१४८६–१५३४ ई. सन्) बङ्गालमा जन्मे र उनले गाउँदै, नाच्दै र भगवान्को नामको कीर्तन गर्दै समस्त भारतमा सङ्कीर्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आन्दोलनको प्रचार गरे। जुनसुकै व्यक्तिले पनि महाप्रभु चैतन्यको कृपाले भक्तियोगको सिद्धान्तलाई चाँडै नै सिक्न सक्छ। यसप्रकार मनका सबै किसिमका शङ्का लोप हुने छन्। भौतिक दुःखको आगो निभ्ने छ र अनुभवातीत कृष्ण आनन्द प्राप्त हुने छ।

ब्रह्मसंहिताको पाँचौं अध्यायमा भौतिक विश्वभित्र-का विभिन्न प्रकारका (बहुरंगी) ग्रह प्रणालीको वर्णन पाइन्छ। सयौं हजारौं संख्याका भौतिक विश्वहरूमा विभिन्न प्रकारका ग्रह प्रणालीहरू छन् र यी विश्वहरू देवाधिदेव भगवान्का संरचनात्मक शक्तिको केवल एक चौथाई भाग मात्र हुन् भन्ने कुराको सङ्केत श्रीमद्भगवद्-गीतामा पनि गरिएको छ। भगवान्को संरचनात्मक शक्तिको अधिकांश (तीन चौथाई) भाग पराव्योम अथवा वैकुण्ठ लोक नामक आध्यात्मिक आकाशमा स्पष्ट हुन्छ। ब्रह्म-संहिता र श्रीमद्भगवद्गीताका यी शिक्षाहरू जडभिन्न जगत्को अस्तित्वबारे अनुसन्धान गर्ने भौतिक वैज्ञानिक-द्वारा अन्तिम रूपले पुष्ट गरिएका छन्।

यसको साथ साथ फेबुअरी २१, १९६० ई. सन्को मस्कोबाट प्रकाशित समाचारमा जनाइएको छः–

> सचेतन प्राणीहरूले निवास गरिएको विश्व (ब्रह्माण्ड) मा ग्रहहरूको असंख्य संख्या हुनै पर्छ भन्ने कुरा रूसका प्रख्यात खगोलशास्त्रका प्राध्यापक वोरिस भोरोन्त्सोभभेलियमिनोभले भनेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूसी खगोलशास्त्रीको यो वक्तव्य ब्रह्मसंहितामा दिइएको जानकारीको पुष्टि गर्दछ । यो भन्दछः-

यस्य प्रभा प्रभवतो जगदण्डकोटि-
कोटिष्वशेष-वसुधादि-विभूतिभिन्नम ।
तद्ब्रह्म निष्कलमनन्तमशेषभूतम्
गोविन्दमादिपुरुषं तमहं भजामि ॥

रूसी खगोल शास्त्रीले पुष्ट गरे बमोजिम ग्रहहरू-का मात्र अपरिचित संख्या छैनन् बरु ब्रह्मसंहिताको उद्धरण अनुसार विश्व (ब्रह्माण्ड) हरू समेत अनेक संख्याका छन् । आफूभित्रका असंख्य ग्रहहरूका साथ ती सबै अपरिमित ब्रह्माण्डहरू पौडी खेलिरहेका छन् र ती सबै यस्ता भगवान् महाविष्णुका अनुभवातीत शरीरबाट प्रकाशित भएको ब्रह्मतेजबाट उत्पन्न भएका छन्, जो (भगवान्) हामीले निवास गरिएको विश्वका अधिष्ठाता देवता ब्रह्माद्वारा पूजित छन् ।

संख्यामा दश करोड भन्दा कम नभएका भनी अनुमान गरिएका ती सबै ग्रहहरूमा प्राणीहरू निवास गर्छन् भन्ने कुराको पुष्टि पनि रूसी खगोल शास्त्रीले गरेका छन् । अपरिमित संख्याका विश्व (ब्रह्माण्ड) हरू मध्ये प्रत्येकमा बहुरङ्गी ग्रहहरूको पनि संख्या अपरिमित छ भन्ने कुराको सङ्केत ब्रह्मसंहितामा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खगोल शास्त्रीको यस मतलाई प्राध्यापक भ्लादिमिर अलपाटोभ नामक एक जना जीवशास्त्रीले अनुमोदन गरेका थिए। माथि उल्लेख गरिएका ग्रहहरू मध्ये केही (ग्रह) पृथ्वीको विकासको समान स्तरमा पुगेका छन् भन्ने कुरा यी प्राध्यापकले मानेका थिए। मस्कोबाट प्रकाशित रिपोर्ट बमोजिम:—

> यस्ता ग्रहहरूमा पनि पृथ्वीमा जस्तै जीवन समृद्ध हुन सक्छ। रसायन शास्त्रका डाक्टर निकोलाइ झिरोभले ग्रहहरूको वातावरणको समस्यामाथि विचार गर्दै भनेका छन्, उदाहरणार्थ, 'मङ्गलग्रहीय प्राणी शरीरको निम्न तापक्रमको साथ आफ्नु सामान्य अस्तित्वकोनिम्ति आफूलाई राम्ररी ढाल्न सक्छ भन्ने कुरा औंल्याएका छन्। मङ्गल ग्रहको वातावरणको ग्यासीय संघटन (त्यस्ता वातावरणमा) आफूलाई अनुकूल गर्न सक्ने प्राणीहरूको निम्ति जीवन धारण गर्न बिलकुल उपयुक्त छ भन्ने कुराको अनुभव उनले गरे।

विभिन्न प्रकारका ग्रहहरूका प्राणीहरूको अनुकूलतालाई (अर्थात् आफूलाई ढाल्न सक्ने गुणलाई) ब्रह्मसंहितामा 'विभूतिभिन्नम्' को रूपमा बयान गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ । अर्थात् विश्व (ब्रह्माण्ड) भित्रका असंख्य ग्रहहरूमध्ये प्रत्येकको विशिष्ट प्रकारको वातावरण हुन्छ र त्यहाँका प्राणीहरू वातावरणमा उत्कृष्टता र निकृष्टता अनुसार विज्ञान, मनोविज्ञान आदि क्षेत्रमा निकै अगि बढेका हुन्छन् । *विभूतिको* अर्थ हो "विशिष्ट शक्ति" र *भिन्नम्*-को अर्थ अनेक रङ्गका (विभिन्न चित्र विचित्र) भन्ने हुन्छ । पृथ्वीको वातावरणमा आफूलाई अनुकूल बनाउने प्राणीहरूमा अन्य ग्रहहरूका वातावरणमा बाँच्न सक्दैनन् भन्ने कुरा त्यस्ता वैज्ञानिकहरूले जान्नं पर्दछ, जो यान्त्रिक उपायद्वारा अन्य ग्रहहरूमा पुग्ने प्रयासको सिलसिलामा बाह्य अन्तरिक्षको खोज गर्ने प्रयासमा लागिरहेछन् । यसरी चन्द्रमा, सूर्य वा मङ्गल ग्रहहरूमा बेग्लै किसिमको वातावरण भएको हुनाले ती ग्रहहरूमा पुग्ने मानिसको प्रयास एकदमै व्यर्थ हुनेछ । वास्तवमा कुनै मानिस आफूले चाहेको कुनै पनि ग्रहमा व्यक्तिगत रूपले जाने प्रयास गर्न सक्छ तर सो कार्य मनमा (हुने) मनोवैज्ञानिक (यौगिक) परिवर्तनद्वारा सम्भव हुन्छ । मन भौतिक शरीरको मूलकेन्द्र स्थान हो । भौतिक (जड) शरीरको क्रमशः हुने क्रान्तिकारी प्रगति मनभित्रको मनोवैज्ञानिक परिवर्तनमा भर पर्छ । एउटा कीराको पुतलीको रूपमा हुने शारीरिक परिवर्तन अथवा त्यसको ठीक विपरीत हुनु थेर-थोर मनोवैज्ञानिक परिवर्तनमा भर पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवद्गीतामा भनिएको छ- यदि कुनै मानिस मृत्युको समय देवाधिदेव भगवान् श्रीकृष्णको स्वरूपमा आफ्नो मनलाई केन्द्रित गर्छ (अर्थात् वहाँको मनोहर छविको ध्यान गर्छ) र यसो गर्दै आफ्नो शरीर त्याग्छ भने ऊ तुरन्त जडभिन्न या दिव्यलोकको आध्यात्मिक अस्तित्वमा प्रवेश गर्दछ। यसको अर्थ के भयो भने कुनै पनि व्यक्ति जसले आफ्नो मनलाई भक्तिमयी सेवका निर्धारित नियम-हरूको पालनाद्वारा जडबाट देवाधिदेवको आध्यात्मिक स्वरूप तिर मोड्ने तालिम दिन्छ भने ऊ जडभिन्न आकाशमा स्थित भगवान्को राज्य (दिव्य धाम) मा सजिलैसँग पुग्न सक्छ। यस कुरामा कुनै शङ्का छैन।

यसको साथ साथ यसैगरी यदि कुनै व्यक्ति जडा-काशमा स्थित कुनै अन्य ग्रहमा प्रवेश गर्ने इच्छा गर्छ भने ऊ आफ्नो वर्तमान शरीरलाई त्यागेपछि अर्थात् मृत्युपछि त्यहाँ जान सक्छ। यस प्रकार यदि कुनै व्यक्ति चन्द्रमा, सूर्य वा मङ्गलमा जान चाहन्छ भने उसले यस उद्देश्यको निम्ति (निर्धारित) कार्यहरूको अनुष्ठानद्वारा मात्र यसो गर्न सक्छ। यस भनाइको पुष्टि भगवद्गीताले निम्न-लिखित शब्दहरूमा गरेको छः—

> कुनै व्यक्ति मृत्युको समय जुन कुराको ध्यान गर्दछ, जुन विचार वा भावमा डुबेको हुन्छ मृत्यु पछि ऊ त्यही विशिष्ट वस्तु वा भावलाई प्राप्त गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कष्टसाध्य तपोमय जीवन व्यतीत गरेता पनि महाराज भरतले आफ्नो मृत्युको समयमा बाह्रसिंगे (जरायो) को बारेमा सोचेका थिए, यस कारण मृत्युपछि ती बाह्रसिंगा नै भए । तंपनि तिनमा आफ्नो भूतकालको जीवनबारेको (पूर्व जन्मको) स्मृति-चेतना थियो र तिनले आफ्नो भूलबारे जाने । कसैको मृत्युको समयको विचार आफ्नो जीवनमा उसले गरेको वास्तविक कर्मद्वारा प्रभावित हुन्छ भन्ने कुरा बुझ्नु जरूरी छ ।

श्रीमद्भागवद्मा (तृतीयस्कन्ध, अध्याय ३२) चन्द्रमामा प्रवेश गर्ने क्रियाको वर्णन यसरी गरिएको छः–

> भगवान्को धाम बारे जानकारी नभएका जडवादी मानिस धन, यश र मानसम्मान जस्ता भौतिक वस्तुका पछि सँधै बहुलाउँछन् । यस्ता मानिसहरू आत्मसन्तुष्टिको निम्ति आफ्ना पारिवारिक इकाइको भरण-पोषण र उन्नतिमा बढी चाख लिन्छन्; यसै गरी तिनी-हरू सामाजिक र राष्ट्रिय कल्याण कार्यमा पनि रुचि लिन सक्छन् । यस्ता मानिसहरू भौतिक क्रियाकलापद्वारा चाहेको उद्देश्य प्राप्त गर्छन् । तिनीहरू निर्धारित धार्मिक कृत्यहरूको अनुष्ठानमा यान्त्रिक रूपले लागेका हुन्छन् र फलस्वरूप शास्त्रोक्त पद्धति अनुसार तर्पण, श्राद्ध आदिद्वारा पितृहरूलाई र यज्ञ (हवन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदिद्वारा सामान्य देवताहरूलाई सन्तुष्ट गर्न तत्पर रहन्छन् । यस्ता यज्ञ र धार्मिक कृत्यहरू गर्ने बानी भएका मानिसहरू मृत्युपछि चन्द्रमामा प्रवेश गर्छन् । यस प्रकार कुनै व्यक्ति चन्द्रमामा पुगेपछि सोमरस नामक दिव्य पेयको आनन्द लिने अधिकार पाउँछ । चन्द्र ग्रहका अधिष्ठाता देवता चन्द्रमा हुन् । त्यहाँका वातावरण र सुख सुविधाका वस्तुहरू पृथ्वीको भन्दा निकै नै अधिक आरामदायी र लाभदायक हुन्छन् । कुनै व्यक्तिले यसरी चन्द्रमामा पुगेपछि त्यस अवसरलाई त्यसभन्दा उत्तम ग्रहमा आत्मोन्नति गर्न उपयोग गर्दैन भने, उसको अवनति हुन्छ र ऊ पुनः पृथ्वी वा त्यो जस्तै अन्य ग्रहमा फर्कन बाध्य हुन्छ । वस्तुतः जडवादी मानिसहरू यसरी उच्चतर ग्रह प्रणालीमा पुग्न त सक्छन् तथापि प्रलयको समयमा निश्चित रूपमा नष्ट हुन्छन् ।

आध्यात्मिक आकाश अर्थात् 'पराव्योम' मा वैकुण्ठ ग्रहलोकहरू छन् । आध्यात्मिक प्रकृतिका वैकुण्ठ ग्रहलोकहरू भगवान्को अन्तरङ्ग शक्ति अर्थात् पराप्रकृतिकै दृश्यमात्र अभिव्यक्ति हुन् र यिनको भौतिक (जडवादी) आकाशका भौतिक ग्रहहरू (भगवान्को बहिरङ्ग शक्ति वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपरा प्रकृति) सँगको अनुपात ३ : १ हुन्छ। बिचरा जडवादीहरू यस्तो ग्रहलोकमा राजनीतिक व्यवस्था मिलाउने कार्यमा व्यस्त छन् जुन ग्रह भगवान्‌को सृष्टिमा अत्यन्त महत्त्व-हीन छ। असंख्य ग्रहलोकहरू र बाह्य अन्तरिक्षका तारक समूहहरूको साथ समग्र ब्रह्माण्डमा पृथ्वीको के कुरा गर्नु जसको तुलना तोरीले भरिएको झोलामा एक गेडा तोरीको समान गर्न सकिन्छ। तर बिचरा जडवादीहरू यहाँ सुखपूर्वक बाँच्ने अनेक योजना बनाउँछन् र यस्ता कुरामा आफ्नो अमूल्य मानवशक्ति खेर फाल्दछन्, जुन कुराले उनलाई उल्टो नैराश्य र विवशतातिर डोऱ्याउँछ। जड व्यापारको चिन्तनमा आफ्नु समय खेर फाल्नुको सट्टा व्यक्तिले सादा जीवन र उच्च आध्यात्मिक चिन्तनको जीवन रोजेर स्वयं स्थायी भौतिक अशान्तिबाट बचन सक्छ।

कुनै जडवादीले अतिविकसित भौतिक सुख सुविधाको आनन्द लिन चाहन्छ भने पृथ्वीमा भन्दा धेरै उन्नत किसिमका सुख सुविधा पाइने ग्रहलोकहरूको यात्रा गर्न सक्छ। तर शरीर त्याग गरे पछि पराव्योममा जाने तयारी गर्नु नै मानिसको सर्वोत्तम योजना हुनेछ। यसरी भौतिक सुख सुविधाको उपभोग गर्न चाहेमा व्यक्तिले योग शक्तिको उपयोग गरी अन्य ग्रहमा स्थानान्तरण गर्न सक्छ। अन्तरिक्ष वैज्ञानिकहरूको क्रीडामय अन्तरिक्षयान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालसुलभ मनोरञ्जन मात्र हो र यस उद्देश्यका निम्ति तिनीहरू बेकार समय नष्ट गर्दछन् ।

अष्टाङ्ग योग विधि जहाँसम्म कसैलाई भौतिक शरीरभित्र वायुको गतिलाई नियन्त्रित गर्ने शिक्षा दिन्छ, त्यहाँसम्म भौतिक विषय हुन्छ । आध्यात्मिक स्फुलिङ्ग स्वरूपको आत्मा शरीरभित्र वायुमाथि उत्रिरहन्छ र श्वास र प्रश्वास आत्माको निवास रहेको त्यस वायुका अर्थात् प्राणवायुका तरङ्ग हुन् । यसकारण योगविधि भनेको प्राणवायुलाई पेटबाट नाभिसम्म, वक्ष:स्थलबाट स्कन्धमूल-सन्धि (छातिमाथि र घाँटीतलको हाड), त्यहाँबाट नेत्र-गोलक (आँखाको नानी) त्यहाँबाट मस्तिष्क र त्यहाँ-बाट इच्छा गरिएको ग्रहलोकसम्म स्थानान्तरण गरेर त्यसलाई नियन्त्रण गर्ने भौतिक क्रिया हो । वायु र प्रकाशको वेगबारे विचार गर्ने काम जडवादी वैज्ञानिकको हो तर उसलाई पनि मन र बुद्धिको बेगबारे कुनै ज्ञान हुँदैन । हामीलाई मनको वेगबारे सीमित अनुभव छ किनभने कहिलेकाहीं हामी आफ्नो मनलाई हजारौं माइल टाढासम्म पुऱ्याउन सक्छौं । बुद्धि मनभन्दा पनि बढी सूक्ष्म हुन्छ । अम्र आत्मा त्यो भन्दा पनि सूक्ष्मतम हुन्छ । आत्मा मन र बुद्धि जस्तो भौतिक तत्त्व होइन, त्यो त जडभिन्न आत्मतत्त्व हो । यसरी आत्मा हजारौं खण्डको एउटा सूक्ष्मतम खण्ड हो र यो बुद्धिभन्दा निकै बढी शक्तिशाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । एक ग्रहबाट अर्को ग्रहतिरको यात्रामा आत्माको वेगको बारेमा केवल अनुमान मात्र गर्न सकिन्छ । आत्मा आफ्नै शक्तिले भौतिकयान जस्तो कुनै अन्य कुराको सहायता नलिकन यात्रा गर्छ भन्ने कुरा गर्नु यहाँ जरूरी छैन ।

आहार, निद्रा, भय र मैथुनको पाशविक सभ्यताले आधुनिक मानवलाई आफ्नै आत्मा कति शक्तिशाली छ भन्ने कुरालाई बिर्साएर पथभ्रष्ट गरेको छ । जस्तो कि बयान गरियो, आत्मा आध्यात्मिक स्फुलिङ्ग हो, जो सूर्य, चन्द अथवा विद्युत्‌भन्दा कैयौं गुना अधिक प्रकाशमान, दीप्तिमय, र शक्तिमान् हुन्छ । जबसम्म कसैले आफ्नो आत्माको साथ वास्तविक तादात्म्यको अनुभव गर्दैन, मानवजीवन निरर्थक हुन्छ । मानवलाई यसप्रकारको पथभ्रष्ट गर्ने सभ्यताबाट जोगाउन चैतन्य महाप्रभुको आफ्ना शिष्य नित्यानन्दको साथ अविर्भाव भयो ।

योगीहरू ब्रह्माण्डका समस्त ग्रहलोकहरूको यात्रा कसरी गर्न सक्छन् यस कुराको वर्णन श्रीमद्‌भागवतमा पनि गरिएको छ । प्राण शक्तिलाई मस्तिष्कमा चढाइए पछि 'सातौं परिक्रमा पथ' नामक आँखा, नाक, कान आदि छिद्र स्थानबाट विस्फोट भई त्यो (प्राणशक्ति) बाहिर जाने पूरा सम्भावना हुन्छ । तर योगीहरू प्राणवायुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णतया रोकेर ती छिद्रहरूलाई बन्द गर्न सक्छन् । त्यसपछि योगी प्राणलाई भ्रूमध्य (आँखिभूईको बीचमा) मा केन्द्रित गर्दछ । यस स्थितिमा आफ्नो शरीर छोडे पछि त्यो योगी जुन लोक वा ग्रहमा प्रवेश गर्न चाहन्छ, त्यसको बारेमा चिन्तन गर्न सक्छ । त्यो योगी तब भगवान् श्रीकृष्णको अनुभवातीत धाममा जहाँ पुगेपछि उसले पुनः जडरूप जगत्मा फर्कनु पर्दैन त्यस्तो दिव्य वैकुण्ठ धाममा जान चाहन्छ अथवा भौतिक ब्रह्माण्डको कुनै उच्चतर लोकको यात्रा गर्न चाहन्छ, यस कुराको निर्णय गर्न सक्छ । वास्तवमा सिद्ध योगी यी दुइमध्ये एउटालाई रोज्न स्वतन्त्र हुन्छ ।

पूर्ण चेतनमा शरीर त्याग्ने प्रक्रियामा सफलता पाए यो सिद्ध योगीले एकबाट अर्को लोकको विचरण गर्नु त सामान्य मानिसले घरेलु सामानको पसलतिर हिंड्नु भैं सरल हुन्छ । जस्तो कि माथि भनियो, भौतिक शरीर आत्माको आवरण मात्र हो । वास्तवमा मन र बुद्धि आत्माको भित्री आवरण हो भने पृथ्वी, जल, वायु आदिले (पञ्चमहाभूतले) बनेका स्थूल शरीर चाहीं बाह्य आवरण हो । योगक्रियाद्वारा आफूलाई राम्ररी चिनेको तथा जड पदार्थ र आत्माको आपसी सम्बन्धबारे राम्ररी जानेको कुनै उन्नत व्यक्तिले आफ्नो आत्माको स्थूल वस्त्ररूप शरीरलाई स्वेच्छाले त्याग्न सक्छ । भगवान्को कृपाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलाई पूर्ण स्वतन्त्रता प्राप्त छ। भगवान् दयालु हुनुहुन्छ, अतः हामी चाहे आध्यात्मिक लोकमा चाहे भौतिक आकाश वा आफूले चाहेको जुनसुकै ग्रह वा लोकमा बस्न सक्छौं। वास्तवमा यस स्वतन्त्रताको दुरुपयोग गर्नु नै व्यक्तिको निम्ति जडरूप जगतमा ओर्लने र त्यहाँको बन्धनग्रस्त जीवनका त्रिविध ताप भोग्ने कारण बन्दछ। कवि मिल्टनले आफ्नो काव्य 'प्याराडाइज लस्ट' मा आत्माद्वारा आफ्नै इच्छाले भौतिक जगत्मा भोगिने दुःखमय जीवनयापनको चित्रण राम्ररी गरेका छन्। यस प्रकार आत्मा स्वेच्छाले स्वर्ग जान वा 'घर' फर्कन अर्थात् भगवान्को धाममा जान सक्छ।

मृत्युको सङ्कटकालमा कुनै व्यक्ति प्राणशक्तिलाई भ्रूमध्यमा स्थिर राखेर आफू कहाँ जाने भन्ने कुराको निर्णय गर्न सक्छ। यदि ऊ भौतिक लोकसँग कुनै सम्बन्ध राख्न चाहँदैन भने एकै पलमा अनुभवातीत वैकुण्ठमा पुग्न सक्छ। जहाँ उसले आध्यात्मिक वातावरणमा उपयुक्त हुने किसिमको सूक्ष्म शरीर प्राप्त गर्छ। उसले आफ्ना सूक्ष्म र स्थूल दुवै स्वरूपमा जडात्मक जगत्लाई त्याग्ने इच्छा मात्र गर्नुपर्छ; प्राणशक्तिलाई कपाल (खप्पर) को माथिल्लो भागतिर सार्नुपर्छ र अन्तमा 'ब्रह्मरन्ध्र' नामक कपाल छिद्रबाट शरीर त्याग्नु पर्छ। यही नै योगाभ्यासको सर्वाधिक पूर्णता अर्थात् सिद्धि हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा मानव स्वतन्त्र इच्छाले सम्पन्न हुन्छ र यस स्थितिमा यदि ऊ स्वयं जडात्मक जगत्बाट स्वतन्त्र हुन चाहँदैन भने उसले ब्रह्मपदको अर्थात् ब्रह्मलोकको जीवन उपभोग गर्न र सिद्धलोकको यात्रा गर्न सक्छ। सिद्धलोक भौतिक दृष्टिले पूर्ण रहेका प्राणीहरूको ग्रह हो। यहाँका प्राणी गुरुत्व, स्थान, समय इत्यादिमाथि नियन्त्रण राख्न पूर्ण समर्थ हुन्छन्। भौतिक ब्रह्माण्डका यी उच्चतर ग्रहहरूको यात्रा गर्नाको लागि कसैले मन र बुद्धि जस्ता सूक्ष्मतर तत्वको त्याग गर्नु पर्दैन, केवल जड शरीर जस्तो स्थूल पदार्थ मात्र त्यागे हुन्छ।

मानव-निर्मित उपग्रह र यान्त्रिक अन्तरिक्षयान मानवलाई बाह्य अन्तरिक्षका ग्रहहरूतिर लग्न कदापि सफल हुँदैनन्। मानव चन्द्रमाको आफ्ना बहुप्रचारित यात्राहरूमा समेत जान सक्तैनन् किनभने, जस्तो कि माथि भनियो, यस्ता उच्चतर ग्रहहरूका वातावरण यहाँ पृथ्वीको भन्दा भिन्न छ। प्रत्येक ग्रहको आफ्नै विशिष्ट वातावरण हुन्छ। यदि कोही व्यक्ति भौतिक विश्वभित्रको कुनै ग्रह विशेषको यात्रा गर्न चाहन्छ भने उसको भौतिक शरीर त्यस ग्रहको मौसमी अवस्थाको अनुरूप आफूलाई ढाल्न सक्ने किसिमको हुनुपर्छ। उदाहरणार्थ, कोही भारतबाट यूरोप जान चाहन्छ भने मौसमी अवस्था भिन्न भएकोले उसले आफ्ना लुगा तदनुकूल फेर्नु पर्दछ। यसै प्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैकुण्ठ लोकका अनुभवातीत ग्रहहरूमा जान चाहने व्यक्तिले आफ्नो शरीरको पूर्ण परिवर्तन गर्नु आवश्यक हुन्छ ।

यदि कुनै व्यक्ति उच्चतर भौतिक लोकहरूमा जान चाहन्छ भने उसले आफ्नो मन, बुद्धि-अहङ्काररूपी सूक्ष्मतर वस्त्र त धारण गरिरहन सक्छ तर पृथ्वी, जल, तेज, वायु र आकाश (पञ्चभूत) ले बनेको स्थूल शरीर-लाई त्याग्नैपर्छ । कुनै व्यक्तिले अनुभवातीत लोकमा जान चाहेमा सूक्ष्म र स्थूल दुवै किसिमका शरीरहरूलाई बदल्नै पर्छ किनभने आध्यात्मिक आकृतिमा मात्र आध्यात्मिक अर्थात् पराव्योममा पुग्न सकिन्छ । मृत्युको समयमा कसैले चाहेमा वस्त्रमा यस्तो परिवर्तन स्वतः हुनेछ । तर मृत्यु-कालमा यस्तो इच्छा तब मात्र जाग्न सक्छ जब जीवन-कालमै त्यसलाई जगाई विकसित गरिन्छ । जहाँ जसको खजाना हुन्छ त्यहीं उसको मन जान्छ । कुनै व्यक्तिले भक्तिमयी सेवाको अभ्यास गरेर भगवान्को धामलाई प्राप्त गर्ने इच्छा जगाउन र त्यसलाई विकसित गर्न सक्छ । सामान्य अभ्यासका तल लेखिए बमोजिमका विवरणहरू-द्वारा मानिसले जडभिन्न ग्रह अर्थात् वैकुण्ठको सरल यात्राको तयारी गर्न सक्छ । वैकुण्ठ लोकको जीवन जन्म, जरा, व्यक्ति र मृत्युबाट मुक्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य अभ्यास (सकारात्मक कृत्यहरू)

१. वैज्ञानिक प्रक्रियाले प्रशिक्षण पाउन अध्यात्ममार्गका प्रशिक्षणार्थीले सुयोग्य र विश्वसनीय व्यक्तिलाई आध्यात्मिक गुरु मान्नु पर्छ। इन्द्रियहरू भौतिक प्रकृतिका हुन्छन्, यसकारण ती द्वारा अनुभवातीत तत्त्वको ज्ञान सम्भव हुँदैन। अतः सुयोग्य आध्यात्मिक गुरुको निर्देशनमा शास्त्रद्वारा निर्धारित विधि बमोजिम इन्द्रियहरूलाई अध्यात्मोन्मुखी बनाउनु पर्छ।

२. सुयोग्य र विश्वसनीय व्यक्तिलाई गुरु थापेपछि शिष्यले विधिपूर्वक दीक्षा लिनै पर्छ। दीक्षा-ग्रहणले आध्यात्मिक तालिमको प्रारम्भ जनाउँछ।

३. प्रशिक्षणार्थीले गुरुलाई सबै किसिमले सन्तुष्ट राख्ने प्रयास गर्नुपर्छ। सुयोग्य आध्यात्मिक गुरु आध्यात्मिक विज्ञानका प्रक्रियाहरूका पूर्ण ज्ञाता हुन्छन्, भगवद्गीता, वेदान्त, श्रीमद्भागवत र अनेक उपनिषद् जस्ता आध्यात्मिक शास्त्रका ज्ञाता, विद्वान् र आत्मज्ञानी हुन्छन्; साथै तिनले देवाधिदेव भगवान्सँग साक्षात्कारको सम्बन्ध स्थापित गरेका हुन्छन्। वास्तवमा त्यस्ता गुरु पारदर्शी हुन्छन् जसद्वारा इच्छुक प्रशिक्षार्थीलाई वैकुण्ठ लोकको मार्गतिर लगिन्छ। आध्यात्मिक गुरुलाई सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमले प्रसन्न राख्नु पर्दछ । किनभने तिनका शुभेच्छा र आशीर्वादको कारण मात्र पनि प्रशिक्षार्थीले यस मार्गमा आश्चर्यदायक प्रगति गर्न सक्छ ।

४. सबै किसिमका शङ्का उपशङ्का समाधान गर्ने उद्देश्यले बुद्धिमान् प्रशिक्षार्थीले आध्यात्मिक गुरुसँग बुद्धिमत्तापूर्ण प्रश्न सोध्नु पर्दछ । गुरुले पनि मनमानी ढङ्गले होइन बरु आध्यात्मिक मार्गमा लागेका आप्त अर्थात् अधिकृत व्यक्तिका सिद्धान्त अनुसार शिष्यलाई बाटो देखाउने छन् । यस्ता आप्तहरूका नाम शास्त्रमा लेखिएका छन् । आध्यात्मिक पक्षको निर्देशनमा रही शिष्यले त्यस्ता आप्त पुरुषहरूको अनुसरण गर्नु पर्दछ ।

५. प्रशिक्षणार्थीले विशिष्ट विधिको अभ्यास गरेर सफलता पाएका महान् ऋषिहरूका पदचिह्नको अनुसरण गर्ने प्रयास गर्नु पर्दछ र यसैलाई जीवनको आदर्श मान्नु पर्दछ । उसले तिनीहरूको बाहिरी देखासिकी गर्ने होइन बरु समय र परिस्थिति अनुरूप ईमानदारीका साथ तिनको अनुसरण गर्नु पर्दछ ।

६. पुस्तकमा उल्लिखित आप्त पुरुषहरूका उपदेश अनुरूप प्रशिक्षार्थीले आफ्नो स्वभाव परिवर्तन गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दछ र भगवान्लाई सन्तुष्ट राख्न अर्जुनको उदाहरणको अनुसरण गर्दै इन्द्रिय सुख र तिनीहरूको पूर्ण परित्याग दुवैबाट मुक्त हुने कोशिश गर्नुपर्छ।

७. प्रशिक्षार्थीले आध्यात्मिक वातावरणमा बस्नु पर्दछ।

८. उसले आफ्नो जीविका चल्न सक्ने जतिमात्र धनमा सन्तुष्ट रहनु पर्छ सामान्य जीवनको निम्ति चाहिने भन्दा बढी धन कमाउने कोशिश गर्नु हुँदैन।

९. उसले शुक्लपक्ष र कृष्णपक्ष गरी सबै एकादशीमा व्रत बस्नु पर्छ।

१०. उसले वरको रूख, गाई, विद्वान् ब्राह्मण र भक्तहरू प्रति आदर प्रदर्शन गर्नुपर्छ।

भक्तिमय सेवामार्गका यी प्रारम्भिक खुड्किला हुन्। प्रशिक्षार्थीले विस्तारै विस्तारै अन्य निषेधात्मक कर्तव्यहरूको पनि पालन गर्दै जानुपर्छ–

११. भक्ति र भगवत् नाम सङ्कीर्तन गर्दा पापबाट बच्नु पर्छ, अर्थात् शास्त्र विरुद्ध कृत्यहरू गर्नु हुन्न।

१२. अभक्तसँगको बढी बस उठ (साहचर्य) बाट बच्नु पर्छ।

१३. गुरुले धेरै व्यक्तिलाई शिष्य बनाउनु हुँदैन। किनभने जसरी सीमित संख्याका छात्रहरूको साथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कक्षामा एक छात्रलाई नेता बनाइन्छ, त्यसँगरी उपर्युक्त आरम्भका १२ बूँदाका विषयहरूलाई सफलतापूर्वक पालन गर्ने व्यक्ति स्वयं आध्यात्मिक गुरु बन्न सक्छ ।

१४. प्रशिक्षार्थीले शास्त्रका प्रसङ्गहरूलाई अशास्त्रीय रूपले उध्दृत गरेर मात्र स्वयंलाई महान् विद्वान् छु भनी देखाउनु हुँदैन । अन्य विषयमा अनावश्यक ज्ञान प्राप्त गर्नुको सट्टा उसले आवश्यक शास्त्रीय ग्रन्थहरूको ठोस ज्ञान प्राप्त गर्नु पर्दछ ।

१५. यी चौधवटा बूँदाहरूको निरन्तर र सफल अभ्यास-द्वारा भौतिक हानि र लाभका कठिन परीक्षाको बीचमा रहेर पनि प्रशिक्षार्थी मानसिक शान्ति प्राप्त गर्न समर्थ हुने छ ।

१६. यसपछिको चरणमा शिक्षार्थी शोक र भ्रम अर्थात् मायाबाट प्रभावित हुँदैन ।

१७ प्रशिक्षार्थी अन्य व्यक्तिको धर्म वा पूजा विधान प्रति गिल्ला गर्दैन तथा परमेश्वर वा उनका भक्तहरूको उपहास गर्दैन ।

१८. ऊ भगवान् वा वहाँका भक्तहरू प्रतिको अनादर वा दुर्वाच्यलाई कदापि सहँदैन ।

१९. प्रशिक्षार्थीले स्त्री-पुरुषसँग सम्बन्धित कुराकानीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्नु हुँदैन र अरूको परिवारसँग सम्बन्ध राख्ने व्यर्थको विषयमा पनि रुचि लिनु हुँदैन ।

२०. उसले कुनै पनि प्राणीलाई शारीरिक वा मानसिक यातना दिनु हुँदैन ।

गम्भीर शिक्षार्थीहरूले यी बीस बूँदाहरूमध्ये आरम्भका तीन बूँदाका विषयहरू पालन गर्नु ज्यादै आवश्यक छ । हुन त अध्यात्म विद्याका जिज्ञासुहरूले पालन पर्नुपर्ने जम्मा ४४ वटा अन्य बूँदाहरू पनि छन् । तर श्रीचैतन्य महाप्रभुले तिनमध्ये ५ ओटालाई अत्यन्त आवश्यक मानी छानेका छन् । नागरिक जीवनको वर्तमान अवस्थालाई ध्यानमा राखी यो छनोट गरिएको हो—

१. भक्तहरूसँग सत्सङ्ग गर्नु पर्छ । भक्तहरूको कुरा ध्यानपूर्वक सुनेर, तिनीहरूसँग सम्बन्धित प्रश्नहरू सोधेर, तिनलाई भोजन गराएर, तिनीहरूबाट भोजन ग्रहण गरेर, तिनीहरूलाई दान दिएर तथा उनीहरूले दिएको प्रत्येक वस्तु स्वीकार गरेर भक्तहरूसँग सत्सङ्ग गर्न सकिन्छ ।

२. सबै अवस्थामा भगवान्को पवित्र नामको सङ्कीर्तन गर्नु पर्दछ । भगवन्नामसङ्कीर्तन भगवत्साक्षात्कारको सस्तो र सजिलो प्रक्रिया हो । भगवान्का असंख्य नामहरूमध्ये जुनसुकै नाम सँधै उच्चारण गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ । यसरी प्रत्येक परिस्थितिमा व्यक्तिले भगवान्‌को सङ्कीर्तन गर्ने प्रयास गर्नुपर्छ । भगवान्‌का अनुभवातीत नामको उच्चारण गर्दा मानिसले दश किसिमका पापहरू गर्न सक्छन्; यथाशक्य त्यस्ता पापहरूबाट बच्नुपर्छ ।

३. श्रीमद्भागवतमा वर्णित अनुभवातीत विषय सुन्नु र बुझ्नु पर्दछ । सुयोग्य भक्तको व्याख्यान र भागवतको प्रामाणिक अनुवादको माध्यमले यो सम्भव हुन्छ ।

३. भगवान् श्रीकृष्णको जन्मभूमि मथुरामा घर बनाउनु पर्छ अथवा परिवारका सारा सदस्यहरूद्वारा पूजा गर्न आध्यात्मिक गुरुबाट विधिपूर्वक प्राणप्रतिष्ठा गरिएको भगवान्‌को मूर्तिलाई घरमा स्थापित गरेर आफ्नै घरलाई मथुरा झैं सुन्दर र पवित्र बनाउन सकिन्छ ।

५. स्थापित भगवन्मूर्तिको भक्तिपूर्वक पूजा गर्नु पर्छ, जसले गर्दा घरको सम्पूर्ण वातावरण भगवान्‌को धामको प्रतिकृति बन्नेछ । अनुभवातीत कलाको जानिफकार र जिज्ञासुलाई उपयुक्त विधिको जानकारी दिन सक्ने आध्यात्मिक गुरुको निर्देशनमा यो सम्भव हुन्छ ।

उपर्युक्त पाँच बूँदाहरूलाई संसारभरिका मानिसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपनाउन सक्छ । यस प्रकार आफ्ना समयका पतित मानवहरूलाई उद्धार गर्न अवतरित भएका श्रीचैतन्य महाप्रभुजस्ता आप्त व्यक्तिद्वारा मान्यता प्राप्त सामान्य विधिअनुसार प्रत्येक व्यक्ति भगवान् भएतिर अर्थात् वहाँ-को धाममा जान सक्छ ।

यस विषयमा विस्तृत विवरण जान्न 'भक्तिरसा-मृतसिन्धु' जस्तो ग्रन्थ पढ्नु पर्छ । यसको संक्षिप्त रूप हामीले अंग्रेजीमा 'द नेक्टार अफ डिभोशन' शीर्षकमा प्रस्तुत गरेका छौं ।

आध्यात्मिक लोकको स्थानान्तरको सम्पूर्ण प्रक्रियामा मानिसले आत्माको स्थूल र सूक्ष्म आवरणको संरचनालाई क्रमशः नष्ट गर्नुपर्छ । भक्तिमय क्रियाकलाप-का उपर्युक्त पाँच बूँदाहरू आध्यात्मिक रूपले यति शक्तिशाली छन् कि यिनको पालन गर्न भावुक भक्तले प्रारम्भिक चरणमा समेत चाँडै नै आध्यात्मिक भावावस्था अथवा 'भाव'– (अर्थात् भगवत्प्रेमको पहिलो अवस्था) लाई प्राप्त गर्न सक्छ । यस्तो आध्यात्मिक भाव मानसिक र बौद्धिक कार्यकलाप भन्दा भिन्न अनुभवातीत हुन्छ । भाव वा भगवत्प्रेममा पूर्णतया भिजेको व्यक्ति आत्माको भौतिक नश्वर आश्रयस्थल अर्थात् शरीरलाई त्याग्नासाथ पराव्योम (आध्यात्मिक आकाश) मा पुग्न सक्छ । अझै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थूल शरीर धारण गरिरहेता पनि भक्तलाई भगवान् प्रतिको उसको अनन्य र सम्पूर्ण प्रेमले आध्यात्मिक धरातलमा पुऱ्याइदिन्छ । भक्त तातेर रातो भएको त्यस्तो फलाम झैं हुन्छ, जसले आगोको सम्पर्कमा आउँदा वास्तवमा फलामको होइन बरु आगोको काम गर्छ । यी कुराहरू भगवान्को अगवेषणीय र अतर्क्य शक्तिद्वारा सम्भव हुन्छन् । भगवान्को शक्तिको हिसाब लगाउने सामर्थ्य भौतिक विज्ञानमा छैन । व्यक्तिले निष्ठापूर्वक भगवान्को भक्तिमा लाग्नुपर्छ र आफ्नु निष्ठालाई स्थिर बनाउन भगवान्का प्रामाणिक भक्तहरूसँग यथासम्भव व्यक्तिगत स्तरमा सत्सङ्ग गर्नु पर्दछ अथवा त्यस्ता भक्तहरूको चिन्तन गर्नु पर्दछ । यस्तो सत्सङ्ग भगवान् प्रतिको वास्तविक भक्तिभावलाई विकसित गर्न सहायक हुनेछ र यसले गर्दा समस्त जडभ्रान्तिहरू आकाशको बिजुली झैं तुरन्तै बिलाउने छन् । भक्तिमार्गका पथिकले यसरी स्वयं आध्यात्मिक मार्गका विभिन्न चरणहरूको अनुभव गर्ने छ तथा उसको मनमा स्वयंले आध्यात्मिक मार्गमा प्रगति गरिरहेको कुरामाथि दृढ विश्वास पैदा गर्नेछ । तब मात्र ऊ भगवान् र वहाँको दिव्य धामसँग निष्ठापूर्वक सम्बद्ध हुनेछ । भगवत्प्रेमको क्रमिक प्रक्रिया यस्तै हुन्छ र यही नै मानव जीवनको प्रथम आवश्यकता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विधिद्वारा सिद्धि पाएका ऋषिमुनि र राजा आदि महान् पुरुषहरूका उदाहरण इतिहासमा पाइन्छन् । ती मध्ये केहीले निरन्तरको प्रयासको फलस्वरूप भक्तिको केवल एक बूँदा वा विषयको निष्ठापूर्वक पालन गरेर मात्र पनि सफलता पाएका छन् । यस्ता केही महापुरुष यी हुन्--

१. सम्राट् परीक्षितले श्रीशुकदेव गोस्वामी जस्ता आप्तजनबाट शास्त्र सुनेर मात्र पनि अध्यात्म ज्ञान प्राप्त गरे ।

२. श्री शुकदेव स्वामीले अनुभवातीत श्रीकृष्णको नामामृत उच्चारण र त्यही ज्ञान आफ्ना पिता महर्षि श्रीव्यास देवबाट प्राप्त गर्न सक्नु भयो ।

३. महामुनि तथा भक्त श्रीनारदजीको उपदेशद्वारा निरन्तर भगवान्को स्मरण गर्दै राजा प्रह्लादले आध्यात्मिक सफलता पाए ।

४. भाग्यकी देवी लक्ष्मीजीले केवल भगवान्का चरण-कमलको सेवामा बसेर सफलता प्राप्त गरिन् ।

६. सारथी अक्रूरले भगवान्को स्तुति-पाठ मात्र गरी सफलता पाए ।

७. भगवान् श्रीरामचन्द्रका प्रसिद्ध अमानुष भक्त हनुमान् (महावीर) ले केवल भगवान्को आज्ञा पालन गरी सफलता प्राप्त गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८. अर्जुन र उनका अनुयायीहरूलाई ज्ञान दिने उद्देश्यले भगवद्गीताको सन्देश दिने भगवान्सँग मित्रभाव स्थापित गरेर महान् योद्धा अर्जुनले त्यही पूर्णता प्राप्त गरे।

९. सम्राट् बलिले आफ्नो शरीरको साथ साथ प्रत्येक वस्तु भगवान्लाई समर्पण गरेर सफलता प्राप्त गरे।

यी भगवद्भक्तिका नौ वटा आदर्श प्रकार अर्थात् 'नवधा-भक्ति' हुन्। भक्तिमार्गका अभ्यर्थीले यीमध्ये कुनै एक, दुई, तीन वा चार अथवा नौ नै प्रकारका भक्तिहरूलाई पालन गर्न सक्छ। पूर्ण वा निरपेक्ष सत्ता प्रति गरिने सबै सेवा स्वयंमा पूर्ण हुन्छ। भौतिक धरातलमा झैं गुणात्मक वा संख्यात्मक भिन्नता आध्यात्मिक जगत्मा पाइँदैन। आध्यात्मिक धरातलका अनुभवातीत चित्रविचित्रता पाइएता पनि प्रत्येक वस्तुको अन्य वस्तुसँग मेल भएको हुन्छ। सम्राट् अम्बरीषले उपर्युक्त नवै प्रकारका बूँदाहरू अर्थात् नवधाभक्ति अपनाएर पूर्ण सफलता पाए। यी यस्ता भक्त थिए जसले आफ्नु इन्द्रिय सुखको कत्ति पनि वास्ता न गरेर आफ्ना मनलाई भगवान्को चरणकमलमा, वाणीलाई आध्यात्मिक जगत्को वर्णनमा, हातहरूलाई भगवान्को मन्दिरको सफाइमा, कानलाई भगवान् श्रीकृष्णको वचन विनम्र भई सुन्नुमा, आँखालाई भगवान्का मूर्तिहरूको दर्शनमा, शरीरलाई भक्तहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरको स्पर्शमा, नाकलाई भगवान्लाई चढाइएका फूलहरू सुँघ्नुमा, जिब्रो भगवान्मा चढाइएको नैवेद्यको रसास्वादनमा, चरणहरूलाई भगवान्का मन्दिर जानुमा र यसरी आफ्नो जीवनका सम्पूर्ण शक्ति भगवान्को सेवामा समर्पण गरे। यी सबै क्रियाकलापले उनको जीवनमा भौतिक विज्ञानका सबै प्रकारको कार्यकुशलता-लाई परास्त गर्ने किसिमको पूर्णता आउन सक्यो।

*

यसकारण जीवनलाई पूर्ण बनाउन मानिसले आध्यात्मिक ज्ञानका सिद्धान्तहरूलाई अपनाउनु आवश्यक छ। आध्यात्मिक ज्ञान प्राप्त गर्नु नै एक मात्र कर्तव्य हो। दुर्भाग्यवश आधुनिक सभ्यतामा मानवसमाज राष्ट्रिय कर्तव्यहरूको निर्वाह गर्न व्यस्त छ। वास्तवमा राष्ट्रिय, सामाजिक र मानविक दायित्वहरूलाई त्यस्ता व्यक्ति जरूरी सम्झन्छन् जो आध्यात्मिक दायित्वबाट वञ्चित भएका हुन्छन्। पृथ्वीमा जन्मिनासाथ मानवका दायित्व राष्ट्रिय, सामाजिक र मानवीयताका क्षेत्रहरूमा मात्र होइन, त्यसको साथ-साथ वायु, प्रकाश, जल इत्यादि प्रदान गर्ने देवताहरूप्रति पनि उसका कर्तव्य हुन्छन्। जीवनभरी मार्गनिर्देशन गर्न विशाल ज्ञानराशि छोडेर गएका महान् ऋषिमुनिहरू प्रति तथा पूर्वजहरू र परिवारका सदस्यहरू कि बहुना समस्त प्राणीहरूप्रति पनि दायित्व हुन्छन्। तर जसै ऊ एकमात्र दायित्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् आध्यात्मिक पूर्णताको कर्तव्य प्रति क्रियाशील हुन्छ ऊ संयुक्त वा भिन्न-भिन्न प्रयत्न नगरेर पनि अन्य सबै किसिमका दायित्वहरूबाट स्वतः छुटकारा पाउँछ ।

भगवान्को भक्त कहिल्यै समाजको विघ्नकारी तत्व हुँदैन; किनकि ऊ त एक महान् सामाजिक सम्पत्ति हो । सच्चा भक्त पापमय आचरणप्रति आकर्षित हुँदैन । यसकारण भक्त बन्नासाथ मानिस सारा समाजलाई लौकिक र पारलौकिक जीवनमा शान्ति र समृद्धिको निम्ति निःस्वार्थ र अमूल्य सेवा प्रदान गर्दछ । यस्तो भक्त कुनै गल्ती गर्छ भने पनि भगवान् तुरन्तै त्यसको सुधार गर्नुहुन्छ । अतः कुनै भक्तले जडात्मक ज्ञान प्राप्त गर्न पनि आवश्यक छैन र समस्त कुरा त्यागेर संन्यासी बन्न पनि जरूरी छैन । सामान्य रूपमा घर बसेर अथवा जीवनको कुनै पनि क्रममा अर्थात् आश्रममा रहेर पनि ऊ निर्बाधरूपले भगवद्भक्तिमा लाग्न सक्छ । साथै इतिहासमा यस्ता क्रूरतम व्यक्तिहरूका उदाहरण पाइन्छन् जो केवल भगवद्भक्तिमा लागेका हुनाले कोमल हृदयका मानिस बने । पवित्र भक्तको जीवनमा ज्ञान प्राप्ति र निम्नकोटिको जीवनमार्गको त्यागका भावनाहरू कुनै बाहिरी प्रयासबिना स्वतः उत्पन्न हुन्छन् ।

भक्ति (भक्तिमयी सेवा) को यो आध्यात्मिक कला र विज्ञान भारतीय ऋषिहरूको तर्फबाट सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वको लागि उच्चतम योगदान हो। अतः कला र विज्ञानको यो महान् सिद्धान्तलाई अपनाएर आफ्नो जीवनलाई पूर्ण बनाउनु तथा अर्क्षं 'जीवनको चरम लक्ष्य के हो' भन्ने कुरा नजान्ने शेष विश्वलाई यो सिद्धन्त प्रदान गर्नु भारतभूमिमा जन्म लिने प्रत्येक व्यक्तिको कर्तव्य हो। मानव समाज ज्ञानको यस प्रकारको क्रमिक विकास द्वारा पूर्णताको चरणमा पुग्न सक्छ भन्ने कुरा निश्चित छ। वस्तुतः भारतीय ऋषिहरु त्यस अवस्थामा पुगिसकेका छन्। त्यस उच्चतामा पुग्न अरुहरुले किन हजारौं वर्ष पर्खनु पर्ने ?'समय र शक्ति बचाउन सकुन्' भनी त्यो ज्ञान तिनीहरूलाई तुरुन्तं किन न दिने ? तिनीहरूले त्यस्तो जीवनको लाभ किन न उठाउने जुन प्राप्त गर्न तिनले हजारौं वर्ष परिश्रम गर्नु पर्ने हुन्छ।

एक जना रूसी कथाकार वैज्ञानिक प्रगतिले "मानवलाई सदा जीवित राख्ने काममा मद्दत गर्न सक्छ" 'भन्ने सुझाव विश्वलाई दिइरहेछन्। वस्तुतः सृष्टिकर्त्ता परमेश्वरमाथि उनको विश्वास छैन। तथापि हामी तिनको सुझावको स्वागत गर्छौं, किनभने विज्ञानको वास्तविक उन्नतिले मानवलाई आध्यात्मिक व्योममा लग्ने छ र अन्तमा वैज्ञानिकहरूलाई वैज्ञानिक अवधारणाहरू भन्दा परे पूर्ण शक्तिमान् सर्वोच्च स्रष्टाको अस्तित्वको ज्ञान दिने छ भन्ने हामीलाई थाहा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि भनिए झैं प्रत्येक जीव आफ्नो स्वरूपमा शाश्वत छ, तर उसले स्थूल र सूक्ष्म बाध्य आवरण अर्थात् चोला फेर्नुपर्छ । परिवर्तनको यस क्रियालाई प्राविधिक भाषामा जीवन र मृत्यु भनिन्छ । जबसम्म प्राणीले भौतिक दासताको बन्धनमा रहनुपर्छ तबसम्म परिवर्तनको यो प्रक्रियाबाट मुक्ति पाउँदैन । यो प्रक्रिया भौतिक जीवनको सर्वोच्च अवस्थामा समेत चालू रहन्छ । रूसी कथाकार र अन्य कथाकार झैं त्यस्तो सोच्न सक्छन् तर प्राकृतिक नियमलाई जान्ने बुद्धिमान् मानिसहरू 'यस जडात्मक जगत् भित्र मानिस सदाको निम्ति जीवित रहन सक्छ' भन्ने कुरामा विश्वास गर्ने छैनन् ।

प्रकृतिवादी फलको टुक्राको अध्ययन मात्र गरेर पनि भौतिक प्रकृतिको सामान्य क्रमबारे जान्न सक्छ । सानो फल फूलबाट विकसित हुन्छ, केही कालसम्म शाखा मै रहेर पूर्ण रुपले बढ्छ, पाक्छ र भूईंमा नखसुन्जेल प्रतिदिन चाउँरिँदै जान्छ, खसेपछि विकृत हुन्छ, कुहिन्छ र अन्तमा आफ्नो बीजलाई छोडेर स्वयं माटोमा विलीन हुन्छ । त्यो बीज आफ्नो समय आएपछि पुनः उम्रन्छ, रुखको रुपमा बढ्दै गई फल फलाउँछ र त्यसको पनि अन्तिम परिणाम त्यस्तै हुन्छ । यसै गरी परमात्माको अंग र आध्यात्मिक स्फुलिङ्ग स्वरुपको फुल जीवात्माले आफ्नो जैविक स्वरुप आमाको मैथुनक्रिया पश्चात् उसको गर्भमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्दछ । गर्भभित्र ऊ क्रमशः बढ्दै जान्छ, जन्मन्छ क्रमशः ठुलठुलो हुँदै जान्छ, शिशुबाट बालक, तरुण, प्रौढ र वृद्ध हुन्छ घाउरिन्छ र शरीर त्याग्छ । यस्तो जीवप्रति कथाकारको आशापूर्ण सपना र समस्त शुभकामना भएता पनि त्यो जीव अन्तमा घाउरिन्छ र मर्छ । यसरी तुलना गर्दा मानव र फलको जीवनचक्रमा कुनै फरक पाइँदैन । फल कुहिँदा झैं मानव मर्दा आफ्ना अनेक छोराछोरी स्वरुप बीजलाई यहाँ छोड्न त सक्छ तर जडरुप प्राकृतिक नियम अनुसार ऊ आफ्नो जडात्मक शरीरभित्र स्वयं भने शाश्वत रुपमा रहन सक्तैन ।

भौतिक प्रकृतिका नियमलाई कसरी उपेक्षा गर्न सकिन्छ ? कुनै जडवादी वैज्ञानिकले जति फुइँ गरेता पनि कठोर प्राकृतिक नियमहरूलाई परिवर्तित गर्न सक्तैनन् । कुनै ज्योतिर्विद वा वैज्ञानिकले ग्रहहरूको गतिक्रमलाई बदल्न सक्तैन; ऊ त केवल व्यवहारिक रूपले हेर्दा व्यर्थ लाग्ने खेलौना ग्रह बनाउन सक्छ जसलाई ऊ उपग्रह स्पुतनिक वा स्याटेलाइट भन्ने गर्छ । मूर्ख बालकहरू त्यसबाट प्रभावित हुन सक्छन् र त्यसका आविष्कारकलाई धेरै श्रेय दिन पनि सक्छन् तर बुद्धिमान् मानिसहरू सूर्य र ताराहरू जस्ता विशालकाय ग्रहहरूका स्रष्टाकै बढी गौरव गान गर्दछन् । भौतिक वैज्ञानिकहरू यस्ता ग्रहहरूको भेंद पाउन सक्तैनन् । ससाना खेलौना उपग्रहका आविष्कारक रुस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा अमेरिकामा छन् भने भीमकाय ग्रहहरूका स्रष्टा आध्यात्मिक आकाश अर्थात् पराव्योममा रहन्छन् भन्ने कुरा मान्नु तर्कसंगत हुने छ। खेलौना उपग्रहको निर्माण र परिचालन गर्न त त्यतिका वैज्ञानिकहरूको दिमाग आवश्यक हुन्छ भने अन्तरिक्षका सम्पूर्ण तारकपुञ्जको सृष्टि कस्तो किसिमको पूर्ण र अति सूक्ष्म मस्तिष्कले गऱ्यो होला त ? नास्तिक वर्ग हालसम्म पनि यसको जवाफ दिन समर्थ भएको छैन।

नास्तिकहरूका सृष्टिसंबन्धी आफ्नै सिद्धान्त छन्, जो प्रायः "यो बुझ्न गाह्रारो छ", "हाम्रो कल्पना त्यसको भित्री तहसम्म पुग्न सक्दैन, तर यो संभव छ" "यो आश्चर्य छ", आदि जस्ता वाक्यांशमा टुंगिन्छन्। यसको एक मात्र आशय के भयो भने तिनीहरूको ज्ञानको कुनै प्रामाणिक आधार छैन र त्यो ज्ञान वैज्ञानिक सामग्रीमा आधारित छैन। ती केवल अनुमान गर्छन्। वस्तुतः प्रामाणिक ज्ञान भगवद्गीतामा पाइन्छ। उदाहरणार्थ गीता भौतिक जगत् भित्रकै यस्तो प्राणीको बारेमा जानकारी दिन्छ जसको आयु ४,३००,०००×१,०००×२×३०×१२×१०० सौर वर्षको हुन्छ। श्रीशङ्कराचार्य, श्रीरामानुजाचार्य, श्रीमध्वाचार्य श्रीचैतन्यमहाप्रभु जस्ता भारतीय सन्तहरूले यसलाई 'ज्ञानको ग्रन्थ' को रूपमा मानेकाले हामी यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थलाई प्रामाणिक मान्दछौं । जडजगतका सम्पूर्ण सिर्जित वस्तुहरू (संघटित स्वरुप) चाहे जतिसम्म तिनको जीवनावधि होस्, अन्तमा मृत्युका विषय बन्छन्, नष्ट हुन्छन् र मर्छन् ।

यस कारण सबै भौतिक आकार परिवर्तन-नियमका विषय बन्छन्, यद्यपि बीजरुपमा भौतिकशक्ति सुरक्षित रहन्छ । यसरी प्रत्येक वस्तु बीजरूपमा चिरस्थायी हुन्छ, परन्तु जडवादी जगत्मा पदार्थले आकार ग्रहण गर्छ अर्थात् जन्म लिन्छ, केही कालसम्म जीवित रहन्छ क्रमशः विकसित हुँदै प्रौढ र वृद्ध हुन्छ, यादरी पर्न थाल्छ र अन्तमा पुनः अदृश्य हुन्छ अर्थात् मर्छ । सारा भौतिक वस्तुको यही अवस्था हुन्छ । भौतिक अन्तरिक्ष पारी दृश्य सीमाभन्दा पनि टाढा अनौठो र अतर्क्य अर्को स्वरुप छ' भन्ने जडवादीहरूको सुझाव वास्तवमा आध्यात्मिक लोक बारेको धमिलो संकेत बाहेक अरु केही होइन । वस्तुतः आत्माको मूलभूत तत्त्व हाम्रो ज्यादै नजीक छ । किनभने सम्पूर्ण जीवभित्र कार्य गर्छ । जब आत्मतत्त्व कुनै भौतिक शरीर भन्दा बाहिर रहन्छ त्यो शरीरमा जीवन रहँदैन । उदाहरणार्थ कुनै बालकको शरीरभित्र आत्मतत्त्व उपस्थित भएर नै त्यस शरीरको परिवर्तन र विकास हुँदै जान्छ । तर आत्माले त्यागि दिएमा शरीरको विकास रोकिन्छ । यो नियम प्रत्येक भौतिक पदार्थमा लागू हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्माको सम्पर्क रहेको खण्डमा नै पदार्थ एकबाट अर्को आकारमा फेरिन्छ। आत्मा नभई यस्तो परिवर्तन संभव हुँदैन। यस्तै प्रकारले समस्त विश्वको विकास हुन्छ। यो विश्व अनुभवातीत तत्त्व अर्थात् परमात्मा स्वयंको आध्यात्मिक शक्तिबाट उत्पन्न भएर सूर्य, चन्द्र, पृथ्वी आदि भीमकाय स्वरुपहरूमा विकसित भएको छ। चौध प्रकारका ग्रह प्रणालीहरू (चतुर्दश भुवन) छन् र नाप अथवा आयाम र गुणमा भिन्न भएता पनि ती सबैको विकास प्रक्रियामा यही सिद्धान्त लागू हुन्छ। यस प्रकार आध्यात्मिक शक्ति नै स्रष्टा हुन्छ र केवल आध्यात्मिक तत्वद्वारा नै रुपान्तरण, परिवर्तन र विकास संभव हुन्छ।

रासायनिक मिलावट वा संमिश्रण अँ भौतिक प्रतिक्रियाको परिणामस्वरुप जीवनको सिर्जना हुने होइन, यद्यपि केही मूर्ख मानिसहरू यसो भन्ने गर्छन्। उत्कृष्ट सत्ता अर्थात् परमात्मा नै भौतिक अन्तर्क्रियालाई गतिमान् बनाउँछ र आध्यात्मिक जीवशक्ति (जीवात्मा) लाई उपयुक्त स्थान दिने अनुकूल परिस्थितिको सिर्जना गर्छ। आध्यात्मिक तत्वको स्वतन्त्र इच्छा द्वारा निश्चित गरिए समान उत्कृष्ट शक्तिले उपयुक्त किसिमले पदार्थको संचालन गर्छ। उदाहरणार्थ निर्माण सामग्री स्वतः कुनै प्रतिक्रिया देखाउँदैन, बरू निवासगृहको आकार ग्रहण गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन्त आध्यात्मिक तत्व आफ्नो स्वतन्त्र इच्छाले समुचित रूपले पदार्थको संचालन गर्छ र यसरी आफ्नु घर बनाउँछ अर्थात् जडशरीरको आश्रय खोज्दछ। यसै गरी पदार्थ त केवल उपादान हो तर आत्मा भने स्रष्टा हो। अल्प बुद्धि र अज्ञानी मानिस मात्र यस निष्कर्षलाई मान्दैनन्। सृष्टिकर्ता अदृश्य भई पृष्ठभूमिमा बस्न सक्छ, तर यसको अर्थ उसको अस्तित्व नै छैन भन्ने होइन। जडरूप विश्वको विशाल स्वरूपलाई देखेर मानिस भ्रममा पर्नु हुँदैन। बरु उसले समस्त जडात्मक विश्वको पछाडि सर्वोच्च बुद्धि भएको सत्तालाई देख्न र अनुभव गर्न सिक्नु पर्छ। सर्वोत्कृष्ट बुद्धिमान् सर्वोच्च सत्ता, मनोहर रूपका धनी देवाधिदेव श्रीकृष्ण अर्थात् स्वयं परमात्मा नै मूल स्रष्टा हुन्। यो ज्ञान कसैलाई न भएको पनि हुन सक्छ, तर भगवद्गीता र विशेष गरी श्रीमद्भागवत जस्ता वैदिक साहित्यमा विश्व स्रष्टाको बारेमा निश्चित ज्ञान दिइएको छ।

बाह्य अन्तरिक्षमा उपग्रह छोडिएको देख्ने कुनै बालक त्यसको पछाडि वैज्ञानिकहरूको मस्तिष्क छ भन्ने कुरा बुझ्दैन; तर बुद्धिमान् वयस्क व्यक्ति भने त्यस उपग्रहको नियन्त्रण पृथ्वीमा रहेको वैज्ञानिक मस्तिष्क-द्वारा भन्ने कुरा राम्ररी बुझ्दछ। यसै प्रकार अल्पबुद्धि मानवलाई सृष्टिकर्ता र आध्यात्मिक जगत्मा स्थित उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाश्वत धामबारे कुनै ज्ञान हुँदैन । साथै हाम्रा दृष्टिसीमा भन्दा धेरै टाढा वास्तविक आध्यात्मिक आकाशको अनि भौतिक आकाशमा रहेकाभन्दा बढी ठूला र संख्यामा धेरै आध्यात्मिक ग्रहहरूको अस्तित्वबारे पनि तिनलाई थाहा हुँदैन । जडात्मक विश्व त समस्त सृष्टिको एक सानो अंश (एक चौथाई भाग) मात्र हो भन्ने जानकारी हामी भगवद्‌गीताबाट प्राप्त गर्दछौं । यस्तो आध्यात्मिक ज्ञान श्रीमद्‌भागवत र अन्य वैदिक साहित्यमा सविस्ताररूपमा प्राप्त हुन्छ ।

यदि जीवनशक्तिलाई "कुनै निश्चित भौतिक र रासायनिक संमिश्रणको अन्तर्क्रिया द्वारा" वैज्ञानिक प्रयोग शालामा उत्पन्न गर्न सकिन्छ भने किन त्यस्ता धक्कु जडवादी वैज्ञानिकहरू 'जीवन' को संरचना गर्न समर्थ छैनन् त ? वस्तुतः आध्यात्मिक शक्ति जडपदार्थभन्दा सर्वथा भिन्न हो र कुनै किसिमको जडपदार्थहरूको मेल वा संयोजन गरी यस्तो शक्ति उत्पन्न गर्न संभव छैन भन्ने कुरा वैज्ञानिकहरूले जान्नै पर्छ । हाल रूसी र अमेरिकीहरू प्राविधिक विज्ञानको क्षेत्रमा निकै अगि बढेका छन्, तर आध्यात्मिक ज्ञानको क्षेत्रमा अज्ञानी छन् । पूर्ण र प्रगतिशील मानव समाजको निर्माण गर्नको लागि तिनीहरूले सर्वोच्च बुद्धिबाट धेरै कुरा सिक्नुपर्ने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भागवतमा समाजवादी दर्शनको वर्णन ज्यादै पूर्णताले गरिएको छ भन्ने कुराको ज्ञान रूसीहरूलाई छैन । कृषि, खनिज जस्ता प्राकृतिक साधन लगायत जति भौतिक सम्पदा छन् ती साराको सिर्जना स्रष्टा अर्थात् परमात्माले गरेका हुन्; यस कारण समस्त जीवित प्राणीलाई त्यसमध्येबाट आ-आफ्नो अंश पाउने अधिकार हुन्छ भन्ने कुराको शिक्षा श्रीमद्भागवतले दिएको छ । अगाडि भनिएको छ– मानिसले आफ्नु शरीर धारण गर्न पर्याप्त हुने जति मात्र धनमाथि नियन्त्रण राख्नु पर्छ र यदि त्यो भन्दा बढी सम्पत्तिको चाहना गर्छ तथा आफ्नो भाग भन्दा बढी धनमाथि अधिकार गर्छ भने दण्डनीय हुने छ । साथै भनिएको छ– मानिसले पशुहरूप्रति पनि आफ्नै सन्तान सँग झैं व्यवहार गर्नुपर्छ ।

हामीलाई लाग्छ, संसारका कुनै पनि राष्ट्र समाजवादको यति राम्ररी वर्णन गर्न सक्तैनन् जस्तो श्रीमद्भागवतले गरेको छ । सृष्टिकर्ता र प्राणीहरूको वास्तविक संघटनसम्बन्धी (अर्थात् जीवात्मा बारेको) अवधारणाको पूर्ण ज्ञान भएपछि मात्र मानवेतर प्राणीहरूको साथ दाजुभाई र केटाकेटीहरूसँगको जस्तो व्यवहार गर्न सकिन्छ ।

मानवको अमर हुने इच्छा केवल आध्यात्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्मा पूर्ण हुन्छ । जस्तो कि प्रारंभमै भनियो, शाश्वत जीवनको इच्छा सुप्त आध्यात्मिक जीवनको चिह्न हो । मानव सभ्यताको ध्येय त्यसै साध्यतिर केन्द्रित गर्ने हुनु पर्छ । प्रत्येक मानिसले भक्तियोगको उपर्युक्त प्रक्रिया द्वारा स्वयं आध्यात्मिक लोक तिर स्थानान्तरण गर्न सक्छ । यो महान् विज्ञान हो र भारतले यस्ता वैज्ञानिक साहित्य प्रस्तुत गरेको छ जसद्वारा जीवनको पूर्णता प्राप्त गर्न सकिन्छ ।

भक्तियोग मानवको शाश्वत वा सनातन धर्म हो । आज भौतिक विज्ञान धर्मको सिद्धान्त सहित सम्पूर्ण विषय-हरूमाथि प्रभावशाली भएको छ; यस्तो समयमा शाश्वत धर्मको सिद्धान्तलाई पनि आधुनिक वैज्ञानिक दृष्टिकोणले हेरिनु रुचिकर हुने छ । डा. राधाकृष्णन्ले समेत विश्व धर्म सम्मेलनमा "यदि धर्मलाई वैज्ञानिक दृष्टिकोणले स्वीकार गरिएन भने आधुनिक सभ्यतामा धर्मको मान्यता रहने छैन" भन्ने कुरा मानेका छन् । यसको उत्तरमा सत्यप्रेमी व्यक्तिहरूको समक्ष यो घोषणा गर्न हामीलाई प्रसन्नता लागेको छ कि भक्तियोग समस्त विश्वको शाश्वत धर्म हो र यो सर्वोत्कृष्ट भगवान्सँग शाश्वतरुपले सम्बन्धित रहेका सम्पूर्ण प्राणीहरुको आफ्नो धर्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'सनातन' वा शाश्वत शब्दको परिभाषा श्रीरामानुजाचार्यले 'आदि र अन्त नभएको' भनी गरेका छन्। सनातन वा शाश्वत धर्मको कुरा गर्दा हामी यही परिभाषालाई मान्दछौं। आरंभ र अन्त नभएको सनातन सुरु र अन्तको सीमामा बाँधिएको संप्रदायविशेष भन्दा भिन्न छ। विश्वका मानव मात्र होइन अपितु संपूर्ण प्राणीहरुले समेत सनातन धर्ममाथि आफ्नो अधिकारको प्रयोग गर्न सक्छन् भन्ने कुरा हामी आधुनिक विज्ञानको प्रकाशमा भन्न सक्छौं। अन्य धर्मको प्रारंभ मानव इतिहासको कुनै चरणमा भएको हुन सक्छ, तर सनातन धर्मको कुनै ऐतिहासिक आरम्भ पाइँदैन; यो त प्राणीहरूको साथ साथ शाश्वत रूपमा रहिआएको हो।

कुनै मानिस हिन्दू, इस्लाम, इसाई, बौद्ध जस्ता कुनै धर्म वा सम्प्रदायलाई अवलम्बन गर्दै आफ्नो जन्मको विशेष काल र परिस्थितिको सन्दर्भ दिन्छ भने त्यसलाई 'असनातन धर्म' भनिन्छ। कुनै हिन्दू मुसलमान वा इसाई आदि बन्न सक्छ अथवा मुसलमान कुनै अन्य धर्म मान्न सक्छ। तर सबै अवस्थामा एउटा कुरा भने स्थिर हुन्छ। मानिस सबै परिस्थितिमा मानिसकै सेवा गरिरहेको हुन्छ। हिन्दू, मुसलमान, बौद्ध वा ईसाई सबै अवस्थामा कुनै-न-कुनै व्यक्तिको सेवक हुन्छ। धर्मको त्यस्तो विशिष्ट प्रकार 'सनातन धर्म' होइन। सनातन धर्म प्राणीमात्रको साथमा सँधै रहने मित्र हो र यही सम्पूर्ण मानव-धर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको संयोजक हो ।

सनातन धर्म सेवा प्रदान गरिरहने धर्म हो । भगवद्गीतामा सनातन धर्मका अनेकौं सन्दर्भ पाइन्छन् । यस प्रमाणिक पुस्तकबाट हामी सनातन धर्मको महत्व बारेमा सोचौं ।

भगवद्गीताको सातौं अध्यायको दशौं श्लोकमा 'सनातनम्' शब्द आउँछ. जसमा भगवान भन्नुहुन्छ– "म प्रत्येक वस्तुको शाश्वत बीज हूँ । अतः सनातन हूँ" प्रत्येक वस्तुको मूल स्रोतलाई उपनिषद्हरूमा पूर्ण र समग्र भनिएको छ । पूर्णका समस्त उद्गमहरू पनि स्वयंमा पूर्ण हुन्छन् । यद्यपि अनेक समग्र ईकाई (अर्थात् पूर्णहरु) परिपूर्ण सनातन स्रोत अर्थात् परमात्माबाट निर्गत हुन्छन् (निस्कन्छन्), तथापि त्यस्ता सनातन स्रोत गुण र मात्रामा कदापि न्यून हुनुहुन्न अर्थात् परिपूर्ण नै रहनु हुन्छ । ★ यो यस्तै छ, किनभने 'सनातन' को प्रकृति अपरिवर्तनीय छ । समय र परिस्थिति अनुरूप परिवर्तन हुने कुनै पनि वस्तु 'सनातन' हुँदैन । यसकारण कुनै पनि वस्तु जो आफ्ना आकार अथवा गुणमा जस्तोसुकै किसिमले भए पनि परिवर्तित हुन सक्छ, 'सनातन' मान्न सकिदैन । भौतिक उदाहरण सूर्यको लिऊँ

★ हेर्नुस :— ईशोपनिषद्को आरम्भिक स्तुति–

ॐ पूर्णमदः यूर्णमि पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य करोडौं वर्षदेखि चारैतिर श्राफ्ना किरण फैलाइरहेछ र भौतिक रूपले सिर्जित भएता पनि सूर्यको स्वरूप र किरण श्रपरिवर्तनीय छ, तथापि यो नाशवान् छ । यसरी कहिल्यै सिर्जना नहुने वस्तुको संरचना र गुणमा परिवर्तन हुँदैन, यद्यपि परमात्मा प्रत्येक वस्तुको बीज रूपका स्रोत हुनुहुन्छ ।

भगवान् स्वयंलाई 'समस्त जीवहरूका पिता हूँ', भन्ने कुरा श्रधिकारपूर्वक गर्नुहुन्छ । समग्र प्राणीहरू वहाँका श्रभिन्न अङ्ग हुन् । यसकारण भगवद्गीता सम्पूर्ण जीवहरूको लागि हो । यसमा देवाधिदेवको सनातन प्रकृतिको ज्ञान पनि दिइएको छ । गीतामा भौतिक आकाशभन्दा धेरै टाढा स्थित भगवान्को धाम बारेमा र प्राणीहरूको सनातन प्रकृतिको बारेमा पनि व्याख्या गरी सम्झाएको छ ।

यो जडरूप जगत् जन्म, जरा, रोग र मृत्युका दुःखहरूले भरिएको छ भन्ने जानकारी पनि गीतामा भगवान्ले दिनुभएको छ । जडात्मक ब्रह्माण्डका सर्वोच्च ग्रह अर्थात् ब्रह्मलोकमा समेत यस्ता दुःखहरू उपस्थित छन् । केवल भगवान्को धाममा मात्र दुःखको श्रभाव छ । त्यस धाममा सूर्य, चन्द्र अथवा श्रग्निबाट प्रकाश प्राप्त गर्ने श्रावश्यकता छैन । किनभने यो स्वयं प्रकाशमान हुन्छ । त्यहाँ जीवन शाश्वत हुन्छ र ज्ञान तथा आनन्दले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिपूर्ण हुन्छ । त्यसलाई नै 'सनातन धाम' भनिन्छ । यसकारण जीवात्माहरूले सनातन-पुरुष, पुरुषोत्तम भगवान् श्रीकृष्णको साथ सनातन धामको आनन्दको उपभोग गर्न भगवान्को समीप दिव्य धाममा फर्कनु पर्छ भन्ने निष्कर्ष निकाल्नु स्वाभाविक हुन्छ । यस्ता व्यक्तिहरू यो भौतिक अस्तित्वका यातनाहरू भोग्दै कुहिनाको लागि पृथ्वीमा रहनु पर्दैन । ब्रह्मलोक सहित सबै जडरूप लोकमा सुख प्राप्त हुँदैन । यसकारण अल्पबुद्धिका मानिसहरूमात्र भौतिक ब्रह्माण्डभित्रका उच्चतर ग्रहतिर उक्लने योजना बनाउँदछन्, तत्सम्बन्धी प्रक्रियामा लाग्छन् र सामान्य देवताहरूको आश्रय लिन्छन् तर ती सीमित अवधिको लागि मात्र लाभ प्राप्त गर्छन् । यसप्रकार त्यस्ता मानिसका धार्मिक सिद्धान्त र तिनबाट प्राप्त हुने लाभहरू अस्थायी हुन्छन् । वस्तुतः बुद्धिमान् मानिसले धर्मका नाममा गरिने यस्ता सम्पूर्ण कार्यकलापलाई त्यागेर सर्वशक्तिमान् पिताको पूर्ण संरक्षण प्राप्त गर्नु पट्टि लाग्नु पर्छ । यसकारण 'सनातन धर्म' भक्तियोगको यस्तो प्रक्रिया हो जसद्वारा कुनै पनि व्यक्ति सनातन पुरुष अर्थात् भगवान् र वहाँको 'सनातन धाम' को बारेमा जान्न सक्छ । यस प्रक्रियाद्वारा मात्र मानव आध्यात्मिक लोक अर्थात् सनातन धाममा जान सक्छ र त्यहाँ उपलब्ध आनन्दको उपभोग गर्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योग वा शरणागतिमा आस्थावान्हरू भगवद्-गीताको भावनामा योग वा शरणागति पद्धतिलाई अपनाउन सक्छन् । यस शाश्वत सिद्धान्तलाई अपनाउनुबाट कसैलाई कसैगरी पनि रोक्न सकिंदैन । अल्पबुद्धि मानिसहरू समेत परम् पुरुष भगवान्को धाममा फर्कन सक्छन् । श्रीमद्भागवतमा बताइको विवरण यही हो तथा भगवान्ले गीतामा सिकाउनु भएको उपदेश पनि यही हो । यस अवसरको लाभ समस्त मानव जातिलाई दिइनै पर्छ । भगवद्गीताको उपदेश भारतवर्षको भूमिमा दिइएको हुनाले सनातन धर्मको यो वास्तविक सन्देशलाई विश्वका अन्य भागमा राम्ररी प्रचार प्रसारको दायित्व प्रत्येक भारतीयको हुनुपर्छ । विशेषतः वर्तमान स्थितिमा मानिसहरू जडात्मक अन्धकारमा पथभ्रष्ट भएर दुःख पाइरहेछन् र तिनका तथाकथितज्ञानको कारण आणविक बमको आविष्कार गर्न समर्थ भएका छन् । परिणाम-स्वरूप मानिसहरू विनाश-मार्गमा लागिरहेछन् । वस्तुतः त्यस्ता मानिसहरूलाई सनातन धर्मले जीवनको वास्तविक उद्देश्यको बारेमा शिक्षा दिने छ साथै यस यस धर्मको प्रचारद्वारा तिनीहरू लाभान्वित हुन सक्नेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रह प्रणालीमा विभिन्नता

आज भोलि जब मानिसहरू चन्द्रमातिर पुग्ने कोशिश गरिरहेछन् तर कृष्ण भावना भने पुरानै तरीकाका क्रियाकलापसँग सम्बन्धित छ भनी मानिसले सोच्नु हुँदैन । हो, संसारले चन्द्रमातिर पुग्ने प्रगति गर्दै रहेको बेलामा हामी भने 'हरे कृष्ण' को कीर्तनमा संलग्न छौं । तर हाम्रो बारेमा मानिसहरूले आधुनिक वैज्ञानिक प्रगति भन्दा धेरै पछाडि रहेका भन्ने गलत कुरा सोच्नु हुँदैन । वस्तुतः हामीहरूले पहिले नै सबै वैज्ञानिक उपलब्धिलाई पार गरिसका छौं । उच्चतर ग्रहलोकहरूमा पुग्ने मानवीय प्रयास नयाँ होइन भन्ने कुरा भगवद्गीतामा भनिएको छ । आज अखबारका शीर्षकमा "चन्द्रमामा मानवको पहिलो चरण" भन्ने पढिन्छ । तर लाखौं लाख मानव त्यहाँ गएर पनि फर्केर आइसके भन्ने कुरा (विचरा) सम्वाददातालाइ ज्ञान छैन । वस्तुतः यस्तो प्रथमपल्ट भएको होइन, यो त प्राचीन अभ्यास हो । भगवद्गीतामा स्पष्ट रूपले भनिएको छ–

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् "हे प्रिय अर्जुन !, ब्रह्मलोक नामक सर्वोच्च ग्रहप्रणालीमा समेत गयौं भने पनि तिमीले फर्कनै पर्छ ।" यसकारण अन्तर्ग्रहको यात्रा कुनै नयाँ कुरा होइन। कृष्ण भावनामा लागेका भक्तहरू यस कुरालाई जान्दछन्।

हामी कृष्ण भावनामा लागेकाहरू श्रीकृष्णले जे भन्नुहुन्छ त्यसैलाई अन्तिम सत्य मान्दछौं । वैदिक साहित्य अनुसार ब्रह्माण्डमा अनेक ग्रहप्रणालीको अस्तित्व छ । जुन ग्रहमा हामी जीवित छौं, त्यसलाई भूर्लोक भनिन्छ । यस ग्रहप्रणालीभन्दा माथि स्थित ग्रहप्रणाली भुवर्लोक हो । त्यो भन्दा पनि माथि स्वर्लोक स्थित छ । (चन्द्रमा स्वर्लोक ग्रहप्रणाली अन्तर्गतको ग्रह हो ।) स्वर्लोक भन्दा माथि महर्लोक छ, त्यसभन्दा माथि ज्ञानलोक र अझ माथि सत्यलोक स्थित छ । यसै प्रकार निम्नस्थ ग्रहप्रणालीहरू पनि छन् । यसरी ब्रह्माण्डमा ग्रहप्रणालीहरूका चौध स्तर हुन्छन् । सूर्य प्रमुख ग्रह हो । ब्रह्मसंहितामा सूर्यको वर्णन यसप्रकार गरिएको छ–

यच्चक्षुरेषा सविता सकल ग्रहाणाम्
राजा समस्त-सुर-मूर्तिरशेष-तेजाः ।

यस्याज्ञया भ्रमति सम्भृत-कालचक्रो
गोविन्दमादिपुरुषं तमहं भजामि ।।५.५२।।

अर्थात् "म आदिपुरुष गोविन्द अर्थात् भगवान् श्रीकृष्णको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भजन पूजन गर्दछु जसको आज्ञाले सूर्य प्रभूत शक्ति र गर्मी प्राप्त गर्दछ र आफ्नो चक्रमा घुम्दछ। समस्त ग्रह प्रणालीहरूमा प्रमुख रहेको सूर्य भगवान्को आँखा हो।"

वास्तमा बिना सूर्य हामी केही देख्न सक्दैनौं। हामी आफ्ना आँखा भएको कुरामा घमण्ड गर्न सक्छौं तर त्यसले आफ्नो दैलो छेउको छिमेकीलाई समेत देख्न सक्तैनौं। "के मलाई भगवान् देखाउन सक्छौं ?" भनी मानिस चुनौती दिन सक्छन्। तर के तिनीहरू देख्न सक्छन् ? तिनका आँखाको मूल्य नै के छ र ? भगवान् त्यति सस्ता हुनुहुन्न। सूर्य नउदाउञ्जेल हामी केही देख्न सक्तैनौं भने भगवान्को कुरै छोडौं। सूर्यको प्रकाश विना हामी अन्धा हुन्छौं। सूर्य नभएकोले राति हामी केही देख्न सक्तैनौं अत एव हामी विजुलीको उपयोग गर्छौं।

अन्तरिक्षमा एउटा मात्र होइन करोडौं सूर्य छन्। यो कुरा पनि ब्रह्म-संहितामा लेखिएको छ–

यस्य प्रभा प्रभवतो जगदण्कोटि-
कोटिष्वशेष-वसुधादि-विभूतिभिन्नम्।
तद्ब्रह्म निष्कलमनन्तमशेष भूतम्
गोविन्द मादिपुरुषं तमहं भजामि॥

देवाधिदेव भगवान् श्रीकृष्णको आध्यात्मिक शरीरको प्रभामण्डललाई ब्रह्मज्योति भन्दछन् र त्यसमा असंख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहलोकहरू हुन्छन् । जसरी सूर्यका किरणभित्र असंख्य ग्रहलोकहरू हुन्छन् ठीक त्यसरी नै श्रीकृष्णको शरीरको चम्किरहने प्रभामण्डलमा असंख्य ग्रहहरू र अनेक लोक (विश्व)हरू हुन्छन् । हामी प्रत्येक लोकहरूबारे जान्दछौं साथै प्रत्येक लोक अर्थात् विश्वमा एक एक सूर्य हुन्छ' भन्ने कुरा पनि जान्दछौं । यस प्रकार करोडौं करोड विश्वहरू छन् र करोडौं करोड सूर्य, चन्द्र तथा ग्रहहरु छन् । परन्तु भगवान् श्रीकृष्ण भन्नु हुन्छ कि यदि कोही यी मध्ये एक ग्रहलोकमा जान्छ भने ऊ केवल आफ्नु समय खेर मात्र फाल्छ ।

हालै कुनै व्यक्ति चन्द्रमामा पुगेको छ तर मानव समाज यसबाट के पाउला ?यत्तिका रकम खर्च गरेर, दश वर्ष सम्मको प्रयास र यत्तिका शक्ति खेर फालेर पनि कुनै व्यक्ति केवल चन्द्रमामा पुग्छ र त्यसलाई छुन्छ मात्र भने त्यसबाट के फाइदा हुने ? के त्यो व्यक्ति त्यहाँ बस्न र आफ्ना साथीहरूलाई त्यहाँ बोलाउन सक्छ ? कोही त्यहाँ जान्छ र त्यहीं बस्छ भने पनि त्यसबाट के फाइदा हुने ? जब सम्म हामी चाहे यस ग्रहलोकमा चाहे अन्यत्र जडभूत जगत्मा हुन्छौं तब सम्म जन्म, मृत्यु, जरा र रोग हाम्रा पछि लाग्ने नै छन् । तिनबाट हामी छुटकारा पाउन सक्तैनौं ।

अक्सीजन ग्यासको मुकुण्डो भिरेर समेत बस्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभव छ भन्ने मानेर हामी चन्द्रमामा बस्न गयौं भने समेत त्यहाँ बस्ने मौका पायौं भने पनि हामीले के पो लाभ पाऔंला ? संभव छ हामी केही लामो आयु पाऔंला तर त्यहाँ हामी सधैंको लागि बस्न त सक्तैनौं, यो असंभव छ। फेरि केही लामो आयुले हामी के पो पाऔंला ? भनिएको पनि छ– 'तरवः किं न जीवन्ति ?' अर्थात् के रूखहरू लामो कालसम्म जीवित रहँदैनन् र ? स्यान-फ्रांसिस्को नजिकै मैले एक जङ्गल देखेको छु जहाँ सात हजार वर्षको पुरानो एउटा रूख छ। तर यसको फाइदा के ? यदि कुनै व्यक्ति सात हजार वर्षसम्म एकै ठाउँमा उभिरहने कुरामा गर्व गर्छ भने यो कुनै ठूलो श्रेयको कुरा त भएन।

कुनै व्यक्ति चन्द्रमातिर कसरी जान्छ, कसरी त्यताबाट फर्कन्छ आदिको निकै लामो कथा छ र यो सबै वैदिक साहित्यमा वर्णित छ। यो कुनै नयाँ प्रक्रिया होइन । तर हाम्रो कृष्ण भावनामृत सङ्घको उद्देश्य बेग्लै छ। हामी आफ्नो अमूल्य समय यस्ता काममा व्यर्थ गर्दैनौं। श्रीकृष्ण भन्नुहुन्छ, "यो अथवा अन्य कुनै ग्रहलोकमा जाने प्रयासमा आफ्नो समय खेर नफाल। यसबाट तिमी के पाउने छौ ? जहाँ गए पनि तिम्रा भौतिक दुःखहरू तिम्रै पछि लाग्ने नै छन्।" यसकारण *चैतन्य चरितामृतम्* (आदि. ३.९७) मा लेखकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निकै राम्ररी भनेका छन्–

केह पापे केह पुण्ये करे विषय भोग
भक्ति गन्ध नाहि याते याय भवरोग ।

अर्थात् "यस भौतिक संसारमा कसैले आनन्द पाइरहेको हुन्छ, कोही भने आनन्द पाउँदैन, तर वास्तवमा प्रत्येक व्यक्ति दुःख पाइरहेको हुन्छ, चाहे कुनै व्यक्ति आफूले आनन्द पाइरहेको कुरा सोचोस्, चाहे अन्य व्यक्तिहरू दुःख पाइरहेको अनुभव गरून् ।" वास्तवमा प्रत्येक व्यक्तिले दुःख पाइरहेको छ । यस जडरूप जगत्मा रोगले को पीडित हुँदैन ? जरा (बूढोपन) ले को दुःखी हुँदैन ? को मर्दैन ? वस्तुतः कुनै व्यक्ति पनि बूढो हुन र रोगले दुःख पाउन चाहँदैन तर प्रत्येक व्यक्तिले त्यस्ता दुःख भोग्नै पर्छ । त्यसो भए आनन्द कहाँ छ ? यस्तो क्षणिक आनन्द निरर्थक हुन्छ, किनभने वस्तुतः यो जडभूत जगत्भित्र आनन्द छँदै छैन । यो त हाम्रो कल्पना मात्र हो । अतः 'यो आनन्द हो, यो दुःख हो' भन्ने कुरा कसैले सोच्नु हुँदैन । प्रत्येक वस्तु दुःखदायी छ । यसकारण "*चैतन्य चरितामृतम्*" मा भनिएको छ– "आहार, निद्रा, भय (सुरक्षा) र मैथुनका सिद्धान्तहरू सदैव रहन्छन् तर ती भिन्न स्तरमा हुन्छन् । उदाहरणार्थ अमेरिकीहरू आफ्ना पूर्वजन्मका पवित्र आचारणका परिणामस्वरूप अमेरिकामा जन्मेका छन् । भारतका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनता भोक र अभावले ग्रस्त छन् र दुःखी छन् । यद्यपि अमेरिकीहरू घीऊ, रोटी खाइरहेछन् भारतीयहरू भने सुख्खा रोटी खाइरहेछन् तथापि भोजन भने दुवै गरिरहेकै छन् । भारत अभावग्रस्त छ भन्दैमा सम्पूर्ण भारतीयहरू भोजनको अभावमा मर्न बाध्य भएका छैनन् । आहार, निद्रा, भय र मैथुन यी चार शारीरिक माग सबै अवस्थाहरूमा पूर्ति गर्न सकिन्छ, चाहे व्यक्ति पवित्र अवस्थामा चाहे अपवित्र अवस्थामा जन्मेको होस् । वस्तुतः मूल समस्या त कसो गरी जन्म, जरा, रोग र मृत्यु जस्ता चार कुराहरूबाट मुक्त हुने भन्ने हो ।

यही नै वास्तविक समस्या हो । 'म के खाउँला ?' भन्ने कुरा केही होइन । पशु र पक्षीको निम्ति यस्तो समस्या हुँदैन । बिहानी वेलामा ती 'जी जी जी जी' भन्दै कराउँछन् । आफूले भोजन पाउने कुरा यिनलाई थाहा छ । कोही पनि भोकै मरिरहेको छैन र त्यहाँ जनसंख्याको अधिकताको समस्या छैन, किनभने भगवान्को प्रबन्धले सबैले भोजन पाउँछन् । त्यहाँ गुणात्मक भिन्नता हुन सक्छ, तर उच्च गुण भएको जडीय आनन्द प्राप्त गर्नु जीवनको अन्तिम ध्येय होइन । वास्तविक समस्या त कसरी जन्म, मृत्यु वार्धक्य र रोगबाट मुक्ति पाउने भन्ने हो । यसको समाधान विश्वको व्यर्थको यात्राहरूमा समय बरबाद गरेर हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्तैन । कुनै व्यक्ति उच्चतम ग्रहतिर जान्छ भने पनि यस समस्याको हल हुन सक्तैन, किनकि मृत्युको अस्तित्व सर्वत्र छ ।

वैदिक ज्ञान अनुसार चन्द्रमाको जीवन अवधि दश हजार वर्षको हुन्छ र त्यहाँको एक दिन यहाँको छ महीना बराबरको हुन्छ । यसप्रकार चन्द्रमामा आयुको अवधि १० हजारलाई १८० वर्षहरूले गुणन गर्दा निस्कने अङ्क बराबर अर्थात् अठार लाख वर्षको हुन्छ । वस्तुतः पृथ्वीको मानिसको निम्ति त्यहाँ पुग्नु र लामो समयसम्म त्यहाँ जीवित रहनु असम्भव छ । अन्यथा सम्पूर्ण वैदिकसाहित्य मिथ्या हुने छ । त्यहाँ जाने प्रयास हामी गर्न सक्छौं तर त्यहाँ बस्नु सम्भव छैन । यो ज्ञान वेदमा छ । अतः हामी यो वा त्यो (अर्थात् कुनै पनि अन्य) ग्रहमा जान उत्सुक छैनौं । वास्तवमा हामी त सोधै त्यस्तो ग्रहलोकमा जान इच्छुक छौं जहाँ भगवान् श्रीकृष्ण निवास गर्नुहुन्छ । भगवद्गीता-मा श्रीकृष्ण भन्नुहुन्छ :

यान्ति देवव्रता देवान्पितृन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपिमाम् ।।
९.२५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"कुनै व्यक्ति चन्द्रमातिर, कुनै सूर्यतिर अथवा कुनै व्यक्ति करोडौं ग्रहलोकहरूमा समेत जान सक्छ अथवा यदि कुनै व्यक्ति भौतिक रूपले ज्यादै नै आसक्त छ भने त्यो यही रहन पनि सक्छ, तर जो मेरा भक्त छन् ती मै भएतिर आउने छन् "। यही हाम्रो लक्ष्य हो। कृष्ण भावनाको दीक्षाले आगन्तुक छात्रलाई अन्तमा ऊ सर्वोत्तम ग्रहलोक अर्थात् कृष्ण लोकतिर जान सक्छ' भन्ने विश्वास दिलाउँछ। हामी अल्छी भई बसिरहेका छौं, तर पनि हामी व्यर्थमा समय बरबाद गरिरहँदैनौं।

स्वस्थ्य मस्तिष्क र बुद्धि भएको कुनै पनि व्यक्ति भौतिक ग्रहलोकहरूमध्ये कुनैमा पनि जाने इच्छा गर्दैन किनभने त्यहाँ भौतिक दुःखका चार अवस्थाहरू (जन्म, व्याधि, जरा र मृत्यु) को अस्तित्व हुन्छ। किं बहुना, यस ब्रह्माण्डको सर्वोच्च ग्रह प्रणाली अर्थात् ब्रह्मलोकमा समेत हामी प्रवेश गर्छौं भने त्यहाँ पनि हाम्रो सामुन्ने चार प्रकारका क्लेशहरू उपस्थित हुन्छन् भन्ने कुरा भगवद्गीताबाट बुझ्न सकिन्छ। ब्रह्मलोकको एक दिनको अवधि हाम्रो यहाँको गणना अनुसार करोडौं वर्ष बराबर हुन्छ भन्ने जानकारी पनि हामी भगवद्गीताबाट पाउँछौं।

ब्रह्मलोक जस्तो सर्वोच्च ग्रहलोकमा समेत पुग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ । तर वैज्ञानिकहरूको अनुसार स्पुतनिक (अन्तरिक्षयान) को गतिमा पुग्न चालीस हजार वर्ष लाग्ने छ । चालीस हजार वर्षसम्म अन्तरिक्षमा यात्रा गर्न को तयार होला । तयारी गरेको खण्डमा हामी कुनै पनि ग्रहलोकमा प्रवेश गर्न सक्ने छौं भन्ने कुरा वैदिकसाहित्यबाट बुझ्न सकिन्छ । कुनै व्यक्ति यदि साधारण देवताहरू बस्ने उच्चतर ग्रह प्रणालीमा प्रवेश गर्ने तयारी गर्छ भने त्यो त्यहाँ जान सक्छ । यसै गरी कोही निम्नस्थ ग्रहप्रणालीमा पनि जान सक्छ र उसको इच्छा छ भने त्यहाँ बस्न पनि सक्छ । अन्तमा कोही व्यक्ति इच्छा गर्छ भने देवाधिदेव भगवान्को ग्रहमा (परम धाममा) समेत पस्न सक्छ । यो सबै हाम्रो तयारीको विषय हो । वस्तुतः हाम्रा भौतिक ब्रह्माण्डभित्रका समस्त ग्रहप्रणालीहरू अस्थायी हुन्छन् । कुनै विशिष्ट भौतिक ग्रहमा जीवनको अवधि निकै लामो हुन सक्छ तर भौतिक विश्वका सबै प्राणीहरू अन्ततोगत्वा विनाशका विषय हुन्छन् र तिनले अन्य शरीरको विकास गर्नु पर्ने हुन्छ । शरीर विभिन्न प्रकारका हुन्छन् । मानवशरीर एक सय वर्षसम्म जीवित रहन्छ जब कि कुनै कीराको शरीर बाह्र घण्टा मात्र रहन सक्छ । यस प्रकार विभिन्न किसिमका शरीरहरूको जीवन अवधि सापेक्ष हुन्छ । यदि कुनै व्यक्ति वैकुण्ठ लोक नामक आध्यात्मिक ग्रहलोकमा प्रवेश गर्छ भन्ने वस्तुतः उसले शाश्वत जीवन प्राप्त गर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो सनातन आनन्द र ज्ञान ले परिपूर्ण हुन्छ। प्रयत्न गरेमा मानव त्यो पूर्णतालाई प्राप्त गर्न सक्छ। यो कुरा भगवद्गीतामा वर्णित छ जहाँ भगवान् भन्नुहुन्छ – "कुनै व्यक्ति जसलाई देवाधिदेव भगवान्‌का बारेमा यथार्थ ज्ञान छ, भने मेरो प्रकृतिलाई प्राप्त गर्न सक्छ।"

धेरै मानिसहरू भन्ने गर्छन् "भगवान् महान् छन्" यो धेरै चल्ती उक्ति हो। वहाँ कसरी महान् हुनुहुन्छ भन्ने कुरा त प्रामाणिक शास्त्रबाट जान्न सकिन्छ र मानिसले त्यो जान्नै पर्छ। भगवद्गीतामा आफ्नो वर्णन गर्दै भगवान् भन्नुहुन्छः– "साधारण मानवको समान देखिने मेरो जन्म-ग्रहण वास्तवमा अनुभवातीत (अनुभव भन्दा परे) छ। "भगवान् यति दयालु हुनुहुन्छ कि वहाँ हाम्रो अगाडि सामान्य मानवको रुपमा आउनु हुन्छ, तर वहाँको शरीर वास्तवमा मानवशरीरको समान (साधारण) छैन। मूर्खहरू वहाँको बारेमा जान्दैनन् र वहाँलाई आफूहरू जस्तै (तुच्छ) मान्दछन्। यो पनि भगवद्गीतामा भनिएको छ :–

अवजनन्ति मां मूढा मानुषीं तनुमाश्रितम्।
परं भावमजनन्तो मम भूतमहेश्वरम्॥ ९.११

"जब म मानवीय शरीरमा अवतीर्ण हुन्छु, मूर्खहरू मेरो गिल्ला गर्छन्। तिनीहरू मेरो अनुभवातीत प्रकृति (परं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावं) तथा सारा अस्तित्वमाथि मेरो अधिकार शक्ति (भूतमहेश्वरम्) बारे जान्दैनन् ।" उपर्युक्त निर्देशनमा सही शास्त्र पढेको खण्डमा हामीले श्रीकृष्णलाई चिन्ने अवसर पाउने छौं र 'भगवान्को प्रकृति यस्तो छ' भन्ने एउटै तथ्य मात्र जान्यौं भने पनि मुक्त हुने छौं । मानवीय परिस्थितिमा भगवान्को सर्वोच्च, अन्तिम र सम्पूर्ण व्यक्तित्वलाई राम्ररी बुझ्नु असंभव छ तर भगवद्गीता, भगवान्का कथन (उपदेश) तथा आध्यात्मिक सहायताले हामी भगवान्लाई आफ्ना सामर्थ्यले भ्याएसम्म राम्ररी जान्न सक्छौं । वहाँलाई वास्तविक रूपमा जान्न सक्यौं भने यो शरीर छुट्ना साथै हामी भगवान्को राज्य (धाम) मा प्रवेश गर्न सक्छौं । श्रीकृष्ण भन्नुहुन्छः—

"त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन !"
(४-९)

"यस शरीरलाइ छोडेपछि ज्ञान प्राप्त गरेको व्यक्ति यस जडीय जगत्मा फेरि आउँदैन बरू आध्यात्मिक विश्वमा प्रवेश गर्छ र म तिर उन्मुख हुन्छ ।"

यसै उच्च वैज्ञानिक सिद्धान्तको सर्वसाधारण जनता समक्ष प्रचार गर्नु हाम्रो कृष्ण भावनामृत आन्दोलनको उद्देश्य हो र यसको प्रक्रिया निकै सरल छ । केवल 'हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे । हरे राम हरे राम राम राम हरे हरे ।' को पवित्र नाम संकीर्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारा कुनै पनि व्यक्तिले आफ्नु हृदय शुद्ध गर्छ र 'आफू भगवान् कै अभिन्न अङ्ग हूँ' र 'वहाँको सेवा गर्नु नै मेरो कर्तव्य हो' भन्ने ज्ञान प्राप्त गर्छ। यो प्रकृया निकै आनन्ददायी हुन्छ; हामी हरे कृष्णको मन्त्रको उचचारण गर्छौं, लयतालमा नाच्दछौं र स्वादिष्ट प्रसाद (नैवेद्य) भोजय गर्छौं। यस प्रकारको जीवनको आनन्द लिंदा हामी आफ्नो आगामी जीवनमा भगवान्को राज्य वा धाममा प्रवेश गर्ने तयारीमा हुन्छौं। यो काल्पनिक होइन बरू वास्तविक कुरा हो। यद्यपि सर्वसाधारणले यसलाई काल्पनिक मान्न सक्छन्, भगवान्लाई चिन्न खोज्ने गम्भीर व्यक्तिको हृदयभित्रबाट श्रीकृष्ण प्रकट हुनुहुन्छ। श्रीकृष्ण-को साथ साथै आध्यात्मिक गुरू दुबै श्रद्धावान् व्यक्तिको सहायता गर्छन्। वस्तुत: आध्यात्मिक गुरू भगवान्को बाहिरी दृश्यमान स्वरूप हुन्। भगवान् प्रत्येक व्यक्तिको हृदयमा परमात्माको रुपमा निवास गर्नुहुन्छ। परमेश्वर-लाई बुझ्ने प्रयत्नमा गंभीर रहेको व्यक्तिलाई परमात्माले सुयोग्य आध्यात्मिक गुरूलाई निर्देशन दिएर सहायता गर्नुहुन्छ। यस प्रकार आध्यात्मिक शिक्षार्थीले बाह्य र भित्र दुबै दिशाबाट सहायता पाउँछ।

भागवत् पुराण अनुसार परम् सत्यको यथार्थ ज्ञान तीन चरणमा सम्पन्न हुन्छ। प्रथमतः "पूर्ण अव्यक्त" अर्थात अव्यक्त ब्रह्म हुन्छ। अर्को चरणमा परमात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् ब्रह्मको स्थानीय कृत (एकै स्थानमा रहने) पक्ष हुन्छ । अणुको न्युट्रोनलाई परमात्माको प्रतिनिधिको रूपमा लिन सकिन्छ, जो परमाणुभित्र पनि प्रवेश गर्छ । तसको वर्णन ब्रह्मसंहितामा पाइन्छ । तर अन्तमा सर्वोच्च दिव्य शक्तिको यथार्थज्ञान सर्वोत्कृष्ट व सर्वाकर्षक श्रीकृष्णको रूपमा हुन्छ जो ऐश्वर्य, बल, कीर्ति, सौन्दर्य, ज्ञान र वैराग्य जस्ता अचिन्त्य शक्तिले परिपूर्ण हुनुहुन्छ । श्रीराम र श्रीकृष्णले मानवसमक्ष अवतार लिदा यी ६ वटा दैवी शक्तिहरूलाई पूर्णरूपले देखाउनु भएको छ । शुद्ध भक्तहरू जस्तो मानव मात्र स्पष्ट शास्त्र प्रमाणको आधारमा श्रीकृष्णलाई चिन्न सक्छन्, तर अन्य मानवहरू जडीय शक्तिको प्रभावले गर्दा भ्रममा पर्दछन् । यस कारण परम सत्य भनेको 'परम पुरूष' हुन् जसको कुनै जोडा वा प्रतिद्वन्द्वी छैन अर्थात् उनी 'अनुपम' र बेजोड (अप्रतियोगी) छन् । अव्यक्त ब्रह्मतेज भनेको भगवान्को अनुभवातीत शरीरका किरण हुन् जसरी कि सूर्यका किरण सूर्यबाट उद्भूत हुन्छन् ।

विष्णुपुराणको अनुसार जड-शक्तिलाई 'अविद्या' वा अज्ञान भनिन्छ र यो इन्द्रिय सुखका व्यर्थका क्रियाकलापमा देखिन्छ । यद्यपि भौतिक शक्तिले प्राणीको स्वभावलाई इन्द्रिय सुखको निम्ति मोह र बन्धनमा सहजै झुक्ने किसिमको बनाउँछ तथापि प्राणी मूलतः जडभिन्न वा आध्यात्मिक शक्तिको हुन्छ । यस अर्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणी घनात्मक शक्ति हुन्छ जब कि जड पदार्थ ऋण शक्ति हुन्छ । जब पदार्थ सीधै आध्यात्मिक पूर्णताको अभिन्न अंग भएको उच्चतर आध्यात्मिक अथवा जडभन्दा भिन्न शक्तिको साथ सम्पर्क हुँदैन तब सम्म विकसित हुँदैन । प्राणीहरू द्वारा प्रदर्शित आध्यात्मिक शक्तिको विषयवस्तुलाई सामान्य मानिसले बुझ्न सक्तैन । उसको निम्ति यो ज्यादै नै जटिल विषय हुन्छ यस कारण उसलाई यस कुरामा आश्चर्य लाग्छ । कहिलेकाहीं आफ्ना अपूर्ण इन्द्रियहरूको माध्यमले यस विषयमा आंशिक रूपले बुझ्न सक्छ तर पूर्ण रूपमा भने ऊ यो बुझ्न असफल नै हुन्छ । यस कारण सर्वोच्च आप्त (अधिकृत) पुरुष श्रीकृष्ण बाट अथवा शिष्य परंपरामा वहाँको प्रतिनिधित्व गर्ने विशिष्ट भक्तबाट सुन्नु अर्थात् ज्ञान प्राप्त गर्नु) सबभन्दा उत्तम कुरा हुन्छ ।

यो कृष्ण भावना आन्दोलन भगवान्‌लाई बुझ्ने उद्देश्यले चलाइएको हो । आध्यात्मिक गुरु श्रीकृष्णका जीवन्त प्रतिनिधि हुन् जो प्राणीलाई बाह्य रूपले सहायता गर्छन् तथा परमात्माको रूपमा श्रीकृष्ण उसलाई आन्तरिक रूपले सहायता गर्नु हुन्छ । यस्तो निर्देशनमा फाइदा उठाई प्राणीले आफ्नो जीवनलाई सफल बनाउन सक्छ । हामी प्रत्येक सँग यस आन्दोलनको मर्म बुझ्न अधिकृत साहित्य पढ्ने अनुरोध गर्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले निम्नलिखित ग्रन्थ प्रकाशित गरेका छौं : 'भगवद्गीता' यथारूप (भगवद्गीता : आएज इट इज), 'चैतन्य महाप्रभुका उपदेश' (टीचिङ्गज अफ् लोर्ड चैतन्य). 'श्रीमद्भागवतम्', भगवान् श्रीकृष्ण (कृष्ण, दि सुप्रीम् पर्सनालिटी अफ् गडहेड) र 'भक्ति रसामृत' (द नेक्टर अफ डेभोशन)। हामी अनेक भाषामा प्रत्येक महिना निस्कने 'भगवान् भएतिर फर्क' भन्ने पत्रिका पनि प्रकाशित गर्दैछौं। मानव समाजलाई जन्म-मृत्युको भुमरीमा परी खाल्टोमा खस्नुबाट जोगाउनु हाम्रो लक्ष्य रहेको छ।

प्रत्येक व्यक्तिले श्रीकृष्णको समीप पुग्ने प्रयास गर्नु पर्छ। आफ्नो 'भगवान भएतिर फर्क' भन्ने पत्रिकामा हामीले "विश्वभन्दा पर" शीर्षकको एक लेख प्रकाशित गरेका छौं। यस लेखमा भगवद्गीतामा बताइएको ज्ञानको आधारमा यस विश्वभन्दा पारीको स्थानको बयान गरिएको छ। भगवद्गीता ज्यादै नै लोकप्रिय पुस्तक हो। यसका अनेक संस्करणहरू अमेरिका र भारतबाट पनि प्रकाशित भएका छन्। दुर्भाग्यवश अनेकौं दुर्जनहरू भगवद्गीताको उपदेश दिन पश्चिममा आएका छन्। तिनलाई दुर्जन किन भनेको भने तिनीहरू वास्तविक जानकारी नदिएर धोका दिने वा बहकाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम गर्छन् । वस्तुतः भगवद्गीताको संस्करण (*भगवद्-गीता, आएज् इट इज्*) मा प्रामाणिक रूपले आध्यात्मिक प्रकृतिको वर्णन गरिएको छ ।

इन्द्रियानुभूत (अर्थात् चक्षु आदि इन्द्रियहरूद्वारा अनुभव गर्न सकिने, दृश्यमान) अन्तरिक्ष प्रकृति भनिन्छ । तर अर्को पनि प्रकृति छ, जो उत्कृष्ट किसिमको हुन्छ । इन्द्रियानुभूत अन्तरिक्ष निम्नकोटिको प्रकृति हो । यस भन्दा परको अर्को प्रकृतिलाई सनातन वा शाश्वत प्रकृति भनिन्छ । यो बुझ्न सरल छ; प्रत्येक वस्तु जसको अनुभव इन्द्रिय-हरूद्वारा गर्न सकिन्छ तर त्यो अस्थायी हुन्छ । यसको अझ स्पष्ट उदाहरण स्वयं हाम्रो शरीर छ । जस्तै कुनै व्यक्ति तीस वर्षको छ भने तीस वर्ष भन्दा अगि उसको शरीर दृश्यमान थिएन र अर्को पचास वर्षपछि त्यो पुनः अदृश्य हुने छ । यो वास्तविक प्राकृतिक नियम हो । यो पुनः समुद्रमा बारंबार आउने र जाने लहर झैं दृश्यमान छ र यसको फेरि विनाश हुन्छ । वस्तुतः जडवादीहरूको मरणशील जीवनसंग मात्रै प्रयोजन हुन्छ, जो कुनै बेला पनि समाप्त हुन सक्छ । जस्तै यो शरीर मर्छ र जसरी यो सारा विश्व खतम हुन्छ, मानव भाग्यवान् वा अभागी जे भएता पनि, यो ग्रहलोकमा होस् वा अर्को ग्रहलोकमा होस् उसको विशाल जडभूत शरीर नाश हुने नै छ, प्रत्येक जडवस्तु खतम हुने छ । यस स्थितिमा हामीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किन आफ्नो अमूल्य समय यस्तो कुनै ग्रहलोकमा जाने प्रयासमा व्यर्थ गुमाउने, जहाँ प्रत्येक वस्तु नाशवान् हुन्छ? हामीहरूले त कृष्णलोक जाने प्रयास गर्नुपर्छ । यही आध्यात्मिक विज्ञान हो, यसलाई बुझ्ने प्रयास हामीले गर्नैं पर्छ र बुझे पछि यो सन्देश हामीले सम्पूर्ण विश्वलाई सिकाउनै पर्छ । प्रत्येक व्यक्ति अज्ञानरूपी अन्धकारमा छ । यद्यपि विण्डावादीहरू अज्ञानी छन् तथापि तिनमा घमण्ड निकै हुन्छ । तर वास्तवमा दश वर्षको प्रयास पछि चन्द्रमामा पुग्नु र त्यहाँबाट चट्टानको एक टुक्रा लिएर फर्कनुलाई ज्ञानको प्रगति भन्न मिल्दैन । अन्तरिक्ष यात्री अभिमान गर्दै भन्ने गर्छन्: "लौ, मैले चन्द्रमालाई छोएँ," तर यसबाट तिनले के पाए ? त्यहाँ हामी बस्न समर्थ भयौं भने पनि त त्यो अवधि धेरै लामो हुन सक्तैन । अन्ततोगत्वा त्यो पनि अथात् चन्द्रलोक पनि सबै नष्ट हुने नै छ ।

यस्तो ग्रहलोकको खोजी गर्नुस्, जहाँ पुगेपछि पुनः फर्कन नपरोस्, जहाँको जीवन शाश्वत अथवा अनन्त होस् र जहाँ व्यक्ति श्रीकृष्णको साथ नाच्न सकोस् । यही नै कृष्ण भावनामृतको वास्तविक प्रयोजन हो । यस आन्दोलनलाई गंभीरताले लिनुस्, किनभने कृष्ण भावनाले व्यक्तिलाई श्रीकृष्ण सम्मुख पुऱ्याई र शाश्वत रूपमा वहाँसँग नृत्य गर्ने मौका दिन्छ । यो [illegible] [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्को समस्त सृष्टिको एक चौथाई दृश्यमान अंश हो भन्ने कुरा वैदिकसाहित्यबाट हामी जान्दछौं। भगवान्को सृष्टिको बाँकि तीन चौथाई सृष्टि त आध्यात्मिक जगत् हो। यो तथ्य भगवद्‌गीतामा पाइन्छ, जहाँ श्रीकृष्ण भन्नु हुन्छ, "यो जो जडभूत जगत् संपूर्णको एक अंश मात्र हो"। आकाशमा हामी अति धेरै हेर्न सक्छौं, त्यहाँ सफा हेर्दा पनि हाम्रो दृष्टि केवल एक विश्व (ब्रह्माण्ड) भित्र नै सीमित रहन्छ। यसै जडरूप जगत् भित्र एक अर्काको समीपमा पुञ्ज वा समूहको रूपमा रहेका असंख्य विश्वहरू छन्। ती असंख्य विश्वको पुञ्ज भन्दा पर आध्यात्मिक आकाश छ। यसको उल्लेख पनि भगवद्‌गीतामा भएको छ। भगवान् भन्नु हुन्छ "जडभूत विश्व भन्दा पर अर्को प्रकृति छ जो चिरस्थायी, अनादि र अनन्त छ।" जसको आरंभ अर्थात् आदि छैन र जसको अन्त छैन त्यस्तो बयान गर्दा 'शाश्वत' वा 'सनातन' भन्ने शब्द उपयुक्त हुन्छ। अतः वैदिक धर्मलाई 'सनातन' (शाश्वत) भनिन्छ। यो कहिले आरंभ भयो, कसैले भन्न सक्दैन। ईसाई धर्मको दुइ हजारवर्षको इतिहास छ। तर वैदिकधर्मको आरंभबारे जान्न कोशिश गर्दा कसैले पनि यो जान्न सक्दैन। यसै कारण यसलाई 'सनातन धर्म' भनिन्छ।

भगवान्ले यो जड जगत्‌को सृष्टि गर्नु भयो' भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो भनाई सत्य हो यस भनाईले भगवान् सृष्टि भन्दा पहिलेदेखि नै हुनुहुन्छ भन्ने कुराको संकेत गर्छ । स्वयं 'सृष्टि भएको' वा सिर्जित भन्ने शब्दले पनि दृश्यमान जगत्को सृष्टि हुनु अगि भगवान्को अस्तित्व थियो भन्ने तथ्यलाई औंल्याउँछ । अतएव भगवान् सृष्टि अन्तर्गत हुनुहुन्न । यदि भगवान् सृष्टि अन्तर्गत पर्नुहुन्थ्यो भने वहाँ पनि यस जडात्मक जगत्को सृष्टिका विषय बन्नु हुन्थ्यो । अतः वहाँ कसरी सृष्टि गर्न सक्नु हुन्थ्यो ? किन्तु भगवान् सृष्टिको अन्तर्गत होइन, वहाँ त सृष्टिकर्ता वा स्रष्टा हुनु हुन्छ अतएव वहाँ शाश्वत वा सनातन हुनुहुन्छ ।

आध्यात्विक आकाशको अस्तित्व छ, जहाँ अनेकौं आध्यात्मिक ग्रहलोकहरू र असंख्य आध्यात्मिक वा मुक्त प्राणीहरू छन् परन्तु ती मध्ये जो प्राणी आध्यत्मिक जगत्मा बस्न योग्य हुँदैनन् जड जगत्मा पठाइन्छ । यो भौतिक शरीरलाई हामीले आफ्नै खुशीले अपनाएका छौं, यद्यपि हामीले यसो गर्न हुँदैन थियो; हामी त वस्तुतः आत्मा हौं । यस्तो शरीरलाई हमीले कहिले र कसरी अपनायौं, यो बुझ्न सकिंदैन । वास्तवमा पहिले नै बद्ध आत्माले जडशरीरलाई ग्रहण गर्‍यो भन्ने कुराको इतिहास कसैलाई ज्ञात हुँदैन प्राणीहरूका प्रकार (योनि) चौरासी लाख छन्, जसमध्ये नौ लाख जीव पानीका हुन्छन् र बीस लाख जीव वनस्पतिस्वरूपका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । दुर्भाग्यवश, कुनै पनि विश्वविद्यालयमा वैदिक ज्ञानको पठन पाठन हुँदैन । परन्तु यो ज्ञान वास्तविक हो । वनस्पतिशास्त्री तथा मानवशास्त्रीहरूलाई वैदिक निष्कर्ष-माथि अनुसन्धान गर्न देऔं । डारविनको जैव पदार्थको विकासवादी सिद्धान्त वस्तुतः विज्ञानको क्षेत्रमा निकै नै महत्त्वपूर्ण सिद्धान्त हो । तर भागवतपुराण र अन्य वैज्ञानिक महत्त्वका अधिकृत शास्त्रहरूले विभिन्न किसिमका प्राणीशरीरहरू एक पछि अर्कोमा कसरी विकसित भए भन्ने कुरा बयान गरेका छन् । यो नयाँ विचार होइन, तर शिक्षाशास्त्रीहरू डारबिनको सिद्धान्तमाथि मात्र जोर दिइरहेछन् । यद्यपि यस भौतिक जगत्मा प्राणीहरूले जीवित रहने परिस्थितिहरूबारेको प्रभूत ज्ञान हामी वैदिकसाहित्यमा प्राप्त गर्दछौं ।

भौतिक जगत्का अनेकौं विश्वहरूका समस्त प्राणीहरूमध्यें हामी त केवल एक सानो अंश मात्र हौं । जो जड जगत्मा छन् र जडीय शरीर धारण गरिरहेछन् तिनको निन्दा गरिएको छ । उदाहरणार्थ, सरकार कैदीहरूको निन्दा गर्छ तर तिनको संख्या समस्त जन-सख्याको सानो अश मात्र हुन्छ । यसरी समस्त जनसंख्या जेलमा हुन्छ भन्ने होइन; केही मानिसहरू जो देशको कानूनको पालन गर्दैनन्, जेल पठाइन्छन् । यसै प्रकार यस जड जगत्मा आबद्ध आत्माहरू भगवान्को सृष्टिका समस्त प्राणीहरूको एक आंशिक भाग मात्र हुन् । जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्को आज्ञा पालन गरेनन् अथवा श्रीकृष्णका आज्ञा बमोजिम कर्म गरेनन् ती मानिसहरू मात्र भौतिक जगत्मा पठाइएका हुन् । यदि कुनै व्यक्ति संवेदन शील र जिज्ञासु छ भने उसले बुझ्ने कोशिश गर्नु पर्छ "मलाई किन यस बन्धन ग्रस्त जीवनमा राखिएको हो ? म दुःख पाउन चाहन्नँ ।"

शरीर र मनसँग सम्बन्धित तीन किसिमका दुःख हुन्छन् । हवाईमा मेरो घर अगाडि एउटा मानिसले केही पशु र पंछीलाई मार्नाका निम्ति पालेको छ । यो उदाहरण मैले आफ्ना शिष्यहरूलाई दिएँ, "यी पशुहरू यहाँ डुबिएका छन्, तिनीहरूले तिनलाई 'ए मेरा प्यारा पशुहरू हो तिमीहरू यहाँ किन उभिरहेछौ ?, भाग, तिमीहरू बगरेकहाँ काटिन लगिनाका लागि होउ' भन्यौ भने तिनीहरू यहाँबाट जान सक्तैनन् । तिनीहरूको बुद्धि हुँदैन ।"

ज्ञान र बचने उपाय विना दुःख पाउनु पशु-जीवन हो । जो मानिस स्वयंले दुःख पाइरहेको कुरा बुझ्दैन र आफू ठीक छु भन्ने सोच्दछ त्यो पशुचेतनामा हुन्छ न कि मानव चेतनामा । मानव जड जगत्मा त्रिविध तापको दुःखनुभवबारे जानिफकार हुनुपर्छ । उसले जन्म, रोग, बुढौती र मृत्युमा भोगिने दुःखबारे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जान्नै पर्छ र कसरी ती दुःखहरूबाट मुक्ति पाउने भन्ने बारेमा जिज्ञासा राख्नै पर्छ । यही नै वास्तविक अनुसन्धानकार्य हो ।

जन्मको प्रारंभ भएदेखि नै हामीले दुःख पाइरहेका छौं । नौ महिनासम्म मानव आमाको गर्भमा हावा छिर्न नसक्ने थैलीमा बन्द भए झैं रहन्छ जहाँ ऊ चलमल गर्न पनि सक्तैन र अनेकौं कीराहरूले उसलाई टोकिरहेका हुन्छन् जसको ऊ विरोधसम्म गर्न सक्तैन । जन्मेपछि पनि शिशुको दुःख जारी नै रहन्छ । निसन्देह आमाले उसको हेरचाह गर्छे, तर पनि बच्चा रोइरहन्छ; उडुसले टोकेर अथवा पेट दुःखेर पनि हुन सक्छ । उसलाई कसरी फुल्पाउने आमालाई यो थाहा हुँदैन । यसरी प्राणीले गर्भमै रहँदादेखि दुःख पाउन सुरु गर्छ । जन्मे पछि जसै बढ्दै जान्छ दुःखको मात्रा पनि बढ्छ । ऊ विद्यालय जान चाहँदैन उसलाई यसो गर्न बाध्य गरिन्छ । ऊ पढ्न चाहँदैन तर गुरुले काम गर्न दिन्छन् आदि आदि । आफ्ना जीवनको विश्लेषण गर्ने हो भने हामी आफ्नो जीवन दुःखमय छ भन्ने वास्तविकता जान्दछौं । हामी यहाँ किन आएका छौं ? प्रतिबन्धित व्यक्ति अर्थात् आत्मा त्यति बुद्धिमान् हुँदैन वा हामीले किन दुःख पाइरहेछौं त्यसको पत्ता लगाउनै पर्छ । त्यसबाट बच्ने कुनै उपाय छ भने त्यसबाट फाइदा उठाउनु नै पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी शाश्वत रुपमा भगवान्सँग सम्बन्धिव छौं तर कुनै कारणले हामी हाल भौतिक कारणले दूषित भएका छौं । त्यसकारण हामीले कुनै यस्तो प्रक्रिया अपनाउनु पर्छ जसद्वारा पुनः हामी आध्यात्मिक जगत्तिर फर्कन सक्छौं । आध्यात्मिक जगत्सँग संबद्ध गर्ने त्यो प्रक्रिया हो जसलाई 'योग' भनिन्छ जसको वास्तविक अनुबाद 'जोड' भन्ने हुन्छ । हालको स्थितिमा हामी भगवान्बाट वियुक्त छौं । जब हामी स्वयंलाई भगवान्सँग जोड्छौं अर्थात् संयुक्त हुन्छौं, तब मात्र हाम्रो जीवन पूर्ण हुने छ । जीवितावास्थामा नै हामीले पूर्णताको विन्दुमा पुग्ने अभ्यास गर्नुपर्छ र मृत्युको वेला भौतिक शरीर त्याग गर्दा त्यो पूर्णताको अनुभव गर्नु पर्छ । व्यक्तिले त्यतिखेर तयार रहनु पर्छ । उदाहरणार्थ' छात्रहरुले दुइ देखि पाँच वर्षसम्म अध्ययनको तयारी गर्नु पर्छ र अन्तिम परीक्षा नै तिनीहरूको तयारीको अन्तिम जाँच हुन्छ । त्यो जाँचमा पास भएपछि तिनीहरू डिग्री वा प्रमाण पत्र पाउँछन् । त्यस्तै प्रकारले जीवनको विषयको हाम्रो अन्तिम जाँच मृत्युको समयमा हुन्छ, जसमा पास भएमा हामी आध्यात्मिक जगत्मा पुग्न सक्छौं । मृत्यु वेलामा प्रत्येक कुराको जाँच हुन्छ ।

धेरै प्रचलित एउटा वंगली उक्ति छ, "पूर्णताको निम्ति व्यक्तिले जे गर्छ त्यो कुरा त्यसको मृत्युको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेला जाँचिन्छ। "मृत्युको समय शरीर छोड्दा हामीले के गर्नु पर्छ भन्ने कुराको बयान भगवद्गीतामा भनिएको छ। ध्यानी योगीको निम्ति श्रीकृष्ण भन्नुहुन्छ–

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदंसंग्रहेण प्रवक्ष्ये ॥

सर्व-द्वाराणि संयम्य मनो हृदि निरुध्य च।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥

८.११-१२/

"वेद शास्त्रका ज्ञाता ॐ कारको उच्चारण गर्ने संन्यास आश्रमका महान् ऋषि ब्रह्ममा प्रवेश गर्छन्। यस्तो पूर्णताको इच्छा गर्ने व्यक्तिले ब्रह्मचर्यको अभ्यास गर्छ। म तिम्रो समक्ष त्यो प्रक्रियाको व्याख्या गर्छु जसद्वारा व्यक्तिले मोक्ष प्राप्त गर्न सक्ने छ। सबै किसिमका इन्द्रियहरूको संयम नगर्नु नै योगावस्था हो। इन्द्रियहरूका सबै द्वार बन्द गरेर मनलाई हृदयमा स्थिर गरेर र प्राणवायुलाई शिरको टुप्पा (ब्रह्मरन्ध्र) मा स्थिर गरेर योगी योगधारणा गर्न सक्छ।"

योगशास्त्रमा यो विधिलाई 'प्रत्याहार' भनिन्छ जसको प्राविधिक भाषामा अर्थ 'विपरीत' (उल्टो) भन्ने हुन्छ। हाल जडात्मक सौन्दर्य हेर्ने काममा संलग्न भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो आँखालाई त्यस्तो सौन्दर्यसुखबाट हटाएर आन्तरिक सौन्दर्य हेर्ने काममा केन्द्रित गर्नुपर्छ। 'प्रत्याहार' यसैलाई भनिन्छ। यसै प्रकार व्यक्तिले आफ्नै अन्तःकरणबाट ॐ कारको ध्वनि सुन्नु पर्छ।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्।
यः प्रयति त्यजन्देहं स यात्ति परमां गतम्॥ ८.१३

"योग साधनामा बसेपछि परम अक्षर विन्यासको ॐ कार मन्त्रको उच्चारण गर्दै महान् भगवान्को बारेमा ध्यान गर्दै कसैले शरीर त्याग्छ भने ऊ निश्चित रुपले परम गति अर्थात् आध्यात्मिक ग्रहलोक (वैकुण्ठ लोक) मा पुग्ने छ।"

यस प्रकार सम्पूर्ण इन्द्रियहरूलाई आ-आफ्ना बाह्य कामगर्नुबाट रोक्नु पर्छ अर्थात् इन्द्रियहरू संयमन गर्नुपर्छ र मनलाई भगवान् विष्णु मूर्त्तिको ध्यानमा केन्द्रित गर्नु पर्छ। यही योगको पूर्णता अर्थात् योगसिद्धि हो। मन धेरै चंचल हुन्छ, यसै कारण त्यसलाई हृदयमा स्थिर गर्नु पर्छ। यस प्रकार मनलाई हृदयमा र प्राण वायुलाई शिरको टुप्पामा (ब्रह्मरन्ध्रमा) स्थिर गरिए पछि व्यक्तिले योगको सिद्धि प्राप्त गर्छ।

तब सिद्ध योगीले 'कहाँ जाने' भन्ने कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

निर्णय गर्छ । माथि भनिए झैं, असंख्य भौतिक ग्रहहरु हुन्छन् र ती भन्दा पारी आध्यात्मिक आकाश छ । यो जानकारी योगीले शास्त्रबाट प्राप्त गर्छन् । उदाहरणार्थ, मैले जसरी संयुक्त राज्य अमेरिका आउनु अगि पुस्तकहरूमा पढेर यसदेशबारे जानकारी पाएँ त्यसै गरी वैदिक शास्त्र पढेर उच्च ग्रहलोकहरू र आध्यात्मिक ग्रहलोकको बारेमा त्यहाँ पुग्नु भन्दा पहिले नै जानकारी प्राप्त गर्न सकिन्छ । यसरी नै योगीले प्रत्येक कुरा जानेको हुन्छ । ऊ जुन ग्रहलोकमा जान चाहन्छ त्यहाँ पुग्न सक्छ र उसलाई कुनै अन्तरिक्ष यानको सहायताको खाँचो हुँदैन ।

भौतिक वैज्ञानिकहरू अनेकौं वर्षदेखि प्रयासमा लागेका छन् र अझै सयौं वा हजारौं वर्षसम्म प्रयास गर्ने छन् तथापि ती कुनै ग्रहलोकमा पुग्न सक्ने छैनन् । वैज्ञानिक प्रक्रिया द्वारा ती १/२ ग्रहलोकमा पुग्न पनि संभव छ तर त्यो सामान्य (आम) प्रक्रिया होइन । अन्य ग्रहलोकहरूमा स्थानान्तरणको सामान्यतया स्वीकृत प्रक्रिया योगाभ्यास वा ज्ञानविधि हो । तर भक्ति विधिको प्रयोजन अन्य ग्रहलोकहरूको यात्रासँग हुँदैन । वस्तुतः जुन मानिसहरू परमपुरुष श्रीकृष्णको भक्तिमार्गमा लागेका छन्, तिनीहरू यस भौतिक जगत्को कुनै पनि ग्रहप्रति आकर्षित हुँदैनन् किनभने ती जुन सुकै ग्रहलोकमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

भौतिक अस्तित्वका चार तत्वहरु (जन्म, व्याधि जरा र मृत्यु) को अस्तित्व हुने कुरा जान्दछन् । यद्यपि केही ग्रहलोकहरुमा जीवनको अवधि अर्थात् आयु पृथ्वीको अपेक्षा निकै लामो हुन सक्छ तथापि मृत्यु त्यहाँ पनि छ । कृष्ण भावनाका भक्तहरू जन्म, व्याधि, जरा र मृत्युले युक्त भएको भौतिक जीवनलाई अनुभवातीत बनाइ दिन्छन् ।

यो झंझट र दुःखबाट मुक्ति पाउनु नै आध्यात्मिक जीवनको अर्थ हो । यसै कारण बुद्धिमान् मानिसहरु भौतिक जगत्को कुनै पनि ग्रहलोक वा उक्लने कोशिश गर्दैनन् । मानिसहरू चन्द्रमामा पुग्ने प्रयास गरिरहेका छन् र त्यसभित्र पस्न निकै कठिन छ । हामीले प्रवेश पाउन सकेको खण्डमा त्यहाँ बिताएको समय हाम्रो आयुमा थपिन्छ, हाम्रो आयु लंबिन्छ तर यो तथ्य हाम्रो वर्तमान शरीरमा लागू हुँदैन । यसै शरीरमा चन्द्रमामा प्रवेश गर्न खोज्ने हो भने निश्चित रुपमा हाम्रो तुरुन्तै मृत्यु हुने छ ।

कुनै ग्रहप्रणालीमा प्रवेश गर्दा त्यस व्यक्तिको शरीर उक्त ग्रहको निम्ति उपयुक्त हुनै पर्छ । प्रत्येक ग्रहमा अनुकूल हुने किसिमका शरीरधारी प्राणीहरू बसेका हुन्छन् । उदाहरणार्थ पृथ्वी नै लिउँ, हामी यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरमा पानी भित्र पस्न सक्छौं, तर पानी भित्र बाँच्न त सक्तैनौं । पन्ध्र, सोह्र ज्यादामा ज्यादा चौबीस घण्टा सम्म पानी भित्र बाँच्न सकौंला, यत्ति न हो ? वस्तुतः जलचरको शरीर पानी भित्रै बाँच्नको लागि अनुकूलित (उपयुक्त) हुन्छ । माछालाई पाखामा राख्दा के हुन्छ ? त्यो तुरुन्तै मर्छ । यसरी यस ग्रहमा समेत विशेष स्थान र परिस्थितिमा बाँच्न अनुकूल हुने प्राणीशरीरहरु हुन्छन् भने हामीले अरू ग्रहलोकमा प्रवेश गर्न खोज्दा त्यसको निम्ति उपयुक्त शरीर प्राप्त गर्ने प्रयास गर्नु पर्ने हुन्छ ।

कसैले योग क्रिया द्वारा आफ्नु आत्मालाई चन्द्र-लोकमा पुऱ्याउँछ भने आफ्नु आयु लम्ब्याउने छ । उच्चतर ग्रहलोकहरूमा एकदिन हाम्रो गणनाको छ महीना बराबर हुन्छ । यसरी त्यहाँका प्राणी हाम्रो गणना अनुसार दश हजार वर्षसम्म बाँचदछन् । यो विवरण वैदिक साहित्यको विवरण हो । उच्चतर ग्रहमा व्यक्तिले निस्सन्देह लामो आयु पाउन सक्छ, तर मृत्यु त्यहाँ पनि अवश्यंभावी छ; त्यहाँ दश हजार बीस हजार वा लाखौं वर्ष सम्म जीवन भएता पनि अन्तमा प्राणी मर्ने नै छ ।

वास्तवमा हामी मृत्युका विषय होइनौं, यो कुरा भगवद्गीताको आरंभमै भनिएको छ —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

"न हन्यते हन्यमाने शरीरे । (२.२०) हामी आत्मा हौं अत एव हामी शाश्वत छौं । त्यसो भए हामीले किन बारंबार जन्म र मृत्युलाई झेलिरहेका छौं ? यस किसिमले सोच्ने गर्नु बुद्धिमानी हो । कृष्ण भावनामृतसंघ संग सम्बन्धित व्यक्तिहरू निकै बुद्धिमान् छन्, आयु केही लंबिने भएता पनि कुनै पनि मर्त्य ग्रहमा जाने चाख लिंदैनन्, यस्ता ग्रहमा मृत्यु अवश्यंभावी हुन्छ । तिनीहरू त भगवान् कै जस्तो शरीर प्राप्त गर्न चाहन्छन् । ब्रह्म संहिता अनुसार (५.१) "ईश्वरः परमः कृष्णः सच्चिदानन्दविग्रहः" भगवान्‌को शरीर सच्चिदानन्द (सत्, चित् र आनन्द स्वरुपको छ) सत्‌को अर्थ शाश्वत चित्‌को अर्थ ज्ञानले परिपूर्ण र आनन्दको अर्थ वास्तविक सुखले परिपूर्ण भन्ने हुन्छ ।

हामीले आफ्नो, आनन्दका ढुकुटी, श्रीकृष्ण' नामक पुस्तिकामा भने झैं हामीले भगवान् श्रीकृष्णका नाम वा कुनै अन्य आध्यात्मिक जगत्‌मा उक्लन चाहेमा भगवान् कै समान ज्ञान र सुखले परिपूर्ण तथा शाश्वत अर्थात् 'सत्‌चिदानन्द' शरीर प्राप्त गर्नें छौं । अतः कृष्ण भावनामा सम्मिलित हुन चाहने व्यक्तिहरूको जीवनको ध्येय ती मानिसहरूको भन्दा भिन्न हुन्छ जो भौतिक जगत् भित्र कै अन्य राम्रा ग्रहमा गएर आफ्नो उन्नति गर्न चाहन्छन् । भगवान् श्रीकृष्ण भन्नु हुन्छः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ।। ८.१२] स्वयंलाई आध्यात्मिक जगतमा पुऱ्याउनु नै योगको सिद्धि हो ।

आत्मा शरीरभित्रको सूक्ष्म कण हो, जसलाई हामी देख्न सक्दैनौ । आत्मालाई योगभ्यास गर्ने व्यक्तिले शिरको सबभन्दा माथिल्लो भाग (ब्रह्मरन्ध्र)मा उठाउने अभ्यास गर्छ, उसको यो अभ्यास बाचुन्जेल चलिरहन्छ र उसले यसो गर्न र आत्मालाई ब्रह्मरन्ध्रलाई छेडेर बाहिर निस्कन सक्ने बनाउन सकेको खण्डमा उसलाई योग सिद्धि प्राप्त हुनेछ । तब ऊ आफूले चाहेको कुनै पनि लोक वा ग्रहमा पुग्न सक्छ । योगीको पूर्णता वा सिद्धि भनेको यही हो ।

यदि योगी चन्द्रमालाई हेर्न उत्सुक छ भने ऊ "पहिले चन्द्रमा कस्तो रहेछ हेरूँ, अनि अरू उच्चतर ग्रह लोकहरूमा पुगुँला" भनेर पर्यटकहरूले पृथ्वीभित्र यूरोप, क्यालिफोर्निया, क्यानाडा वा अरू कुनै देशहरूको यात्रा गरे झैं, अभीष्ट समयमा जुनसुकै ग्रहको यात्रा गर्न सक्छ । यसरी योगविधिद्वारा अनेक ग्रहहरूको यात्रा गर्न सम्भव छ तर पृथ्वीका जुनसुकै देशमा जाँदा भीसा र भन्सार व्यवस्थाको सामना गर्नु परे झैं योगीले ग्रहहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

यात्रा गर्नु अगि सम्पूर्ण योग्यता हासिल गर्नुपर्छ ।

कृष्णभावनामृत सङ्घका मानिसहरू केही लामो आयु पाइएता पनि अन्य नश्वर ग्रहलोकहरूको यात्रामा चाख लिदैनन् । योगीले आफ्नो मृत्युको समय ॐ यो अनुभवातीत संक्षिप्त ध्वनि तरङ्गको उच्चारण गर्नका साथै श्रीकृष्ण विष्णु भगवान्को स्मरण गर्दै (माम् अनुस्मर) पूर्णता वा सिद्धि प्राप्त गर्न सक्नेछन् । समस्त योगक्रियाको उद्देश्य मनलाई भगवान् विष्णुप्रति केन्द्रित गर्नु हो । निराकारीहरू भगवान् विष्णुको स्वरूपबारे कल्पना गर्न सक्छन् तर साकारवादी भक्तहरूले कल्पना गर्नुपर्दैन उनीहरू त परमप्रभु भगवान्को साक्षात् स्वरूपलाई देख्दछन् । कल्पनाको माध्यमले होस् वा प्रत्यक्ष रूपमा, भगवान् विष्णुको स्वरूपको स्मरण गरेर आफ्नो मनलाई केन्द्रित गर्नुपर्दछ । 'माम्' को अर्थ मलाई अर्थात् 'परमप्रभु भगवान् विष्णुलाई' भन्ने हुन्छ । आफ्नु मनलाई भगवान् विष्णुको ध्यानमा केन्द्रित गरी शरीर छोड्ने व्यक्ति मरेपछि आध्यात्मिक जगत्मा पुग्छ । वास्तविक योगीको अन्य ग्रहलोकमा प्रवेश गर्ने इच्छा हुँदैन किनभने यस्तो व्यक्ति अस्थायी र नश्वर लोकको जीवन पनि नश्वर हुन्छ भन्ने कुरा जान्दछ । यसैकारण तिनको चाहना त्यतापट्टि हुँदैन । यही बुद्धिमानी हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तो व्यक्तिहरू जो अस्थायी सुखसुविधा र नश्वर जीवनदेखि सन्तुष्ट हुन्छन् ती भगवद्गीता अनुसार बुद्धिमान् होइनन्– "जसको मस्तिष्क निकै नै कम हुन्छ त्यही व्यक्ति नश्वर वस्तुहरू प्रति चाख राख्छन् ।"– "अन्तवत्तु फलम् तेषां तद्भवत्यल्पमेधसाम् ।" यो भगवद्गीताको भनाइ हो । 'म शाश्वत हुँ, अतः किन मैले अस्थायी र नश्वर वस्तु प्रति चाख राख्ने ? यस्तो नश्वर अवस्थाको कसलाई चासो छ ? वास्तवमा कसैले पनि यस्तो जीवन चाहँदैन । हामी बहालको घरमा छौं र घरपट्टिले हामीलाई घर खालि गर्न भन्छ भने हामीलाई दुःख लाग्छ तर पहिलेको भन्दा राम्रो बहालको घर पाएमा हामीलाई पुनः दुःख लाग्दैन । हाम्रो सोचाई यस्तै हुन्छ । हामी मर्न चाहँदैनौं किनकि हामी शाश्वत छौं ।

भौतिक वातावरणले हाम्रो शाश्वततालाई अपहरण गर्छ । श्रीमद्भागवतमा भनिएको छ, "हाम्रो जीवनावधिलाई सूर्योदयबाट आरम्भ भई सूर्यास्त भएसम्म सूर्यले घटाइरहेको छ ।" प्रतिदिन हामी आफ्नो जीवनको आयु गुमाइरहेछौं । प्रतिदिन ५:३० बजे प्रातः सूर्योदय हुन्छ र ५:३० बजे साँझ सूर्यास्त हुन्छ भने यसरी हाम्रो जीवनको १२ घण्टाको आयु गुम्दो छ । यसरी गुमेको समय हामी कहिल्यै फिर्ता पाउँदैनौं । "प्रतिघण्टाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

१० लाख गरी १ करोड २० लाख रुपैयाँ दिन्छु कृपया मलाई ती १२ घण्टा फिर्ता दिनुस्" भन्दै हामीले वैज्ञानिकसँग अनुरोध गऱ्यौं भने उसले भन्न सक्छ "नाइँ, यो सम्भव छैन।" वास्तवमा वैज्ञानिकहरू यसो गर्न सक्दैनन्। यसैकारण 'सूर्योदयदेखि सूर्यास्तसम्म हाम्रो जीवनावधि घट्दो छ' भन्ने कुरा भागवतमा बताइएको हो।

समयलाई काल भनिन्छ; भूत, वर्तमान र भविष्य काल। जो आज वर्तमान छ त्यो 'भोलि' भूत हुनेछ र जो आज भविष्य हो सो भोलि वर्तमान हुनेछ। यही अवस्था हाम्रो शरीरको पनि छ। तर वास्तवमा हामी भने भूत, वर्तमान र भविष्यको श्रेणीमा आउँदैनौं, हामी त शाश्वत किसिमका छौं। अतएव मानिसले त्यो शाश्वतको उच्चतामा पुग्ने अर्थात् कसरी माथि उक्लँदै आत्मोन्नति गर्ने भन्नेबारे चासो लिनुपर्छ। मानवको विकसित चेतनालाई आहार, निद्रा, भय र मैथुन जस्ता पशुका स्वाभाविक क्रियामा लगाउने होइन बरु त्यस्तो चेतनाको उपयोग शाश्वत जीवन पाइने काममा सहायक हुने बहुमूल्य मार्गको खोजीमा गरिनु पर्दछ। शास्त्रमा भनिएको छ– सूर्य हाम्रो जीवनावधि प्रत्येक मिनेट, घण्टा र प्रतिदिन गर्दै घटाउँदो छ। तर यदि 'उत्तम श्लोक' अर्थात् पुण्यश्लोक भगवान्को विषयमा संलग्न रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेला बितेको समयको भने हरण हुन सक्तैन। कृष्ण भावना मन्दिरमा बिताइएका क्षण कसैले हर्न सक्तैन। यो यस्तो सम्पत्ति हो जो बढ्दै जान्छ, तर घट्दैन। शरीरलाई कसैले स्वस्थ राख्ने कोशिश गर्न सक्छ, तर यसो गर्न सक्तैन; आखिरमा शरीरको जीवनावधि गुम्ने छ। तर कृष्णभावनामृत संघमा प्राप्त गरेको अध्यात्म ज्ञानलाई सूर्यले हेर्न सक्तैन। यो ठोस सम्पत्ति बन्दछ।

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे।
हरे राम हरे राम राम राम हरे हरे॥

यस महामन्त्रको संकीर्त्तन गर्न अति सरल काम छ। संकीर्त्तन गर्दा बितेको समय शरीरको आयु झैं हरिने अर्थात् घट्दै जाने कुरा होइन। उदाहरणार्थ पचास वर्ष अघि म युवा थिएँ तर त्यो समय गुमिसक्यो, फर्काउन सकिंदैन। आफ्ना आध्यात्मिक गुरूबाट मैले पाएको आध्यात्मिक ज्ञानलाई कसैले हर्न सक्तैन, बरू मेरो आफ्नै काममा आउने छ। त्यो ज्ञान शरीर छोडेपछि पनि मेरै साथ जानेछ र यदि त्यो यस जीवनमा पूर्ण छ भने यसैले मलाई शाश्वत धाममा पनि पुऱ्याउने छ।

भौतिक तथा आध्यात्मिक दुबै किसिमका जगत् भगवान् श्रीकृष्णकै हुन्। हामी कुनै वस्तुका पनि मालिक होइनौं। समस्त वस्तुका स्वामी परमप्रभु भगवान् नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहुन्छ; जसरी जेलखाना र त्यसभन्दा बाहिर रहेका राज्यका समस्त वस्तु सरकारको हुन्छ। प्रतिबन्धित जीवन भौतिक जगत्को बन्दीगृहको जीवन झैं हुन्छ। कैदी एउटा कोठाबाट अर्को कोठामा आफ्नै ईच्छाले जान सक्तैन, उसले एउटै निर्धारित कोठामा बस्नै पर्छ। स्वतन्त्र रहेको मानिसमात्र एउटा घरबाट अर्को घरतिर जान सक्छ। समस्त गृह जेलका खोर झैं छन्। हामी चन्द्रमा तिर जाने कोशिश गरिरहेछौं तर यान्त्रिक माध्यमले यसो गर्न खोज्नु व्यवहारिक हुँदैन। हामी चाहे जुन देशका नागरिक छौं– भारतीय, अमेरिकी, चीनियाँ वा रूसी, बाँचनको लागि हामीलाई यही गृह 'पृथ्वी' दिइएको छ। हामी यो गृह छोड्न सक्तैनौ। यद्यपि लाखौं करोडौं ग्रहलोकहरू छन् हामीसंग यन्त्रहरू छन्, जसद्वारा ती मध्ये केहीमा केही क्षणका निम्ति जान पनि सक्छौं; तर पनि प्रकृतिका नियम भगवान्का नियमले गर्दा आबद्ध छौं। जसरी कि कोठामा थुनिएको कुनै मानिस उच्च अधिकारीको मर्जी बिना अर्को कोठामा जान सक्तैन। श्रीकृष्ण भगवद् गीतामा भन्नुहुन्छ, कसैले पनि एउटा कक्षाबाट अर्कोंमा जाने कोशिश गर्नु हुँदैन। यसले मानिसलाई सुख मिल्दैन। "म यस कोठामा छु, जेल अधिकृत (वार्डेन) लाई भनेर अर्को कोठामा सर्न पाए मलाई सुख मिल्ने छ" भन्ने कुरा कैदीले सोच्दछ भने, यो उसको गलत बिचार हुनेछ। जबसम्म व्यक्ति जेलको पर्खालभित्र रहन्छ, तबसम्म ऊ सुख पाउन सक्तैन। कोठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरेर अथवा पूँजीवादबाट साम्यवादतिर गएर हामी सुखी हुनेछौं कि भन्ने प्रयास गरिरहेका हुन्छौं। वास्तवमा सबै किसिमका वादबाट आफूलाई स्वतन्त्र गर्ने उद्देश्य हुनुपर्छ। व्यक्तिले यस भौतिकवादको 'वाद' बाट मुक्त हुनुपर्छ, अनि मात्र ऊ सुखी हुन सक्छ। कृष्णभावनामृत संघको कार्यक्रम यही नै हो।

परम प्रभुबाट हामी परामर्श पाइरहन्छौं। उहाँ भन्नुहुन्छ, "प्रिय अर्जुन, तिमी ब्रह्मलोक नामक उच्चतर ग्रहप्रणालीमा उकालो लाग्न सक्छौ; त्यसको चाहना गर्नु ठीकै हो, किनभने त्यहाँ जीवन (आयु) निकै लामो हुन्छ।" त्यहाँको आधा दिन यहाँका कति वर्ष बराबर हुन्छ, त्यो सम्म पनि हामी गणना गर्न सक्तैनौं; त्यो हिसाब हाम्रो गणितीय पद्धति भन्दा धेरै टाढाको विषय हुन्छ। तर ब्रह्मलोकमा समेत मृत्यु अवश्यंभावी छ। अतः श्रीकृष्ण भन्नुहुन्छ, "यस ग्रहबाट अर्को ग्रहमा आत्मोन्नति गर्न उक्लने अथवा सर्ने प्रयासमा आफ्नो समय खेरा नफाल।"

अमेरिकामा मैले देखेका मानिसहरू निकै चञ्चल छन्। तिनीहरू एकघरबाट अर्को घरमा, एक देशबाट अर्को देशतिर गइरहन्छन्। यहाँ यस्तो चञ्चलता छ किनभने मानिसहरू वास्तविक घरको खोजीमा छन्। तर यस ठाउँबाट जाने कामले हामीलाई शाश्वत जीवन दिंदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

 CC-0. In Public Domain. Digitization by eGangotri

शाश्वत जीवन त श्रीकृष्णसँग छ । उहाँ भन्नु हुन्छ, "प्रत्येक वस्तु मेरै हो र मेरो निवास वा धाम सबभन्दा उत्कृष्ट छ जसलाई गोलोक बृन्दावन भनिन्छ।" यदि कोही त्यहाँ जान चाहन्छ भने उसले केवल कृष्ण भावनामा भावुक हुनैपर्छ, साथै भगवान् श्रीकृष्ण कसरी देखा पर्नुहुन्छ र कसरी अदृश्य हुनुहुन्छ, उहाँको संघटनात्मक स्थिति के हो, हाम्रो संघटनात्मक अवस्था के हो, हाम्रो भगवान्सँगको सम्बन्ध के हो र जीवन कसरी यापन गर्ने भन्ने बारेमा बुझ्ने प्रयास गर्नुपर्छ । यी कुराहरूलाई वैज्ञानिक रूपले बुझ्ने कोशिश गर्नुस् । कृष्ण भावनाको प्रत्येक वस्तु वैज्ञानिक हुन्छ । यो निरर्थक दृढ धर्मो, भावुक दुराग्रह पूर्ण अथवा काल्पनिक कुरा होइन बरु सत्य, वास्तविक र तथ्य हो । व्यक्तिले यथार्थ रूपमा श्रीकृष्णलाई बुझ्नु पर्छ ।

इच्छा भए पनि नभए पनि हामीले यो शरीर छोड्नै पर्छ । त्यो दिन आउने छ प्रकृतिका नियमको समक्ष हामीले झुक्नै पर्नेछ र शरीरलाई त्याग्नै पर्छ । राष्ट्रपति केनेडीले समेत आफ्नो जुलुसको अवसरमा प्रकृतिको नियमको अगाडि झुक्न परेको थियो र आफ्नो शरीरसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को शरीर साट्नु परेको थियो । "ए, म त राष्ट्रपति हुँ, श्रीकेनेडी हुँ, म त्यसो गर्न सक्तिनँ ।" केनेडीले यस्तो भन्न सकेनन् । उनी शरीर छोड्न बाध्य भए । प्रकृति यसैगरी आफ्नु काम गर्छ ।

प्रकृति कसरी कार्य गर्छ भन्ने कुराबारे बुझ्नु नै हाम्रो मानवीय चेतनाको उद्देश्य हो । यसको साथ साथ कुकुर, बिरालो, कीरा, रूख, पशु, पंछी र अरू जीवहरूमा पनि चेतना हुन्छ । तर हामी त्यस्तो चेतनामा बाँच्नको लागि सिर्जना गरिएका होइनौं । श्रीमद्भागवतमा भनिए-को छ– "अनेकौं जन्मपछि हामीले मनुष्य योनिमा जन्म पाएका छौं ।" हामीले यसको दुरूपयोग गर्नु हुँदैन । कृपा गरी यो मानवयोनिलाई कृष्णभावनामा विकसित गर्न उपयोग गर्नुहोस् र सुखी हुनुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दानुक्रमणिका

अनुभवातीत –अनुभवको सीमाभन्दा परको, बीज वा कारण भन्दा पर, transcendental.

अनन्त –जसको अन्त छैन अर्थात् सीमा र समाप्ति नभएको, भेउ पाउन नसकिने ।

अपराप्रकृति –अपराशक्ति, निकृष्ट अर्थात् भौतिक (जड) शक्ति; भगवान्‌को बहिरङ्ग शक्ति ।

अविद्या –अज्ञान, Nescience.

अव्यक्त –सृष्टिमा व्यक्त (प्रकट) नभएको स्थिति अदृश्यमान ।

अष्टाङ्गयोग –आठ ओटा अङ्ग भएको योग; कुनै अभीष्ट ग्रहमा स्थानान्तरण गर्ने (यात्रा गर्ने) उद्देश्यले शरीरका वायुहरूलाई नियन्त्रित गर्ने भौतिक कला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा –आध्यात्मिक स्फुलिङ्ग स्वरूपमा सम्पूर्ण जीवभिन्न कार्य गर्ने शाश्वत जीवतत्त्व । नश्वर शरीर र मन, बुद्धि, अहङ्कार आदिको शरीर त आत्माका बाह्य र सूक्ष्म आवरण मात्र हुन् ।

आनन्द –परम सुख; भगवान्को आनन्दस्वरूप ।

उत्तरायण –सूर्यले उत्तर तर्फ लाग्ने समय जसमा अग्निदेव र प्रकाशदेवले वातावरणको नियन्त्रण गर्छन् । अनुभवातीत तत्त्वको ज्ञाताले आफ्ना भौतिक शरीरको त्याग गरी जडभिन्न (आध्यात्मिक) जगत्मा पुग्न यसै शुभ कालको उपयोग गर्छन् ।

काल –शाश्वत समय ।

गुण –प्रकृतिका ढङ्ग, स्वरूप । यस्ता भौतिक गुण तीनवटा छन्– सत्त्वगुण, रजोगुण र तमोगुण ।

गुरु –आध्यात्मिक गुरु; तत्त्वज्ञान प्रदान गर्ने गुरु, आचार्य ।

चित्, चिद् –ज्ञानपूर्ण । भगवान्को ज्ञानस्वरूप ।

जडवाद –भौतिक, प्राकृत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जडवाद भिन्न– जड र जडवाद भन्दा भिन्न, विपरीत तत्व वा लोक; आध्यात्मिक वा दिव्य, भौतिकेतर Antimaterial.

जीव– जीवात्मा, जीवशक्ति; जीवन आत्मा अथवा जैविक शक्ति।

तमस्, तमः – तमोगुण; अज्ञानको जडवादी गुण।

धूम– अन्धकार कृष्ण पक्ष। यस पक्षमा मर्नेहरू उच्चतर लोकता जान सक्छन्, तर तिनीहरूलाई त्यहाँ पनि मृत्युको सामना गर्नुपर्छ र मरेपछि पुनः पृथ्वीमा फर्की जन्म लिनै पर्छ।

परा प्रकृति, परा शक्ति– शक्तिको उत्कृष्ट स्वरूप; भगवान्‌को अन्तरङ्ग शक्ति अथवा प्रकृति, जसले जडवादभिन्न लोकको सृष्टि गर्छ।

परा व्योम– चित्र विचित्र आध्यात्मिक ग्रह मण्डल जस अन्तर्गत सर्वोच्च भगवान्‌को सिर्जनशील शक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकांश तीन चौथाई भाग पर्दछन्। यसैलाई बैकुण्ठलोक पनि भनिन्छ।

पितृ, पिता– पितृहरू, पूर्वजहरू।

प्रत्यक्ष– आँखा र अन्य इन्द्रियहरूले अनुभव गर्न सकिने साक्षात्।

प्रत्याहार– इन्द्रियहरूका संपूर्ण द्वार बन्द गरी मनलाई हृदयमा स्थिर राखी प्राणवायुलाई शिरको टुप्पा अर्थात् ब्रह्मरन्ध्रमा स्थिर गरी सम्पन्न गरिने योगसाधनको प्रक्रिया।

ब्रह्म ज्योति– भगवान् श्रीकृष्णको आध्यात्तिक शरीरको प्रभमण्डल ज्योतिपुञ्ज।

ब्रह्मन्– भगवान्‌को अनुभवातीत शरीर-बाट उद्भूत प्रभा मण्डल।

ब्रह्मा– सिर्जित जडवादी विश्वका पहिला जीवित सत्ता, ब्रह्मा; यस ब्रह्माण्डका अधिष्ठाता देवता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मपाद– ब्रह्माको लोक (ब्रह्मलोक वा सत्यलोक) मा निवास ।

ब्रह्मरन्ध्र– शिरको (खप्परको) सबभन्दा माथिल्लो भागको छिद्र । प्राण-वायुलाई योगीले ब्रह्मरन्ध्रमा आधार गर्दै आफ्ना स्थूल र सूक्ष्म शरीरहरुलाई त्यागेर अनुभवातीत बैकुण्ठलोकमा पुग्छ ।

भक्तियोग– श्रीकृष्णप्रति प्रेम र भक्तिमय सेवा उत्कृष्ट शक्तिको क्रियाकलाप ।

भगवान्– सर्वैश्वर्य सम्पन्न, समस्त शक्तिहरु-का मूल स्रोत, जीवन्त परमात्मा ।

भाव– भगवान्सँग दिव्य प्रेम उब्जनु भन्दा पहिलेको अवस्था, आसक्ति । भगवान्को अनुभवातीत प्रकृति-लाई 'परं भावम्' भनिएको छ । गीता ९.११ ।

माया– मोह, भ्रान्तिः, असत्यलाई सत्य सम्झनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रजस् रजः – भौतिक भावावेगको गुण, रजो गुण ।

विभूति-भिन्नाम्– विशिष्ट चित्रविचित्र नैसर्गिक सम्पत्ति, जसको प्रत्येक ग्रहमा आफ्नै वातावरण हुन्छ र जसले एक ग्रहका प्राणीलाई अन्य ग्रहमा बाँच्नको लागि ढाल्ने वा अनुकूलन गर्ने शारीरिक र मनोवैज्ञानिक परिवर्तन गर्ने गर्छ। अन्यथा एक ग्रहका प्राणी जसले त्यसै वातावरणमा शरीरलाई ढालेको हुन्छ, जो अन्य ग्रहमा बाँचन नसक्ने हुन्छन्। प्रत्येक ग्रहमा आफ्नै किसिमको वातावरण र विशिष्ट प्राणी हुन्छन्। विभूतिको अर्थ विशिष्ट शक्ति र भिन्नाम्को अर्थ विभिन्न वा चित्रविचित्र हो।

विष्णु-मूर्ति– भगवान् विष्णुको स्वरुप, वहांको साकार मूर्ति ।

वेद– परम ज्ञान, पूर्णज्ञान, ज्ञान राशि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैकुण्ठलोक- हेर्नुस्- परा व्योम ।

शाश्वत- आदि र अन्त नभएर, सदा जीवित, सनातन । Eternal.

सच्चिदानन्द-विग्रह- सत् अर्थात् शाश्वत, चिद् अर्थात् ज्ञानले परिपूर्ण तथा आनन्द अर्थात् परम् सुखले सम्पन्न भगवान्‌को सिद्ध देह (शरीर) वा मूर्ति ।

सत्यलोक- भौतिक (जडवादी) जगत्‌को उच्चतम ग्रह यस लोकलाई ब्रह्म-लोक पनि भनिन्छ ।

सत्व- भलाई (असलपन) को भौतिक गुण, सत्वगुण ।

सनातन- सधैं रहने (शाश्वत) तत्व, शक्ति वा धाम, जसको न आदि हुन्छ न कुनै अन्त हुन्छ ।

सनातन धर्म- प्राणीहरु मात्रलाई सेवा प्रदान गर्ने शाश्वत प्रकृति । यस्तो धर्म जसको आदि र अन्त छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनातन धाम–	शाश्वत प्रकृति, भौतिक जगत् भन्दा धेरै टाढाको जडवाद भिन्न (आध्यात्मिक) आकाश । (वैकुण्ठ यसै अन्तरिक्षको लोक हो) ।
सांख्य शास्त्री–	यस्ता तार्किकहरू जो जडवादी तत्वहरुको सूक्ष्म रुपमा विश्लेषण र संश्लेषण सहित परीक्षण गर्दछन् । सांख्य शास्त्रीहरू प्रकृति र पुरुष सहित जम्मा २५ तत्व मान्दछन् ।
सिद्ध लोक–	भौतिक रूपमा पूर्णता प्राप्त गर्ने प्राणीहरूका ग्रहहरू । यी प्राणी-हरूको गुरुत्व, स्थान, समादि आदि नियन्त्रण गर्ने पूरा क्षमता हुन्छ ।
सोम रस–	चन्द्र ग्रहमा पान गरिने दिव्य पेय वस्तु ।
हरे–	भगवत् शक्तिको स्मरण गरिने एक प्रकारको सम्बोधन अर्थात् हे हरे ! भनो उच्चारण गरिने सम्बोधक शब्द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

b:address! . hindi

इस पुस्तक की विषयवस्तु के जिज्ञासु पाठकगण अपने निकटस्थ किसी भी इस्कॉन केन्द्र के सचिव से पत्र-व्यवहार करने के लिए आमन्त्रित किए जाते हैं :

अन्तर्राष्ट्रीय कृष्णभावनामृत संघ (ISKCON)

संस्थापक आचार्य : कृष्णकृपाश्रीमूर्ति श्री श्रीमद् ए. सी. भक्तिवेदान्त स्वामी प्रभुपाद

1. अगरतला, त्रिपुरा—हरे कृष्ण धाम, आसाम-अगरतला रोड, मारूप कार्यालय, बनमालीपुर, 799001
2. अहमदाबाद, गुजरात—पो. आ. ओढव, जि. ओढव, व्यापारी महामंडल इंडस्ट्रीयल एस्टेट के सामने, 382410/886382
3. अहमदाबाद, गुजरात—7, कैलाश सोसाइटी, मूक-बधिर स्कूल के सामने, आश्रम रोड, 380009/449935, 449945
4. इम्फाल, मणिपुर—हरे कृष्ण धाम, एयरपोर्ट रोड, 795001/21587
5. कलकत्ता, प. बंगाल—3, अलबर्ट रोड, 700017/443757, 446075, 434265
6. कोयम्बटूर—पो. आ. बा. 1188, आर.एस. पुरम्
7. गौहाटी, आसाम—श्री श्री रुक्मिणी-कृष्ण मंदिर, माउंट हरे कृष्ण, उलूबारी चराली, 781001 (पोस्ट बैग नं. 127)
8. चंडीगढ़, पंजाब—हरे कृष्ण धाम, दक्षिण मार्ग, सेक्टर 36-बी, 160036/44634,44592
9. चामोर्शी, महाराष्ट्र—78, कृष्णनगर धाम, जिला : गढ़चिरोली, 442603
10. छापपरिया (हरिदासपुर), प. बंगाल—ठाकुर हरिदास श्रीपतबारी सेवाश्रम, थाना : बनगाँव, जिला : चौबीस परगना
11. तिरुपति, आ. प्र.—37, बी टाइप, टी. टी. डी. क्वार्टर्स, विनायक नगर, के. टी. रोड, 517501/2285
12. त्रिवेन्द्रम, केरल—टी. सी. 24/1485, डब्ल्यू. एण्ड सी. हॉस्पिटल रोड, थाइकाउड (Thycaud) 695014/68197
13. सिलीगुड़ी, प. बं.—पो. आ. गितालपाड़ा, जिला : जलपाईगुड़ी, 734401/26619
14. नागपुर, महाराष्ट्र—70, हिल रोड, रामनगर, 440010/33513
15. नयी दिल्ली—एम-119, ग्रेटर कैलाश-1, 110048/6412058, 6419701
16. पंढरपुर, महाराष्ट्र—हरे कृष्ण आश्रम, चन्द्रभागा नदी के पार, जिला : सोलापुर, 413304
17. पटना, बिहार—राजेन्द्र नगर, रोड नं. 12, (बहादुरपुर गोमती के समीप), 800016/50689
18. पुना, महाराष्ट्र—4, तारापुर रोड, कैम्प, (लेडीज क्लब के सामने) 411001/660124
19. बंगलोर, कर्नाटक—हरे कृष्ण हिल '1' आर ब्लॉक, राजाजी नगर, सेकेंड स्टेज, 560010/359856
20. बम्बई, महाराष्ट्र—हरे कृष्ण धाम, जुहू, 400049/6206860, 6200870
21. बड़ौदा, गुजरात—18, हरे कृष्ण धाम, सुजाता सोसाइटी, गोत्री रोड, 390015/326299
22. बामनबोर, गुजरात—इस्कॉन, हरे कृष्ण आश्रम, एन. एच. नं. 88, जिला : सुरेन्द्र नगर, (फोन 97)
23. भाईंदर (प.), महाराष्ट्र—101-103, वालचन्द शॉपिंग सेंटर, महला माता, जिला : थाना, 401101/C/o 6982621
24. भुवनेश्वर, उड़ीसा—नेशनल हाइवे नं. 5, नयापली, 751001/53125, 55617
25. मद्रास, तमिलनाडु—59, बर्किट रोड, टी. नगर, 600017/662285, 662286
26. मायापुर, प. बंगाल—श्री मायापुर चन्द्रोदय मंदिर, पो. आ. श्री मायापुर धाम, जिला : नदिया
27. मोइरंग, मणिपुर—नौंगबन, ईगखोन, टिडिम रोड
28. राजकोट, गुजरात—32, अनन्त नगर, कलवाड़ रोड, 360003
29. वृन्दावन, उ. प्र.—कृष्ण-बलराम मन्दिर, भक्तिवेदान्त स्वामी मार्ग, रमणरेती, मथुरा/82478
30. वल्लभ विद्यानगर, गुजरात—गणेश भुवन, पॉलिटेक्निक कालेज के सामने, 388120/30796
31. सिल्चर, आसाम—हरे कृष्ण धाम, अम्बिका पट्टी, जिला : कछार, 788004
32. सूरत, गुजरात—श्री राधाकृष्णमंदिर, ओल्पद रोड, जहाँगीरपुरा, 395005/84215
33. हरिद्वार, उ. प्र.—धनदेवी हाउस, खुर्शेत भवन के पास, हर-की-पौड़ी, हरिद्वार, पो. बैग नं. 14, 249401
34. हैदराबाद, आ. प्र.—हरे कृष्ण धाम, नामपली स्टेशन रोड, 500001/551018, 552924

कृषि फार्म :

अहमदाबाद, गुजरात—नित्यानन्द सेवाश्रम, ओढव रोड, (चुंगी नाका के पास), ओढव, 886382

अहमदाबाद जिला, गुजरात—हरे कृष्ण फार्म, कटवडा (इस्कॉन अहमदाबाद से सम्पर्क करें)

हैदराबाद, आ. प्र.—पो. आ. डबिलपुर ग्राम, मेढचल तालुका, जिला : हैदराबाद, 501401

मायापुर, प. बंगाल—(श्री मायापुर मन्दिर से संपर्क स्थापित करें)

चामोर्शी, महाराष्ट्र—(चामोर्शी केन्द्र से सम्पर्क साधें)

रेस्तरां (भोजनालय) :

बम्बई—'न्यू गोविन्दा' (हरे कृष्ण धाम में)

वृन्दावन—कृष्ण-बलराम मन्दिर अन्तर्राष्ट्रीय अतिथि गृह

सूचना : आब्लिक (/) के पूर्व पिन कोड नम्बर है तथा आब्लिक (/) के बाद टेलीफोन नम्बर है (हैं)। उपर्युक्त भारतीय केन्द्रों के अतिरिक्त विदेशों में भी सैकड़ों केन्द्र एवं मन्दिर हैं, पूर्ण विवरण के लिए संपादक, भगवत्-दर्शन (हिन्दी) से पत्र-व्यवहार करें, अथवा निकटस्थ इस्कॉन केन्द्र से सम्पर्क साधें। अद्यतन अन्तर्राष्ट्रीय इस्कॉन-समाचार एवं सूचनाओं के लिए प्रतिमाह *भगवत्-दर्शन* पढ़ें।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ संस्थापकाचार्य
कृष्णकृपाश्रीमूर्ति
श्री श्रीमद् ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपाद सित



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu